*हाम्रो चन्द्रकोट, हाम्रो शान ।*

*समृद्ध चन्द्रकोट, हाम्रो पहिचान ।*

# चन्द्रकोट गाउँपालिका, गुल्मीको

## प्रथम आवधिक योजना (२०७९।८० देखी २०८३।८४)



# चन्द्रकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश

"समृद्ध चन्द्रकोट गाउँको सार : समग्र विकासको दिगो आधार"

# चन्द्रकोट गाउँपालिका, गुल्मीको

प्रथम आवधिक योजना (२०७९।८० देखी २०८३।८४)

आवधिक गाउँ बिकास योजना (आ.व.२०७९/८० - २०८३/८४)

प्रकाशक
चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी, लुम्विनी प्रदेश
सम्पर्क फोन : ०७९:४२०००३
वेभसाइटः https://chandrakotmun.gov.np/
इमेल : chandrakotrmun@gmail.com

प्राविधिक सहयोग
अलाना इन्टरनेशनल सर्विसेस प्रा लि,काठमाडौ

सर्वाधिकार
प्रकाशकमा

प्रकाशन वर्ष
२०७९

मुद्रक

## दुई शब्द

नेपालको जननिर्वाचित संविधान सभाले बनाएको “नेपालको संविधान” को धारा ४ मा उल्लेखित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य शक्तिको प्रयोग धारा ५६ (२) अनुसार संघ, प्रदेश र स्थानीय तहले धारा २३२ को सहकारिता, सहअस्तित्व र समन्वायको सिद्धान्तको आधारमा गर्नु पर्ने व्यवस्था गरिएको छ । यी तीनै तहको सरकारको काम गर्ने अधिकार क्षेत्र अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लेख गरिएको छ । स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकोले जनताको दैनिक जीवनको समस्या यसले नजिकबाट देखेको हुन्छ । ती समस्या समाधान गर्नको लागि योजनाबद्ध विकास गर्नु पर्ने हुन्छ । तसर्थ, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आवधिक योजना बनाउनु पर्ने व्यवस्था गरिएको हुँदा संघ र प्रदेश सरकार संग एक आपसमा तादम्यता हुने गरी यो आवधिक योजना बनाइएको छ ।

चन्द्रकोट गाउँपालिकाको सम्पूर्ण जनताको आवश्यकता र चाहना अनुसार आवधिक योजना बनाउनु एक चुनौतिपूर्ण कार्य हो । आवधिक योजनामा संविधानको भावना अनुसार नेपालको पन्ध्रौं योजनामा उल्लेख गरिएको सोच तथा लक्ष्य, दिगो विकास लक्ष्य, प्रदेश योजनाको लक्ष्यसंग तादम्यता हुनु पर्दछ । यो विषयलाई ध्यानमा राखी बनाइएको यस आवधिक योजना दस्तावेज अनुसार योजनाहरु बीचको तादम्यता मिलाइ आगामी वार्षिक योजना मार्फत कार्यान्वयन गरी गाउँबासीको आबश्यकता र चाहना संबोधन हुने अपेक्षा गरेको छु ।

यस गाउँपालिकाले आन्तरिक र वाह्य स्रोत साधनको उच्चतम परिचालन गरी प्रभावकारी योजना कार्यान्वयनबाट गाउँबासीको समुन्नती भई सन्तुष्टि प्राप्त गर्नेछ भन्ने विश्वास लिएको छु । यो योजना तर्जुमा गर्न स्थानीय जनता, गाउँपालिकाका संपूर्ण जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, योजना तर्जुमामा अहंम भूमीका खेल्नुहुने गाउँपालिकाका सम्पूर्ण कर्मचारी वर्ग लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न सम्पूर्ण महानुभावलाई हार्दिक धन्यावाद दिन चाहन्छु । यो योजना बनाउन प्राविधिक सहयोग गर्ने अलना इन्टरनेशनल सर्विसेस प्रा लि, डा बुद्धिमान श्रेष्ठ लगायत योजना तर्जुमा प्रकृयामा संलग्न सबैलाई हार्दिक धन्यावाद दिन चाहन्छु ।

द्रोण बहादुर खत्री

अध्यक्ष,

चन्द्रकोट गाउँपालिका

शान्तिपुर गुल्मी,लुम्बिनी प्रदेश

## दुई शब्द

स्थानिय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारक्षेत्र भित्ररहि स्थानीय तहले योजनावद्ध विकास गर्नुपर्ने मान्यता अनुसार यस चन्द्रकोट गाउँपालिकाको दीर्घकालीन सोंच हासिल हुने गरी गाउँपालिकाले यो प्रथम पञ्चवर्षिय आवधिक योजना बनाएको हो । यस प्रथम पञ्चवर्षिय आवधिक योजनाले गाउँपालिकाको समग्र विकासमा ठोस योगदान पु¥याउन सक्नेछ भन्ने अपेक्षा लिइएको छु ।

यस पालिकामा रहनु भएका सबै जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकारजगत, सरकारी तथा गैरसरकारी संस्थाहरुले यस आवधिक योजनाका लक्ष्यहरुलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रसंशनिय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजाने कार्यमा सहयोग गर्न सबैमा विनम्रता पुर्वक अनुरोध गर्न चाहन्छु । आवधिक योजनामा भएका योजनाहरुको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन  र हाम्रो मर्यादालाई आत्मसाथ गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै पालिकाले तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम वनाउनको लागि हामी सवै दृढ संकल्पका साथ अगाडि बढेमा विकासको प्रतिफल सवैले पाउने कुरामा दुईमत छैन साथै आवधिक योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण जनता, गाउँसभाका सदस्य, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत लगाएत सम्पूर्ण  कर्मचारी, परामर्शदाता सम्पुर्ण टिम लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

राधिका अर्याल
उपाध्यक्ष
चन्द्रकोट गाउँपालिका
शान्तिपुर गुल्मी, लुम्बिनी प्रदेश

## दुई शब्द

चन्द्रकोट गाउँपालिकाको सभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी पालिकाको आबधिक योजना निर्माण गर्ने कार्यक्रम अनुसार यो दस्तावेज तयार भएको छ । यस पालिकाको विकास र सम्बृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरु, किटान भएका कार्यक्रमहरु तथा योजनाहरु विनियोजन भएको बजेटको प्रभावकारिता स्थानीय स्तरमा त्यतिबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरुमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रुपमा अधिकत्‌म जनसहभागिता, साझेदारी प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन्‌ ।

यो आबधिक योजनाका तर्जुमाका क्रममा पालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्ष, उपादक्ष्य ज्यू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत कार्यालयका प्रमुख एवं राष्ट्रसेवकहरु आबधिक योजनामा तर्जुमा खट्‌ने सबै वडाका सचिव र कर्मचारी साथीहरु प्रति धन्यवाद दिन चाहन्छु । साथै यस आबधिक योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने सेवाप्रदायक लगायत टिमका सम्पूर्ण सदस्यहरु लाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

इन्द्र बहादुर क्षेत्री<br>
प्रमुख प्रशासकीय अधिकृत,<br>
चन्द्रकोट गाउँपालिका<br>
शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश

# विषयसूची

दुई शब्द ........ i

दुई शब्द ........ ii

दुई शब्द ........ iii

शव्द संक्षेपीकरण ........ iv

परिच्छेद - एक

परिचय

१.१ पृष्ठभूमि ........ 1

१.२ उद्देश्य ........ 1

१.३ योजना तर्जुमा चरण तथा विधि ........ 2

१.४ आवधिक योजना तर्जुमाका सीमाहरु ........ 4

१.५ चन्द्रकोट गाउँपालिकाको वस्तु स्थिति विवरण ........ 4

१.५.१ जनसंख्या विवरण ........ 5

१.५.२ भौगोलिक स्थिति ........ 5

क. धरातलीय अबस्था ........ 6

१.५.३ आर्थिक विकास स्थिति ........ 6

क. कृषि तथा पशु विकास ........ 7

ख. उद्योग व्यापार तथा खानी क्षेत्रको स्थिति ........ 8

१.५.४ सामाजिक विकास स्थिति ........ 9

क. शिक्षा तथा स्वास्थ्य ........ 10

ख. खानेपानी तथा सरसफाई ........ 12

ग. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ........ 12

१.५.५ भौतिक पूर्वाधार तथा वातावरण ........ 12

क. सडक ........ 13

ख. सूचना प्रविधि तथा सञ्चार क्षेत्रको स्थिति ........ 13

ग. वन तथा वातावरणीय स्थिति ........ 13

घ. जलस्रोत तथा जलाधर क्षेत्र ........ 14

ङ. जैविक विविधता र वातावरणीय सेवा ........ 14

च. विपद् जोखिम तथा व्यवस्थापन ........ 15

छ. विपद् व्यवस्थापनको पूर्वतयारी ........ 15

१.५.७ संस्थागत तथा सुशासनको स्थिती ........ 16

१.६ चन्द्रकोट गाउँपालिकाको विकास स्थितिको समीक्षा ........ 16

१.७ आर्थिक अर्न्तरसम्बन्ध ........ 17

परिच्छेद - दुई

प्रादेशिक योजना


२.१ पृष्ठभूमि ........ **18**

२.२ चुनौती र अवसर ........ **18**

२.३ योजना खाका ........ **21**

२.३.१ चन्द्रकोट गाउँपालिको दीर्घकालिन सोच ........ 21

२.३.२ प्रथम आवधिक योजनाको लक्ष्य ........ 23

२.३.३ परिमाणात्मक लक्ष्य ........ 23

२.३.४ आवधिक योजनाको उद्देश्य ........ 25

२.३.५ चन्द्रकोट गाउँपालिकाको रणनीति ........ 26

२.४ समष्टिगत आर्थिक लक्ष्य र खाका ........ **27**

२.४.१ आर्थिक बृद्धिदर ........ 27

२.४.२ लगानीको आवश्यकता र स्रोत ........ 28

२.४.३ सार्वजनिक स्रोत व्यवस्था ........ 28


परिच्छेद - तीन

समष्टिगत आर्थिक नीति


३.१ पृष्ठभूमि ........ **29**

३.१.१ सार्वजनिक खर्च ........ 30

३.१.२ राजस्व ........ 30

३.१.३ वैदेशिक सहायता परिचालन ........ 32

३.१.४ सार्वजनिक ऋण ........ 32

३.१.५ सार्वजनिक, निजी र सहकारी साझेदारी ........ 33

३.१.६ वैदेशिक लगानी ........ 33

३.२ आवधिक योजनाको लागि राजस्व प्रक्षेपण ........ **33**

३.३ विषयगत क्षेत्रका लागि राजस्व बाँडफाँड ........ **34**


परिच्छेद - चार

आर्थिक क्षेत्र


४.१ पृष्ठभूमि ........ **35**

४.२ कृषि विकास ........ **36**

४.३ पशुपन्छी विकास ........ **42**

४.४ सिँचाई ........ **44**

४.५ खनिज सम्पदा, उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन ........ **46**

४.६ श्रम तथा रोजगारी ........ **51**

परिच्छेद - पाँच

सामाजिक क्षेत्र

**५.१ पृष्ठभूमि......53**

**५.२ शिक्षा ......53**

५.३ स्वास्थ्य तथा पोषण ......57

**५.४ खानेपानी तथा सरसफाई......62**

**५.५ लक्षित क्षेत्र महिला, वालवालिका, जेष्ठ नागरिक......64**

५.५.१ महिला ......64

५.५.२ बालबालिका तथा किशोरकिशोरी......65

५.३.३ ज्येष्ठ नागरिक......66

५.५.४ अपांगता भएका व्यक्तिहरु ......67

**५.६ युवा तथा खेलकुद......69**

परिच्छेद - छ

पूर्वाधार क्षेत्र

**६.१ पृष्ठभूमि ......72**

**६.२ यातायात पूर्वाधार ......72**

६.२.१. सडक......72

६.१.२ केवलकार, रज्जुमार्ग तथा अन्य यातायात......74

६.१.३ यातायात व्यवस्थापन......74

६.२.२ शहरीकरण तथा वस्ती विकास......75

६.२.३ जल विद्युत तथा वैकल्पिक उर्जा......78

६.२.४ जलविद्युत......78

६.२.५ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार......79

परिच्छेद - सात

वातावरण तथा विपद व्यवस्थापन

**७.१ वातावरण......81**

**७.२ जलवायु परिवर्तन ......84**

**७.३ वन तथा वनस्पति सम्पदा......84**

परिच्छेद - आठ

लोकतन्त्र र सुशासन

**८.१ पृष्ठभूमि......88**

**८.२ राष्ट्रिय एकता......90**

**८.३ सुरक्षा ......91**

**८.४ शान्ति र सुव्यवस्था......91**

८.५ नेतृत्व निर्माण........................................................................................................................**92**
८.६ न्याय प्रणाली.............................................................................................................................**94**
८.७ प्रशासकीय सुशासन तथा संस्थागत क्षमता विकास .........................................................................**95**
८.८ जन्म तथा घटना दर्ता.................................................................................................................**99**
८.९ वित्तीय सुशासन .......................................................................................................................**101**

परिच्छेद - नौं

अन्तरसम्बन्धित विषय

९.१ पृष्ठभूमि..................................................................................................................................**104**
९.२ तथ्यांक प्रणाली.........................................................................................................................**105**
९.२ गरिबी निवारण ..........................................................................................................................106
९.४ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरु.................................................................................**109**

परिच्छेद - दश

योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

१०.१ योजना तर्जुमा .........................................................................................................................**111**
१०.२ आयोजना बैंक ........................................................................................................................**113**
१०.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था ..........................................................................................**114**
१०.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय .................................................................................**116**
१०.५ जोखिम व्यवस्थापन.................................................................................................................**117**
१०.६ अनुगमन तथा मूल्यांकन............................................................................................................**117**

अनूसूची - १

आवधिक योजनामा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजना .............................................................................**v**

अनूसूची - २

विषयगत आयोजना ........................................................................................................................**vi**
अनूसूची - ३...............................................................................................................................**xxxvi**
आवधिक योजना निर्माणका कममा लिएका केही फोटोहरु र छलफल गोष्ठीको उपस्थिति.........................................**xxxvi**

## शव्द संक्षेपीकरण

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| मा.वि | | माद्यमिक विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| नपा | : | गाउँपालिका |
| गापा | : | गाउँपालिका |
| प्रावि. | : | प्राथमिक विद्यालय |
| मावि. | : | माध्यमिक विद्यालय |
| मे टन | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि. | : | लिटर |
| व.नं. | : | वडा नम्वर |
| प्रप्रअ | | प्रमुख प्रशासकीय अधिकृत |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# परिच्छेद - एक
# परिचय

## १.१ पृष्ठभूमि

वर्तमान संविधानले आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने परिकल्पना गरिएको छ । यसका लागि सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागितामा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा विकास मार्फत तीव्र आर्थिक बृद्धि हासिल गर्ने लक्ष्य रहेको छ । दीगो आर्थिक विकास तथा श्रोत साधनको न्यायोचित वितरण मार्फत आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ ।

संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि ***आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना*** बनाई लागु गर्नुपर्ने व्यवस्था गरिएको छ । योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरु जारी भएका छन । संघ, प्रदेशवाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानुनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्वन गर्दै **चन्द्रकोट गाउँपालिकाले आवधिक गाउँ बिकास योजना** (२०७९/८० - २०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राज्य शक्तिको वाँडफाँड तथा पुर्नसंचरनाको क्रममा स्थानीय तहको रुपमा स्थापित चन्द्रकोट गाउँपालिकाले योजनावद्ध ढङ्गवाट गाउँपालिकाको विकास गर्ने उद्देश्यले पहिलो आवधिक योजना तर्जुमा भएको छ ।

चन्द्रकोट गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावनालाई सम्वोधन गरिएको छ । यस अनुसार आर्थिक बिकास, गरिबी निवारण, रोजगार सिर्जना, आय वृद्धि, दिगो बिकास, स्थानीय साधन स्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ । त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रिया एवं दिगो बिकास लक्ष्यसँग अनुकूल हुने गरी वातावरण तथा बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत आत्मसात गरिएको छ । उपरोक्त पक्षहरुलाई आधार मानी चन्द्रकोट गाउँपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम, अनुमानित लगानी खाका निर्धारण भएको छ । समावेशी र सहभागितामूलक विधि, प्रक्रियाबाटबाट तयार पारिएको यस **रणनीतिक योजना मार्गचित्र (Strategic Planning Framework) लाई चन्द्रकोट गाउँपालिकाको समग्र बिकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेज**को रुपमा ग्रहण गरिएको छ । यसै योजना खाका भित्र रही चन्द्रकोट गाउँपालिकाले मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम एवं बजेट तर्जुमा गरी र सोही अनुसार कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत जाहेर भएको छ ।

## १.२ उद्देश्य

आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य चन्द्रकोट गाउँपालिकाको विकास प्रयास तथा प्रक्रियाहरुलाई मार्गदर्शन गर्न नतिजामा आधारित योजनावद्ध विकासको प्रारुप तयार पार्नु रहेको छ । यसका साथै आवधिक योजना तर्जुमाको विशेष उद्देश्य यसप्रकार रहेको छ :

क) स्थानीय जनचाहना एवं आवश्यकताका आधारमा राजनीतिक दल, निजीक्षेत्र, सरकारी निकाय एवं गैर सरकारी संघ संस्था लगायत सरोकारवालाहरुको उपस्थितिमा सहभागितामूलक विधिवाट पालिकाको विद्यमान अवस्थाको लेखाजोखा, प्रगति समीक्षा, साधन श्रोतहरुको उपलव्धतालाई मनन गरी सवै पक्षहरुको सहमतिमा आवधिक योजना तर्जुमा गर्नु

ख) नेपालको संविधान २०७२ को मर्म, भावना, नेपाल सरकार एवं प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, कार्यक्रम एवं प्राथमिकताहरु, संघ र प्रदेशवाट कार्यान्वयनमा ल्याइएका कानुनी, नेपाल सरकारले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा जाहेर गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्यलाई स्थानीयकरण, नेपाल सरकारवाट समय समयमा जारी गरिएका मार्गदर्शन, एवं निर्देशित सिद्धान्तहरुसंग तादात्म्यता स्थापित गर्दै पालिकाको दीर्घकालीन सोच, नीति एवं कार्यक्रमहरु विकास गर्नु

ग) साझा लाभका आधारमा अन्तरपालिका समन्वय, सहकार्य एवं साझेदारीमा पालिकासंग उपलव्ध प्राकृतिक लगायतका श्रोतहरुको सुनियोजित, सुव्यवस्थित ढङ्गवाट दिगो उपयोगका लागि विकासको खाका तर्जुमा गर्नु

घ) आवधिक योजनाको आधारमा पालिकाको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा वजेट लगायत विषयक्षेत्रगत योजना तर्जुमाका लागि आधार तयार पार्नु ।

## १.३ योजना तर्जुमा चरण तथा विधि

चन्द्रकोट गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा पूरा गरिएका चरणहरु यसप्रकार रहेको छ ।

**क) पहिलो चरण : पूर्व तयारी**

गाउँपालिकासंग पूर्व तयारी वैठक : आवधिक गाउँ बिकास योजना तर्जुमालाई सफलतापूर्वक सम्पन्न गर्ने सन्दर्भमा गाउँपालिकासंग पूर्व तयारी वैठक आयोजना गरी आवश्यक निणर्यहरु गरिएको थियो । यस क्रममा आवधिक योजना तर्जुमाका लागि संगठनात्मक संयन्त्रहरु जस्तै निर्देशक समिति, समन्वय तथा सहजीकरण समिति क्रमशः पालिका अध्यक्ष र  प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा गठन गरिएको थियो । त्यसैगरी योजना तर्जुमाका लागि तथ्याङ्क तथा सूचनाहरु अद्यावधिक गर्ने कार्य समेत प्रारम्भ गरिएको थियो ।

**ख) दोश्रो चरण : प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम**

चन्द्रकोट गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । राजनीतिक दलका प्रतिनिधि लगायतका स्थानीय सरोकारवालाहरुको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा आवधिक योजना तर्जुमाका लागि गाउँपालिका, परामर्शदाता एवं सरोकारवालाहरुको जिम्मेवारी वाँडफाँड, कार्ययोजना स्वीकृती र योजना तर्जुमा विधि प्रक्रियाका वारेमा छलफल गरिएको थियो ।

**ग) तेश्रो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन**

आवधिक योजना तर्जुमाका लागि चन्द्रकोट गाउँपालिकासँग सम्बन्धित अभिलेख एवं प्रकाशनहरुको सङ्कलन, अध्ययन एवं विश्लेषण भएको थियो । यसका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन एवं राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग अन्तर्गतका ऐन, नियम, निर्देशिका एवं मापदण्डहरु सङ्कलन एवं अध्ययन भएको थियो । संघ तथा प्रदेश सरकारको आवधिक एवं वार्षिक नीति तथा कार्यक्रमहरु, राष्ट्रिय तथा प्रादेशिक योजना आयोगको प्रकाशनहरु र चन्द्रकोट गाउँपालिकाको विगत वर्षहरुको उपलब्धि, नीति कार्यक्रमहरुको अध्ययन गरिएको थियो ।

**घ) चौथो चरण : वडा स्तरीय कार्यशाला गोष्ठि**

आवधिक योजना तर्जुमाको सन्दर्भमा चन्द्रकोट गाउँपालिकाका सवै वडाहरुमा वडास्तरीय कार्यशाला गोष्ठि सञ्चालन भएको थियो । वडा स्तरीय कार्यक्रममा वडा अध्यक्ष लगायत वडा सदस्य, स्थानीय राजनीतिक दल, टोल विकास संस्था, सामुदायिक संघ संस्था, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी उपभोक्ता, सामुदायिक वन, सहकारी संस्था, महिला तथा वाल सञ्जाल, युवा क्लव, निजी क्षेत्र र स्थानीय पत्रकार समुदायहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा वडाको वस्तुस्थिति विश्लेषण र आगामी पाँच वर्षहरुका लागि वडा स्तरीय कार्यक्रमहरु तर्जुमा भएको थियो । यस सम्वन्धी विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

**ङ) पाचौ चरण : आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी**

चन्द्रकोट गाउँपालिकाको आवधिक योजना तर्जुमाका लागि कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । पालिका स्तरीय सरोकारवालाहरुको सहभागितामा सञ्चालन भएको कार्यशाला गोष्ठीमा गाउँपालिका पदाधिकारी तथा सदस्यहरु, राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संघ संस्थाहरु लगायत स्थानीय पत्राकार लगायतका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको अन्त्यमा राजनीति दलका प्रतिनिधिहरुको उपस्थितिमा विभिन्न व्यक्तित्ववाट आगामी वर्षहरुमा आवधिक योजनालाई कार्यान्वयन गर्दै लैजाने प्रतिवद्धता जाहेर भएको थियो । त्यसैगरी कार्यशाला गोष्ठीवाट चन्द्रकोट गाउँपालिकाको दीर्घकालीन सोच, विषयक्षेत्रगत लक्ष्य, उद्देश्यहरु, रणनीति एवं कार्यक्रमहरु तर्जुमा भएको थियो ।

**च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी**

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम एवं नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत सन्दर्भ सामाग्रीहरुको आधारमा चन्द्रकोट गाउँपालिकाको आवधिक गाउँ विकास योजनाको मस्यौदा प्रतिवेदन तयार पारिएको थियो । यस क्रममा स्थानीय तहको एकल एवं साझा अधिकार क्षेत्रका सवै विषय तथा उपक्षेत्रहरुका बिषयमा प्राप्त सुझाब तथा प्रतिक्रियाहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार भएको थियो ।

**छ) सातौ चरण : प्रतिवेदन प्रमाणीकरण कार्यक्रम**

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरुसंगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझाबहरुको आधारमा तयार भएको आवधिक गाउँ विकास योजनाको मस्यौदा दस्तावेज गाउँकार्यपालिका समक्ष प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

**ज) आठौ चरण : अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन**

आवधिक योजना विभिन्न कार्यक्रमबाट प्राप्त सुझाब तथा पृष्ठपोषणहरुलाई समावेश गरी तयार पारिएको चन्द्रकोट गाउँपालिकाको दीर्घकालीन सोच सहितको गाउँ विकास योजना दस्तावेजलाई गाउँसभाबाट स्वीकृत गरिएको थियो ।

**झ) नवौ चरण : योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

स्वीकृत आवधिक गाउँ विकास योजनालाई कार्यान्वयनमा ल्याइएको छ । कार्यान्वयनका क्रममा योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि गाउँपालिकाले एक संयन्त्र निर्माण गरी सोहीवाट योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवधिक योजनाको अन्तिम अवधिमा प्रभाव मूल्याङ्कन गर्ने प्रतिवद्धता समेत गाउँपालिकावाट भएको छ ।

## १.४ आवधिक योजना तर्जुमाका सीमाहरु

यस आवधिक गाउँ बिकास योजना तर्जुमाका सीमाहरू निम्न अनुसार रहेका छन :

क) नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको अधिकार क्षेत्रभित्र रही स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्दिष्ट गरेको ढाँचामा पालिकाको आवधिक योजना तर्जुमा गरिएको छ ।

ख) गाउँपालिकाले उपलव्ध गराएको तथ्याङ्क तथा सूचनालाई मुख्य आधार बनाइ आवधिक योजना तर्जुमा गरिएको छ । त्यसैगरी गाउँपालिकावाट विभिन्न समयका प्रकाशनलाई समेत सूचनाको श्रोतका रुपमा ग्रहण गरिएको छ । पालिका स्तरमा उपलव्ध हुन नसकेका सूचना तथा तथ्याङ्कहरु लुम्विनी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७- २०८०/८१) र १५ औं योजना (२०७६/७७ - २०८०/८१) लाई आधार मानिएको छ ।

ग) सहभागितामूलक विधिवाट गाउँपालिकाको वस्तुस्थिति विश्लेषण र सोका आधारमा पालिकाको विषयक्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरिएको छ । कार्यक्रमहरु तर्जुमा गर्दा राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम, प्राथमिकता र आवश्यकतालाई मध्यनजर गरिएको छ । त्यसैगरी वित्तीय प्रक्षेपण पालिकाले चालु आर्थिक वर्षमा अनुमान गरिएको आन्तरिक आय र वाह्य श्रोतलाई आधार मानिएको छ ।

घ) आवधिक गाउँ बिकास योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको छ । यो रणनीतिक योजनाको खाका भएकोले गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तहसम्म मात्र केन्द्रीत छ ।

## १.५ चन्द्रकोट गाउँपालिकाको वस्तु स्थिति विवरण

यस चन्द्रकोट गाउँपालिकाको वस्तुस्थिति विवरण विभिन्न शाखा कार्यालयको तथ्यांक, पालिकाको अन्य पुस्तिकाको आधारमा तयार पारिएको छ । यस आवधिक योजना तर्जुमाको मुख्य आधार यही विवरणलाई बनाइएको छ ।चन्द्रकोट गाउँपालिका गुल्मीको समग्र पूर्वाधार विकासलाई थप परिणाममुखी बनाउन तथा आर्थिक पारदर्शीता कायम गरी सुशासनको प्रत्याभूति दिलाउदै सार्वजनिक सेवा प्रवाहमा पूर्वाधार विकासको क्षेत्रलाई थप क्रियाशील तुल्याउने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा गाउँसभाले नियमावली बनाई आफ्नो कार्यप्रणाली व्याावस्थित गर्न कुनै सदस्यको संयोजकत्वमा विभिन्न बिषयगत समितिको गठन गर्न सक्ने प्रावधान अनुरुपयस गाउँपालिकामा पनि एक पूर्वाधार विकास समिति गठन भई चन्द्रकोट गाउँपालिका गुल्मीको स्थापना २०७३ फाल्गुन २७ गते पश्यात स्थापना भएको हो ।

चन्द्रकोट गाउँपालिका ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय तह हो। यो गुल्मी जिल्लाको उत्तर-पूर्वमा अवस्थित छ। जसको पूर्वमा गुल्मी जिल्लाको कालीगण्डकी र सत्यवती गाउँपालिका, पश्चिममा गुल्मी जिल्लाकै मुसिकोट नगरपालिका, उत्तरमा बागलुङ्ग जिल्लाको बरेङ्ग गाउँपालिका तथा गल्कोट नगरपालिका र दक्षिणमा गुल्मी जिल्लाको छत्रकोट र सत्यवती गाउँपालिका छन। यो गाउँपालिकाको क्षेत्रफल १०५.७३ वर्ग किलोमिटर छ। जुन साबिकका ८ वटा गाउँ विकास समितिहरु दिव्रुङ, विशुखर्क, हर्राचौर, शान्तिपुर, ग्वाघा, हरेवा, रुपाकोट र तुराङ्ग मिलि बनेको हो। सोही बमोजिम ८ वटा वडाहरु मौजुदा छन्, भने गाउँपालिकामा नेपाली कांँग्रेसको नेतृत्वमा न.क.पा.एमाले र ने.क.पा. माओवादी (केन्द्र) को निर्वाचित प्रतिनिधित्व छ।

### १.५.१ जनसंख्या विवरण

मानिसको सामाजिक तथा आर्थिक विकास गर्नका लागि योजना बनाइन्छ । तसर्थ विकासका लागि मानिस साधन र साध्य दुबै हो । मानिसद्वारा मानिसको लागि विकास गर्ने भएकोले साधन र साध्य हुन गएको हो । जनसंख्या भन्नाले निर्धारित भौगोलिक सीमानाभित्र निश्चित समयमा बसोबास गर्ने व्यक्तिहरुलाई बुझाउँछ । सन्तुलित विकासका लागि जनसंख्याको महत्वपूर्ण स्थान रहेको हुन्छ । उच्चतम जनसंख्या स्थानगत क्षेत्रमा भएको खण्डमा त्यस क्षेत्रको विकासमा महत्वपूर्ण टेवा पुग्दछ । जनसंख्याको आकार तथा जनघनत्व सन्तुलित विकासका लागि आवश्यक हुन्छ । अतः एउटा देशको जनसंख्याको आकार, बनावट र वितरणमा जन्म, मृत्यु, बसाईसराईले देशको आर्थिक तथा सामाजिक विकासमा असर पारेको हुन्छ । निश्चित सीमाना भित्रको सामाजिक तथा आर्थिक विकासका लागि जनसंख्याको आकार, बनावट र वितरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ बिकासका लागि योजना बनाउँदा उच्चतम जनसंख्याको आकार, बनावट र वितरणलाई ध्यान दिनु वाञ्छनीय हुन्छ ।

२०६८ को जनगणना अनुसार चन्द्रकोट गाउँपालिकाको कुल जनसंख्या २१८२७ छ । नेपाल सरकारको मिति २०७३ फागुन २७ मा प्रकाशित राजपत्र अनुसार साविक दिव्रुङ्ग, बिशुखर्क, हराचौर, शान्तिपुर, ग्वाघा, हरेवा, रूपाकोट र तुराङ्ग गा.वि.स. गरि ८ वटा गा.वि.स. मिलि बनेको यस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गरिएको छ। चन्द्रकोट गाउँपालिकाको कार्यालय साविक शान्तिपुर गा.वि.स. हाल चन्द्रकोट-४ शान्तिपुर स्थित चन्द्रकोट क्याम्पसको नयाँ भवनमा अवस्थीत छ ।

यस गाउँपालिकाको कुल क्षेत्रफल १०५.७३ बर्ग किलोमिटर छ। जहाँ २१८२७ (२०६८ को जनगणना अनुसार) जनसंख्या रहेकोमा ब्रह्मण, क्षेत्री, मगर, कामी, दमाई लगायतका जातजातीको बसोबास रहेको छ। जम्मा घरधुरी ४५९६ छनु। मुख्य पेशा कृषि रहेको छ। जसमा तरकारी र सुन्तला तुलनात्मक रुपमा वढी उत्पादन हुने गर्दछ। यस गाउँपालिकाको चन्द्रकोट मन्दिर, दिव्रुङ्ग मन्दिर, सिद्धबाबा मन्दिर, चक्रेश्वर मन्दिर, अर्जेवा झरना, रुमालवारी पार्क, टिमुरे ताल ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र हुन् ।

वडा अनुसार घरधुरी संख्या तलको तालीकामा उल्लेख गरिएको छ ।

| वडाहरु | कुल घरधुरी |
|---|---|
| वडा.न .१ | ४५० |
| वडा.न . २ | ५०५ |
| वडा.न . ३ | ४०६ |
| वडा.न . ४ | ७९० |
| वडा.न . ५ | ४५५ |
| वडा.न . ६ | ४३० |
| वडा.न . ७ | ७२० |
| वडा.न . ८ | ८४० |
| जम्मा | ४५९६ |

स्रोतः गाउँपालिका परिचय

### १.५.२ भौगोलिक स्थिति

भौगोलिक बनावटले आर्थिक विकास, सामाजिक विकास, भौतिक विकास, वातवरणीय विकासका लागि महत्पूर्ण भूमीका खेल्दछ । देश विकासलाई सन्तुलित र दिगो बनाउनका लागि भौगोलिकता अनुसारको, प्रादेशिक आयाम ( spatial dimension) को आधारमा, योजना बनाउनु पर्ने हुन्छ । भूगोल अनुसार विभिन्न स्थानीय र प्रदेशमा साधनको उपलब्धता र आवश्यकताहरु फरक फरक हुन्छन् । उपलब्ध साधनको उच्चतम प्रयोग गरी स्थानीय

जनताको चाहना, आवश्यकता र प्राथमिकता बमोजिम विकास निर्माण कार्य सञ्चालन गर्न र स्थानीय जनतालाई छिटो र सर्वसुलभ सेवा प्रदान गर्न देशलाई राजनीतिक/प्रशासनिक दृष्टिले स्थानीय सरकारको गठन गरिएको हुन्छ । सो बमोजिम साधनको पूर्वानुमान गरी योजना तर्जुमा गर्नका लागि स्थानीय सरकारको भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन बारे विश्लेषण गर्न आवश्यक हुन्छ । यस्तो सूक्ष्म विश्लेषणमा आधारित प्रादेशिक योजनाले राष्ट्रिय योजनाका लक्ष्यहरुको प्राप्तिका लागि बल पुऱ्याउँछ ।

### क. धरातलीय अबस्था

यस गाउँपालिकको धरातलिय विविधताका कारण विभिन्न ठाउँहरूको आकार प्रकार र बनावटमा पनि केही भिन्नता रहेको पाईन्छ । भूगोलको वनावट, पहाडी लेकवेसी र फाँटहरू भएका कारण यस क्षेत्रको हावापानी पनि फरक फरक रहेका छन् । धरातलीय विविधता अनुसार यस गाउँपालिको हावापानीमा पनि केही विविधिता रहेको छ । यस गाउँपालिकाको उत्तरी भागमा हिमालको हावाको प्रभाव हुने भएको कारण जाडो हुने र दक्षिणी भाग बेशी भाग पर्ने भएकोले गर्मी हुन्छ ।

चन्द्रकोट गाउँपालिकाको भौगोलिक अवस्था २८°०६'३६.४" उत्तरी अक्षाश र ८३°२४'५१.३" पूर्वी देशान्तरमा रहेकोछ । गुल्मी जिल्लामा अवस्थित यस गाउँपालिकाको पूर्वमा गुल्मी जिल्लाको कालीगण्डकी र सत्यवती गाउँपालिका, पश्चिममा गुल्मी जिल्लाकै मुसिकोट नगरपालिका, उत्तरमा बागलुङ्ग जिल्लाको बरेङ्ग गाउँपालिका तथा गल्कोट नगरपालिका र दक्षिणमा गुल्मी जिल्लाको छत्रकोट र सत्यवती गाउँपालिका पर्दछन । यस गाउँपालिकाको क्षेत्रफल १०५.७३ वर्ग की.मि.छ । २०६८ को जनगणना अनुसार चन्द्रकोट गाउँपालिकाको कुल जनसंख्या २१८२७ छ । नेपाल सरकारको मिति २०७३ फागुन २७ मा प्रकाशित राजपत्र अनुसार साविक दिव्रुङ्ग, बिशुखर्क, हराचौर, शान्तिपुर, ग्वाघा, हरेवा, रूपाकोट र तुराङ्ग गा.वि.स. गरि ८ वटा गा.वि.स. मिलि बनेको यस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गरिएको छ। चन्द्रकोट गाउँपालिकाको कार्यालय साविक शान्तिपुर गा.वि.स. हाल चन्द्रकोट-४ शान्तिपुर स्थित चन्द्रकोट क्याम्पसको नयाँ भवनमा अवस्थित छ ।

### १.५.३ आर्थिक विकास स्थिति

आर्थिक विकास मानिसले चाहेको अबस्था हो जसलाई सकारात्मक परिवर्तन सहितको अन्नत विकास प्रकृया भनी परिभाषित गर्न सकिन्छ । यस्तो चाहना स्थान, समय, समुदाय, संस्कृति अनुसार फरक फरक हुन सक्ने भएकोले एउटै देशको भिन्न ठाउँमा बसोबास गर्ने मानिसको आवश्यकता र चाहना भिन्न हुन्छन् । त्यसैले स्थानीय विकास सम्बन्धी धारणाले ठाउँअनुसार मानविय चहनालाई परिपूर्ति गर्न सहज भएको छ । तसर्थ स्थानीय विकासको सिद्धान्त मानविय इच्छा चाहना अनुसार विकास गर्न महत्वपूर्ण छ । स्थनीय विकास एउटा निरन्तर प्रक्रिया हो जसमा स्थानीय जनताको निरन्तर रुपमा एक पछि अर्को गरि उत्पन्न हुने आकांक्षा स्थानीय सरकार मार्फत पूरा गरिएको हुन्छ । यसका लागि तोकिएको नीति र सिद्धान्त अनुसार सरकार, नीजि क्षेत्र र नागरीक समाज मिलेर स्थानीय जनताको आर्थिक, सामाजिक विकासका लागि लागेका हुन्छन् ।

स्थानीय विकास आधारभुत रुपमा वहुआयामिक धारणा सँग सम्बन्धित छ । यसले संयुक्त रुपमा आर्थिक, सामाजिक र संस्कृतिको वातावरणीय पक्षको परिवर्तनलाई एक आपसमा सम्बन्धित बनाउँदछ । यसलाई एउटा तरिकाको रुपमा हेरिन्छ । यसले मानिसको जीवनस्तर सुधार गर्न, स्थानीय पूर्वाधारको विकास गर्न, स्थानीय स्रोतको व्यवस्थापन र प्रभावकारी परिचालन गर्न, स्थानीय तहमा रोजगारीको अबसर सिर्जना गर्न, सामान्य जनतालाई ससक्त बनाउन, स्थानीय सम्पत्तिको संरक्षण गर्न, बजार असफलतालाई कम गर्न, सहसम्बन्धलाई बलियो बनाउन, स्थानीय विकास आयोजनालाई परिणाम मुखी बनाउन मद्दत गर्दछ । आर्थिक विकासमा कृषि, पशु, पर्यटन, उद्योग, व्यापार आदि पर्दछन् । अतः आर्थिक विकास योजना तर्जुमा गर्दा विकास सम्बन्धी लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यक्रम, आयोजना, स्रोत आदिको स्पष्ट पहिचान वा विवरण उल्लेख हुन आवश्यक पर्दछ ।

## क. कृषि तथा पशु विकास

नेपालको आर्थिक विकासको एक महत्वपूर्ण आधार स्तम्भ कृषि तथा पशु विकास हो । नेपालीहरुले परम्परा देखी खाद्यान्न अन्नवाली लगायत पशुधनको उत्पादन गर्ने गरेको पाइन्छ । कृषि तथा पशुधनको व्यावसायीकरण नगरिकन आर्थिक विकासलाई गति दिन कठिन छ । तसर्थ यसको विकास र विस्तारलाई व्यवसायीकर गर्न आवश्यक प्रर्वधनात्मक कार्यक्रम तथा योजना निर्माण गर्न आवश्यक छ । पशुपन्छी क्षेत्रमा आवश्यक नीति तथा कार्यक्रम मार्फत पशुपन्छीपालक कृषक, व्यवसायी तथा उद्यमीहरूका लागि आवश्यक सेवा प्रवाहलाई सहज र सुलभ बनाई गुणस्तरीय, स्वच्छ र दिगो पशुपन्छीजन्य उत्पादन पद्धतीद्धारा उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्दै व्यवसायीकरणका लागि निजी तथा सरकारी क्षेत्रबाट लगानी बढाउने वातावरण सिर्जना गर्नुका साथै भएको लगानीको संरक्षण गर्नु योजना तर्जुमाको मुख्य उद्देश्य हो ।

### कृषि

यस  चन्द्रकोट गाउँपालिकामा रहेको कृषिको अवस्था सन्तोषजनक देखिदैन । यद्यपी यहाँ बसोबास गर्ने अधिकांश मानिसहरूको मुख्य पेशा भनेकै कृषि हो । जसमा धान खेती प्रमुख बालीका रूपमा रहेको पाइन्छ भने त्यसैगरी मकै, गहुँ, कोदो आदिको खेती गरिदै आएको पाइन्छ ।

### पशुपंक्षी

पशुपंक्षी पालन कृषि व्याबसायको अभिन्न अंग हो । यसलाई व्याबसायीकरण गर्न पशु स्वास्थ्यको सर्म्बधन मार्फत पशु तथा पशुजन्य उत्पादनबाट मानवमा सर्न सक्ने रोगहरूको नियन्त्रण र रोकथाम गरी जनस्वास्थ्य संरक्षणमा योगदान गर्नु पर्ने हुन्छ । यस चन्द्रकोट गाउँपालिकाको सोता फाँट, मजुवा र गेखुङ्ग, शान्तिपुर, हरेवा, किउ धान उत्पादनका लागि उपयुक्त ठाउँ हो भने रुपाकोट, तुराङ्ग, बिशुखर्क, ग्वाघा र हर्राचौर लगायतका वडामा व्यावसायिक बाखा पालनका लागि उपयुक्त रहेका छन् ।  चन्द्रकोट गाउँपालिकाले कृषिमा आवद्ध किसानहरूलाई हौसला र जीविकोपर्जन लगायत कृषि प्रवर्द्धनमा सहयोग तथा कृषिमा टेवा पुग्ने उद्धेश्यले विभिन्न कृषक समूह, कृषक हरूलाई सहित ५०% अनुदान मा कृषि यान्त्रिकरण बितरण कार्यक्रम भएको छ । जसले कृषकहरूलाई निर्वाहमुखी हैन, व्यवसायी उत्पादनमुलक कृषि गर्न सहयोग पुग्ने विश्वास गर्न सकिन्छ । यस गाउँपालिकामा ८९ प्रतिशत परिवारले पशुचौपाय तथा पशुपन्छी पालेका छन् भने ११ प्रतिशत परिवारले पशुचौपाय तथा पशुपंछी पालेका छैनन् ।यस गाउँपालिकामा मुख्यगरी पालन हुने पशुहरु निम्न प्रकारका रहेका छन् ।

**गाई :**  गाईपालनमा भने आकर्षण छ ।

**भैंसी :**  भैंसी पालनको गरेको देखिन्छ ।

**बाखा** : मासुको लागि खसी बोका उत्पादन भइरहेका कारण बाखा पालनमा कृषकको आकर्षण देखिन्छ।

**बंगुर** :  खेर गइरहेका खाद्य वस्तुहरुको सदुपयोग हुने, सानो क्षेत्रमा पनि पाल्न सकिने, शारिरीक तौल छिटो वृद्धि हुने भएकोले बंगुर पालनमा किसानको आकर्षण बढ्दो क्रममा छ ।

**कुखुरा** : मासु खानको लागि कुखुराको बजार माग बढिरहेको हुँदा यहाँका बसिन्दाहरु पनि कुखुरा पालनतर्फ आर्कषक बनेको पाइन्छ ।

यस गाउँपालिकामा रहेको समुदायको गरीबीलाई विश्लेषण गर्दा वडामा शौचालय नभएका घरहरु, आफ्नो पाखोवारी र गाउँको घर छोडेर सुगम ठाउमा वसाई सरी सार्वजनिक र ऐलानीमा जग्गामा आफनो बासलाई टेको लगाएर गुजाराका लागि विभिन्न माध्यम र विकल्पहरुमा आश्रित रहेको भनिन्छ

| एक वर्ष सम्मा खान पुग्ने आधारमा गरिबीको स्थिति | | | | |
|---|---|---|---|---|
| वडाहरु | ३ भन्दा कम खान पुग्ने | ४-६ महिना खान पुग्ने | ७-९ महिना खान पुग्ने | १०-१२ महिना खान पुग्ने |
| वडा.न .१ | १०४ | १३५ | १४५ | २०२ |
| वडा.न . २ | १७३ | १९४ | ११७ | २६० |
| वडा.न . ३ | ६८ | ८८ | ८० | १७० |
| वडा.न . ४ | २४९ | ३६४ | २६२ | ६३८ |
| वडा.न . ५ | ६६ | ४०० | २३ | २५ |
| वडा.न . ६ | १६५ | ९७ | ७३ | १४३ |
| वडा.न . ७ | ३४७ | ३८२ | २७९ | १९९ |
| वडा.न . ८ | ४२० | ३९१ | २४६ | ४६७ |
| जम्मा | १५९२ | २०५१ | १२२५ | २१०४ |
| प्रतिशत | २३ | २९ | १८ | ३० |

स्रोतः गाउँपालिकाको तथ्यांक

### ख. उद्योग व्यापार तथा खानी क्षेत्रको स्थिति

आर्थिक विकासको महत्वपूर्ण आधार उद्योग तथा व्यापार नै हो । आर्थिक विकासको मापन गर्दा कुल आर्थिक क्रियाकलापमा उद्योग क्षेत्रको योगदान बढी भएको अवस्थालाई राम्रो मानिन्छ । जिल्लाका विभिन्न स्थानमा रहेका कृषि, पशुपालन, व्यापार व्यवसाय, होटल रेष्टुरेण्ट तथा स-साना स्वरोजगार मुलक कार्यलाई बढाउन सके जिल्लाको मात्र नभई स्थानीय निकाय, गाउँको उद्योग, व्यापार तथा वैंकिङ अवस्था अर्थतन्त्रमा बलियो बन्न जान्छ ।

**उद्योग व्यापार**

चन्द्रकोट गाउँपालिकामा उद्योग, व्यापार लगानी वातावरणको विकास र विस्तार गर्न वित्तीय संस्थाहरूमा वाणिज्य बैंकहरू मार्फत्कर्जा लगानी हुने गरेको देखिन्छ । यस बाहेक गाउँपालिकामा सञ्चालित अन्य बैंक तथा वित्तीय संस्थाहरूले पनि कर्जा उपलब्ध गर्दै आएका छन् । गाउँबासीहरूसँग रहेको रकमलाई निक्षेपको रूपमा स्वीकार गरी बचत पनि गर्दै आएका छन । फर्निचर उद्योग, ग्रिल उद्योग, वेकरी, चाउमिन लगायतका साना उद्योग चन्द्रकोट गाउँपालिका भित्र संचालनमा आएका छन् ।

**खानी**

गाउँपालिका भित्र रहेका विभिन्न खानीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकेको खण्डमा यहाँको आर्थिक सामाजिक विकासमा ठुलो टेवा पुग्ने देखिन्छ । विशुखर्कमा रहेको ढुंगा खानी चन्द्रकोट गाउँपालिकाको संभावना भएको खानी हो ।

**पर्यटन**

पर्यटन नेपालको आर्थिक विकासको एक महत्वपूर्ण आयाम हो । आन्तरिक र वाह्य पर्यटन विकासले सामाजिक एकीकरण र विश्वलाई जोड्ने एक माध्यमको रुपमा समेत काम गर्दछ । यस क्षेत्रले आर्थिक तथा सामाजिक विकासका लागि योगदान गर्ने भएकोले यसको विकास योजना ज्यादै महत्वपूर्ण हुन्छ । योजना तर्जुमा गर्दा स्थानीय तहमा अवस्थित विभिन्न किसिमका वनजंगल, जनावर, चराचुरूङ्गी, ताल, नदीनाला, धार्मिक मठमन्दिर, सांस्कृतिक अवस्था, रहनसहन, पहाड, हिमाल, सहरहरू जडिबुटी र अन्य थुप्रै जैविक विविधता आदितथ्यांक महत्वपूर्ण हुन्छ । पर्यटन उद्योगलाई प्रमुख उद्योगका रूपमा संस्थागत विकासका लागि सरकारले चालेका नीतिगत कार्यक्रममा थप पृष्ठपोषण र सहकार्यको आवश्यकता छ । यसमा निजी तथा सार्वजनिक क्षेत्रको सक्रियता र सहकार्यले महत्व राख्छ । भरपर्दो सेवाजन्य उद्योगका रूपमा विगतको लामो समयदेखि पर्यटन क्षेत्रले राम्रो छाप छोड्न सकेको छ । सरकारले आफ्नो नीति तथा कार्यक्रममा पनि पर्यटन क्षेत्रलाई महत्व दिएर यसको दीर्घकालीन विकासका लागि साझेदारी विकासका अवधारणालाई अघि सारेको छ ।

दशैं तथा तिहार बाहेक यसपालिकाका बासिन्दाहरुले मातातिर्थ औंसी, बुद्ध जयन्ती, गुरुपुर्णिमा, साउने संक्रान्ती, नागपञ्चमी, जनै पुर्णिमा, कृष्णाअष्टमी, तीज, सोह्र श्राद्ध, धान्य पूर्णिमा, स्वस्थानी ब्रत, माघे संक्रान्ती, ल्होसार, श्रीपञ्चमी, महाशिवरात्री, जखनी पुजा, फागुपूर्णिमा, चैते दशैं आदि पर्वहरु पनि मनाउँछन् ।

प्रशिद्ध चन्द्रकोट मन्दिर, दिव्रुङ्ग मन्दिर, चक्रेश्वर मन्दिर जस्ता एतिहासिक एवम धार्मिक पहिचान बोकेको र टिमुरे ताल, दह ताल, अर्जेवाको प्राकृतिक झरना साथ साथै बडिगाढ नदी, हुग्दी खोला जस्ता नदीनाला, वनजंगल, प्राकृतिक सम्पदा, हुग्दी खोला हाइड्रोपावर विकासका परियोजना जस्ता सौन्दर्यले भरपूर, पर्यटकीय विकासको येथाहा सम्भावना रहेको छ । यस गाउँपालिकाको नामकरण प्रशिद्ध एतिहासिक स्थल चन्द्रकोटको नामबाट गरिएकोए हो । यस गाउँपालिकामा मुख्यतया ब्राहम्ण, क्षेत्री, मगर, नेवार, गुरुङ, विश्वकर्मा, कुमाल र माझी जात जातीहरुको बसोवास रहेको छ । यहाँ बसोबास गर्ने समुदायको मुख्य आम्दानीको स्रोतहरु कृषि, पशुपालन, बैदेसिक रोजगार र व्यापार रहेको पाईन्छ ।

### १.५.४ सामाजिक विकास स्थिति

सामाजिक विकास अन्तर्गत मानिसको शिक्षा, स्वास्थ्य आदि पर्दछन् । यस सम्बन्धी धारणा मानविय विकासको एक महत्वपूर्ण पक्ष हो । मानविय विकास हुनको लागि शिक्षा, स्वास्थ्य, लैंगिक तथा उमेर गत लगायतका विकास हुन आवश्यक छ । यस धारणा अनुसार मानव विकास गर्न प्रत्येक राष्ट्रले समाज विकासको अवधारणलाई अपनाएर सहभागिता मुलक ढंगले अगाढी बढे मात्रै स्वच्छ र समतामुलक समाजको निर्माण सम्भव छ । यसका लागि विभिन्न गैरसरकारी संघसंस्था, अन्तर्राष्ट्रिय संघसंस्थाहरू सक्रिय रूपमा लागि काम गरिरहेका छन् । यस चन्द्रकोट गाउँपालिकामा समुदायको समग्र विकासका लागि सामाजिक परिचालन मार्फत स्थानीय तथा अन्य संघसंस्थाहरू जस्तैः आमा समूह, युवा क्लब, बचत समूह तथा अन्य विभिन्न संघसंस्थाहरूले कार्यहरू गर्दै आइरहेका छन र गाउँपालिकाको सामाजिक, आर्थिक लगाएत जनचेतना फैलाउनका लागि विशेष पहल गर्दै आईरहेका छन । समाज परिचालन तथा जनचेतनाको लागि सामाजिक परिचालिकाहरूले पनि महत्वपूर्ण भूमीका निर्वाह गर्दै आइरहेका छन् । शिक्षा र स्वस्थ्यमा गरिने लगानी मानिसको दक्षता, क्षमता, आदर्श, स्वस्थता आदिको अर्न्तरसम्बन्धित विषय हुन् । यस क्षेत्रमा गरिने लगानीले शिक्षा, तालीम र स्वास्थ्य क्षेत्रमा सुधार भई मानव पूँजी निर्माण हुन्छ र आर्थिक विकासमा सघाउ पुग्दछ ।

## क. शिक्षा तथा स्वास्थ्य

शिक्षा मानव जीवनको अभिन्न अङ्ग हो । जसले मानवलाई जीवनको उचाईसम्म पुग्नलाई मद्दत पुऱ्याउँदछ । शिक्षाको महत्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र गाउँको मुहार फेर्न सकिन्छ । वर्तमान समयमा शिक्षाको शैलीहरू परिवर्तन हुँदै गइरहेका छन । हिजोका दिनमा जस्तो पारम्परिक रूपले आजको समाज अगाडी बढ्न सक्तैन । यसका लागि शिक्षा क्षेत्रको उचित विकासमा ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । शिक्षा व्यक्ति एवम् समाज विकासको लागि मेरूदण्ड हो । शिक्षा विना देश विकासको कल्पना पनि गर्न सकिदैंन । व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले ठूलो सहयोग पुऱ्याएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालवालिकाहरू नै भोली देशका कर्णधार हुन् । त्यसैले त शिक्षालाई यति धेरै महत्व दिनुपरेको स्पष्ट हुन्छ । भनिन्छ, शिक्षा नै सामाजिक परिवर्तनका बाहक हुन् । त्यसैले यो पनि बिर्सनु हुदैन कि सम्पूर्ण शैक्षिक प्रक्रियाको केन्द्र विद्यार्थी हुन् । शिक्षा राष्ट्रिय विकासको आधारशीला भएकोले यसको अभावमा राष्ट्रिय विकास प्रायः असम्भव छ ।

आधारभूत शिक्षा प्रत्येक नागरिकको मानव अधिकार हो भने सबै नागरिकलाई कम्तीमा आधारभूत शिक्षाको अवसर प्रदान गर्नु राज्यको दायित्व हो । शिक्षा आर्थिका विकासको कारक तत्व भएकोले यो गरिवी निवारणको एक सशक्त माध्यम पनि हो । राष्ट्रिय शिक्षा पद्धति २०४९ ले पनि शिक्षा पाउने अधिकारलाई पूर्णता दिँदै माध्यमिक तह सम्म निःशुल्क पढ्ने व्यवस्थाको थालनी भयो । शिक्षा व्यक्ति एवं समाज विकासको लागि मेरूदण्ड हो । शिक्षा विना देश विकासको कल्पना पनि गर्न सकिदैंन । व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले ठूलो सहयोग पुऱ्याएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरू नै भोली देशको कर्णधार हुने हुँदा पनि शिक्षालाई यति धेरै महत्व दिनुपरेको स्पष्ट हुन्छ । भनिन्छ, शिक्षा नै सामाजिक परिवर्तनका बाहक हुन् । त्यसैले यो पनि बिर्सनु हुँदैन कि सम्पुर्ण शैक्षिक प्रक्रियाको केन्द्र विद्यार्थी हुन् ।

**शैक्षिक स्थिति**

गाउँपालिकाबाट विद्यालयमा आधारित नौं तथा समुदायमा आधारित छ गरी जम्मा १५ वटा थप बालविकास केन्द्रको स्थापनाको स्वीकृति, कक्षा संचालन तथा व्यवस्थापन। साथै ३८ सामुदायिक विद्यालयमा केजी कक्षा संचालनको समेत अनुमति दिई गाउँपालिकाको आन्तरिक स्रोतबाट कक्षा सञ्चालन भइ/हेको छ । न्यून शिक्षक दरवन्दी भएका विद्यालय तथा अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्नका लागि विद्यार्थी संख्या तथा मौजुदा दरवन्दी संख्याको आधारमा शिक्षक व्यवस्थापन गर्न विद्यालय संचालन अनुदान प्रदान गरिदै आएको।

माध्यमिक तहका विद्यालयहरुमा ICT प्रयोगशाला, पुस्तकालय तथा विज्ञान ल्यावको स्थापना गरिएको। हालसम्म ४ वटा माध्यमिक विद्यालयहरु सरस्वती मा.वि विशुखर्क, शारदा मा.वि. रुपाकोट, शारदा मा.वि. अर्जेवा र उदय मा.वि. शान्तिपुरमा विज्ञान प्रयोगशाला, ४ वटा माध्यमिक विद्यालयहरु जनता बालनिकेतन मा.वि., पिपलपाटा, हर्राचौर मा.वि. हर्राचौर, ग्वाघा मा.वि. ग्वाघा र ज्ञानोदयमा.वि. तुराङमा पुस्तकालय स्थापना, ४ वटा माध्यमिक विद्यालयहरु शारदा मा.वि.सराङ, ग्वाघा मा.वि. ग्वाघा, जनता बालनिकेतन मा.वि., पिपलपाटा र शारदा मा.वि. रूपाकोटमा ICT ल्याब स्थापनाको लागि अनुदान प्रदान गरिएको। साथै ६ वटा विद्यालयहरु भारती आधारभूत विद्यालय रेमी, ज्ञानोदयमाध्यमिक विद्यालय तुराङ, सरस्वती माध्यमिक विद्यालय विशुखर्क, सरस्वती आधारभूत विद्यालय हर्राचौर, हिमालय आधारभूत विद्यालय ग्वाघा र बालकल्याण आधारभूत विद्यालय झुर्ममा वाससहितको शौचालय स्थापना गरिएको ।

संघीय सशर्त तर्फबाट चार कोठे भवन एक वटा, राष्ट्रिय पुननिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) गुल्मी मार्फत चार कोठे भवन ७ वटा, तीन कोठे ट्रस चार वटा, दुई कोठे ट्रस दुई वटा, शौचालय दुई वटा

निर्माण कार्य सम्पन्न भएको साथै लुम्बिनी प्रदेश सरकार मार्फत चार कोठे भवन दुई वटा,  दुई कोठे भवन एउटा, दुई कोठे शौचालय एक वटा निर्माण कार्य सम्पन्न भएको।

न्यून पारिश्रमिक भएका बालविकास सहजकर्ता, केजी शिक्षक,विद्यालय सहयोगी तथा विद्यालय सहायक कर्मचारीलाई गाउँपालिकाबाट समेत थप पारिश्रमिकको व्यवस्था गरिएको। शिक्षा सम्बन्धी कार्यलाई व्यवस्थित एवम् वैज्ञानिक बनाउन ऐन, नियमावली तथा कार्यविधि बनाइएको। आधारभूत तह (कक्षा ५ र ८) वार्षिक परीक्षाको सम्पूर्ण व्यवस्थापनका साथै अन्य कक्षाको त्रैमासिक तथा वार्षिक परीक्षाको प्रश्नपत्र निर्माण तथा वितरणको व्यवस्थापन पालिकाबाट हुने व्यवस्था गरिएको छ।

**स्वास्थ्य सेवा प्रदायक संस्थाहरु**

| वडा.न | संस्था | कुल कर्मचारी | बथिंग सेन्टर | मासिक बिरामी दर | रिक्त पद |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | ७ | भएको | २०० | पूर्ण |
| १ | स्वास्थ्य इकाई | २ | | १०० | पूर्ण |
| २ | स्वास्थ्य चौकी | ७ | भएको | २०० | पूर्ण |
| २ | स्वास्थ्य इकाई | २ | | १०० | पूर्ण |
| ३ | स्वास्थ्य चौकी | ५ | नभएको | २५० | २ खाली |
| ४ | स्वास्थ्य चौकी | ९ | भएको | ५०० | पूर्ण |
| ४ | स्वास्थ्य इकाई | २ | | १५० | पूर्ण |
| ५ | स्वास्थ्य चौकी | ६ | भएको | २०० | १ खाली |
| ५ | स्वास्थ्य इकाई | २ | | १०० | पूर्ण |
| ६ | स्वास्थ्य चौकी | ६ | नभएको | २०० | पूर्ण |
| ६ | स्वास्थ्य इकाई | २ | | ६० | पूर्ण |
| ७ | स्वास्थ्य चौकी | ६ | भएको | १५० | पूर्ण |
| ७ | स्वास्थ्य इकाई | २ | | ६० | पूर्ण |
| ८ | स्वास्थ्य चौकी | ७ | भएको | ३५० | पूर्ण |
| ८ | स्वास्थ्य इकाई | २ | | १५० | पूर्ण |

स्रोतः गाउँपकिालका कार्यालय

चन्द्रकोटको जनताको स्वास्थ्यमा अधिकतम बिरामीहरुको रोगस्थिति

१) बि.पी /सुगर २) जोरो ३) रुघा /खोकी ४)ग्यास्टिक

कुल स्वास्थ्य चौकी - ८ ओटा, कुल स्वास्थ्य इकाई - ७ ओटा, कुल बथिंग सेन्टर- ६ ओटा, सुरक्षित मातृत्व- १०० %

नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक अर्न्तगत धारा ३५ मा पनि स्वास्थ्य सम्बन्धी हक उल्लेख गरेको छ । जसमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनेको छ । यो संवैधानिक हक प्रदान गर्न नगरपालिकाले प्रभावकारी योजना बनाउनु पर्दछ ।

### ख. खानेपानी तथा सरसफाई

नेपालमा स्वच्छ पिउने पानी र सरसफाइको अभावले करिव ८० प्रतिशत झाडापखाला सम्बन्ध रोगहरूको प्रकोप फैलने गरेको पाईएको छ । स्वास्थ्य, सरसफाइको अभावले लाग्ने झाडापखाला जस्ता रोगले हजारौ बालवालिकाले अकालमा ज्यान गुमाईरहेका छन् । यसको प्रमुख कारण खानेपानी सरसफाइ र स्वच्छतामा ध्यान दिन नसक्नु नै हो । झाडापखाला, टाइफाइड, हैजा, आऊँ, जुका र पेट सम्बन्धी अनेक प्रकारका सरूवा रोगको किटाणु सार्ने र फैलाउने मूल श्रोत मानव मलमुत्र हो । खास गरी विद्यालय तथा सार्वजनिक संघ सस्थामा पर्याप्त तथा व्यवस्थित शौचालयको अभाव तथा शौचालय भए पनि पर्याप्त पानीको आभावमा कारण सरसफाइ र स्वच्छताको क्षेत्रमा समस्या देखिने गरेको छ । सरसफाइको अभावले पोषण स्तरमा समेत समस्या आइ बालवालिकाको शारीरिक र मानसिक विकासमा समेत सन्तुलित विकास हुन पाउदैन । चन्द्रकोट गाउँपालिकामा हालसम्म ८९ प्रतिशत घरपरिवाको घरमा एक घर एक धारा जडान सम्पन्न भएको छ । ७८ प्रतिशत नागरिकको घरमा साधारण तथा आधुनिक रुपमा व्यवस्थित शौचालय निर्माण भएको छ । करिव २२ प्रतिशत जनताको घरमा अझै पनि शौचालयको ढल खुला रहेको देखिन्छ ।

### ग. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

कुल जनसङ्ख्याको आधा भन्दा बढी हिस्सा ओगटेको नेपाली महिलाहरूको स्थिति अझै पनि उपेक्षित र उत्पिडनको अवस्थामा रहेको छ । महिलाहरूको मुद्धा हाम्रो देशमा मात्र नभएर विश्वमा नै गहन र संवेदनशिल रूपमा लिईएको छ । राज्य संचालनमा महिलाहरूको अधिकार सुनिश्चित गर्ने क्रममा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद अन्त्य गरी आर्थिक समानता, समृदि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा सहभागीता गराउने गरिएको छ ।

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०४८, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC) १९८९, नेपालको चौधौं आवधिक योजना (२०७४–२०७५/०७६) लगायत अन्य कानून, नीति तथा कार्यक्रमहरूले समेत बालअधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ । स्थानीय सरकारको रूपमा रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रूपमा स्थापित भैसकेका छन् । बालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ कार्यान्वयनमा आई केही नतिजाहरू समेत हासिल भैसकेका छन् । यस्ता प्रयास र नतिजाहरूलाई निरन्तरता दिँदै यसको विकास र विस्तारका लागि थप प्रयास गरिएको छ ।

चन्द्रकोट गाउँपालिकामा विद्यालय जाने उमेरका बालबालिका मध्ये करिब ९६.६ प्रतिशत विद्यालय भर्ना हुने गरेका छन् (EMIS प्रतिवेदन) । नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकको रूपमा व्याख्या गरेको छ । साथै राज्यको पुनःसंरचना हुदा स्थानीय तह र प्रदेश सरकारको भुमिका समेत थप भएको अवस्था र बालमैत्री स्थानीय शासन कार्यान्वयनको अनुभव समेतलाई आधार मानी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा परिमार्जन सहित बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०७४ कार्यान्वयनमा ल्याईएको छ । माथी उल्लेखीत तथ्यांक पालिका स्तरमा बनी नसकेको हुनाले योजनाको लक्ष्य र कार्यान्वयनमा सहजताका लागि राखिएको हो ।

### १.५.५ भौतिक पूर्वाधार तथा वातावरण

भौतिक पूर्वाधा देशको आर्थिक तथा सामाजिक विकासको मुख्य आधार हो । यसमा सडक, रेल, विमानस्थल, जलमार्ग, भवन, विद्युत, संचार, खानेपानी, ढल, सिंचाइ जस्ता पक्षहरू पर्दछन् । नेपालमा यी क्षेत्रको पर्याप्त र गुणस्तरीय

विकास र विस्तार हुन नसक्दा देशको आर्थिक विकास हुन सकेको छैन । प्रत्येक समुदायसंगैबस्ती बस्तीको आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक आधारभूत पूर्वाधार सडक यातायात हो । यातायातको सबै भन्दा कम खर्चिलो माध्यम हो । गाउँपालिकाका क्षेत्र भित्र भौतिक पूर्वाधारको स्थिति र त्यसको उपयोगको अवस्था योजना तर्जुमा गर्ने महत्वपूर्ण आधार हो । यस अर्न्तगत सडक, स्वास्थ्य, यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सञ्चार तथा प्रविधि, आवास तथा भवन जस्ता विषयहरू समावेस गरिएको छ ।

### क. सडक

चन्द्रकोट गाउँपालिका अन्तर्गत वडा नं १ देखि ८ सम्मको वडामा क्रमश, १२,२०,४,१०,२१,१०,११,२० गरी ११० कि.मि नया ट्र्याक खोल्ने काम गरिएको र क्रमश २,१०,१४,१६,८,२०,२१,१५ गरि १०६ कि.मि स्तरउन्नति गरिएको छ । प्रदेश र संघको लगानीमा ६ कि.मि सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ र विभिन्न वडा गरि २५ कि.मि सडक स्तरुन्नती भएको छ । यस पालिकाको शान्तिपुर चोरकाटे मोटरबाटो संघीय र लुम्बिनी प्रदेश सरकारको लगानीमा १४ कि.मि. कालोपत्रे हुँदै छ । रिडी बुर्तिबाङ्ग सडक कालोपत्र भैसकेको छ । भने सोता खण्डमा सडक विस्तार हुँदैछ । (स्रोतः चन्द्रकोटको पाँच वर्ष प्रतिवेदन)

### ख. सूचना प्रविधि तथा सञ्चार क्षेत्रको स्थिति

सूचना प्रविधि तथा सञ्चार क्षेत्रको विकास आर्थिक, सामाजिक तथा वातवरणीय विकासको महत्वपूर्ण आधारको रुपमा स्थापित भएको छ । सञ्चार प्रणालीमा हुलाक, निजी कुरियर, टेलिफोन, फ्याक्स तथा इन्टरनेट जस्ता आधुनिक सञ्चार सुविधाहरु पर्दछन् । साथै यस्ता सेवा ठाउँ-ठाउँमा खुलेमा साइबर क्याफेहरु, होटल, लज, विद्यालय र क्याम्पसहरुमा पनि उपलब्ध भएमा सर्वसाधारणको पहुँचमा बृद्धि भई चाहेको विकास गर्न सकिन्छ । नेपालमा बढीमात्रामा नेपाल टेलिकम प्रा.लि.को नमस्ते र स्काई मोबाईलका साथै ईमेल, ADSL, PSTN line, फ्याक्स आदि सेवाहरु र एनसेल प्रा.लि.को मोबाईल सेवा प्रयोग गरिरहेका पाइन्छ ।

### ग. वन तथा वातावरणीय स्थिति

नेपालमा कुल भु-भागको ४४.७४ प्रतिशत वन क्षेत्र रहेपनि अतिक्रमण घट्न सकेको छैन । वन तथा वातावरण मन्त्रालयका अनुसार जसमध्ये १ लाख हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा छ ।

नेपालमा सामुदायिक वन, कवुलियती वन, साझेदारी वनमार्फत् समूह गठन गरी वन संरक्षणको काम गरिएको छ । यसबाहेक कुल भूभागमध्ये २३.३९ प्रतिशत भाग संरक्षित अवधारणामा छ ।

वातावरण एक वृहत्विषय हो जसले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अव्यवहरू तथा तिनीहरू बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धलाई जनाउँछ । यी समस्याहरूको समाधान मापदण्ड सहित नियन्त्रण र नियमन गर्नु आवश्यक रहेको छ । नेपाल पनि वातावरण विनासको बढ्दो दर र त्यसको व्यवस्थापनको विश्वव्यापी चासोबाट अछुतो रहन सक्दैन । कुनैपनि ठाँउको वातावरण स्वच्छ र सुन्दर राख्नका लागि प्राकृतिक श्रोतहरूको संरक्षण गर्नुका साथै स्थानीय स्तरमा गरिने क्रियाकलापहरू जस्तै जनचेतनाको विकास, सुरक्षित बस्तीको निर्माण, वृक्षारोपण, वातावरणीय सरसफाइ, वनफँडानी रोकथाम सम्बन्धी कार्यक्रमहरू संचालन गरि आफ्नो जिम्मेवारी बहन गर्नका लागि समेत प्रोत्साहन गर्दै आएकोछ ।

यस चन्द्रकोट गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न गाउँपालिका हो । यस गाउँपालिकामा न्यानो समशितोषण वा उष्ण प्रदेशिय हावापानी देखि समशीतोष्ण क्षेत्रमा पाइने वन्यजन्तु तथा वनस्पतिहरू रहेका छन् । चन्द्रकोट गाउँपालिकामा पाइने प्रमुख वनस्पतीका प्रजातिहरूमा : साल, सल्ला, उत्तीस, चिलाउने, लाली गुराँस, कटुश, शिमल, चिउरी आदि रहेका छन् । साथै यस गाउँपालिकाभित्र रहेका जडिबुटीहरूमा : असुरो, हाडेकाफ, दुरीकाफल, पाती, बाको, दालचिनी, काहुलो, सिकारी लहरो, अमला आदि रहेका छन् । यसका साथै

यस गाउँपालिकामा रहेका जनावर तथा चराचुरूङ्गीहरूमा : चितुवा, मृग, कालिज, ढुकुर, तीत्रा चरा, बाथ, ढुकुर, ढेडुवा बाँदर, कालिज लुइचे, स्याल/फ्याउरो, बादर, वन बिरालो, कोइली, दुम्सी आदि रहेका छन् ।

नेपालका वनलाई व्यवस्थित गर्न विभिन्न किसिमका प्रावधानहरू नेपाल सरकारको मातहतमा बनेको छ । संरक्षण र व्यवस्थापन गर्ने सवालमा छुट्टै विशेष व्यवस्थाहरू बनाइ सोही अनुसार कार्यन्वयनको चरणमा अघि बढेको छ । स्थानीय निकायहरूले पनि यसलाई पालन गर्न कटिवद्ध भएका छन् । सामुदायकि वन, धार्मिक वन, कवुलियती वन, नीजी वनलाई व्यवस्थित गर्न यसका छुट्टा छुट्टै व्यवस्था छ । यसका वन पैदावरलाई उपयोगमा ल्याउन समुदायको हितमा काम गर्न यस्ता विधी विधानले धेरै सहयोग पुऱ्याएको छ । यस पालिकामा हालसम्म ३८ वटा सामुदायिक वन उपभोक्ता समूहहरु छन् । जसमा ३८४७ घर परिवारहरु आवद्ध रहेका छन् ।

### घ. जलस्रोत तथा जलाधर क्षेत्र

जलस्रोतको धनी देशको रूपमा चिनिएको हाम्रो देश नेपालभित्र रहेका नदी नालाहरूको सरदर वार्षिक बहाव ( Average Annual Run -off) करिब २२५ अर्ब घन मिटर रहेको अनुमान गरिएको छ । पुनर्भरण योग्य भूमिगत जल (Rechargeable Groundwater) ५.८ र ११.५ अर्ब घन मिटरको बीचमा रहेको अनुमान गरिएको छ । उपलब्ध जलस्रोत मध्ये सिंचाइमा २८.८ अर्ब घन मिटर, उद्योगमा ०.५ अर्ब घन मिटर र सेवा क्षेत्रमा ०.०१ अर्ब घन मिटर पानी उपयोग भइरहेको अनुमान छ । हाल नेपालको जल उपयोग दक्षता ०.६ अमेरिकन डलर प्रति घन मिटर रहेको  छ । यस हिसाबले आर्थिक तथा सामाजिक रूपमा पानीको उपयोग न्यून छ ।

### ङ. जैविक विविधता र वातावरणीय सेवा

जैविक विविधता भन्नाले पृथ्वीमा रहेका सबै प्रकारका जीवजन्तु तथा वनस्पतिका आणुवंशिक, प्रजातिगत र पारिस्थितिक प्रणाली विविधता भनेर बुझिन्छ । जैविक विविधताबाट मानिसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अनेकौं वस्तु तथा सेवाहरू जस्तै खाना, ऊर्जा, औषधी, अक्सिजन आदि निरन्तर पाइरहेका छन् । जैविक विविधताको अत्यधिक उपयोग हुँदै जाँदा, जैविक विविधतामा ह्रास आउनुका साथै प्राकृतिक प्रक्रिया असन्तुलित भई मानव जीवनको अस्तित्व नै खतरामा पर्ने कुरा मनन गरी, सन् १९९२ मा आयोजित पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धि पारित गरेपछि, सन् १९९३ देखि जैविक विविधता महासन्धि कार्यान्वियन हुँदै आएको छ । यस महासन्धिले जैविक स्रोतहरूको संरक्षण र दीगो उपयोग तथा त्यसको उपयोगबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँडलाई विशेष महत्व दिएको छ ।

संयुक्त राष्ट्रसंघको आह्वानमा, प्रत्येक वर्ष जैविक विविधता सम्बन्धी जनचेतना जगाउने उद्देश्यले, मे २२ तारिखलाई अन्तराष्ट्रिय जैविक विविधता दिवसका रूपमा मनाउने गरिन्छ । विश्व मानचित्रमा नेपाल भौगोलिक रूपले सानो देश भए पनि, जैविक विविधताको हिसाबले नेपाल विश्वको तथा एसियाको क्रमशः २५औं र ११औं स्थानमा रहेको छ । जैविक विविधता रणनीति (२०१४-२०२०) अनुसार विश्वमा पाइने कुल वनस्पती प्रजातिको ३.२ प्रतिशत तथा कुल जीवजन्तु प्रजातिको १.१ प्रतिशत नेपालमा पाइन्छ । यी प्रजातिहरू मध्ये कैयौं स्थानिय प्रजाति पनि छन् ।

एक अध्ययन अनुसार, नेपालका ग्रामीण भेगका मानिसले झन्डै १,४४३ प्रजातिका जडिबुटी प्रयोग गर्छन् । यसरी प्राकृतिक रूपमा नेपाल निकै धनि र अद्वितीय रहेको तथा अधिकांश नेपाली जनता कृषि र वनमा निर्भर रहेको तथ्यलाई ध्यानमा राखी, नेपाल सरकारले जैविक विविधता महासन्धिको उद्देश्य प्राप्तिका लागि उल्लेखनीय भूमिका खेलेको छ । वातावरण ऐन, २०५३ को दफा २ अनुसार-ब्रह्माण्ड प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक एवम् मानवीय क्रियाकलापहरू र ती अवयवहरू बीचको अर्न्तक्रिया तथा सम्बन्धलाई वातावरण भनेर परिभाषित गरेको छ । पृथ्वीमा मानिस लगायत वनस्पती, पशुपंक्षी, सुक्ष्म जीव, आदिको विविधता तथा पारिस्थितीक प्रणालीहरूको किसीमलाई जैविक विविधता भनको छ । जैविक विविधताले वंशाणुगत तथा प्रजातीय विविधतालाई

जनाउँछ । कुनै स्थानको जैविक विविधता भन्नाले प्रति एकाई वर्गमा विद्यमान जीवाणु, वंशाणु, प्राणी र त्याहाँको पारिस्थितिक प्रणालीलाई जनाउँछ ।
जैविक विविधता भित्र पारिस्थिक प्रणालीको विविधता : वंशानुगत विविधता : प्रजाती विविधता : विभिन्न पक्षलाई उल्लेख गरिएको छ । चन्द्रकोट गाउँपालिकाको हकमा पनि यस्ता जैविक विविधताहरू प्रशस्त छन्संरक्षण व्यवस्थापनको आवश्यकता देखिएको छ । जस्तै यस गाउँपालिकामा जनावर तथा चराचुरूङ्गीहरूमा : चितुवा, कालिज, ढुकुर, तीत्रा चरा, बाथ, ढुकुर, ढेडुवा बाँदर, कालिज लुइचे, स्याल/फ्याउरो, बाँदर, मृग, वन बिरालो, ढुकुर, कोइली, स्याल, दुम्सी आदि रहेका छन् । त्यसैगरी वनस्पति जन्य विविधतामा : साल, सल्ला, दाल चिनी, लाली गुराँस, कटुस, शिमल, चिउरी, अमला, पाखनभेद लगाएतका जडीवुटी समेत रहेका छन् ।

### च. विपद् जोखिम तथा व्यवस्थापन

विपद् जोखिम व्यवस्थापन भन्नाले प्रकोपका प्रतिकूल असरहरू एवम् विपद्को संभावनालाई कम गर्ने ध्येयका साथ तय गरिएका रणनीति, नीति तथा सामना क्षमता अभिवृद्धिका कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक प्रशासनिक निर्देशन, सांगठनीक संरचना एवम् व्यावहारिक सीप तथा क्षमताहरूको प्रयोग गर्ने व्यवस्थित प्रक्रिया हो । नेपाल वहुप्रकोप जोखिमयुक्त देशहरूमध्ये उच्च जोखिममा रहेको देश हो । नेपालको भौगोलिक वनावट र यसबाट सिर्जित परिणाम जो प्रकोपका दृष्टिले अति संवेदनशिल तथा जोखिमयुक्त अवस्थामा रहेको छ । विभिन्न तथ्याङ्कहरूमा उल्लेख भए अनुसार नेपाल सम्पुर्ण जोखिमको हिसावले २० औं स्थानमा छ । भूकम्पको हिसावले विश्वमा ११ औं, बाढीको हिसावले ३० औं र जलवायु परिवर्तनको हिसावले एशिया स्तरमा छैठौं जोखिमपूर्ण देशका रूपमा रहेको छ ।
यस चन्द्रकोट गाउँपालिकामा विपद् जोखिम व्यवस्थापनका विभिन्न कार्यक्रमहरू भइरहेका छन् । यस गाउँपालिकामा वडास्तरीय तथा गाउँपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति पनि गठन गरिएका छन् । साथै यस गाउँपालिकामा विपद् तथा जलवायु उत्थानशील योजना पनि निर्माण गरेर विपद् पुर्वका क्रियाकलापहरू (जनचेतना तथा क्षमता अभिवृद्धि, जोखिम न्यूनीकरण, आपत्कालीन पुर्वतयारी), विपद्को समयका क्रियाकलापहरू, विपद् पश्चातका पुर्नलाभ अन्तर्गत पुर्नस्थापना तथा पुनर्निर्माणका क्रियाकलापहरू आदिका बारेमा समुदायमा जानकारी दिने कार्य भइरहेको छ ।

### छ. विपद् व्यवस्थापनको पूर्वतयारी

यस चन्द्रकोट गाउँपालिकामा विपद् पूर्वतयारीका लागी यस गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन योजना पनि तयार भएको छ । पहिचान गरिएको जोखिम पहिचान तथा विश्लेषण सङ्कट सन्नताको आधारमा यस चन्द्रकोट गाउँपालिकामा भूकम्प, पहिरो, बाढी, सडकदुर्घटना, आगलागी, हुरीवतास, चट्याङ, जनावर आतंक, महामारी आदि जस्ता जोखिम रहेको छ । यसैगरी यस गाउँपालिकामा सुख्खा खडेरीको क्रमहरू बढ्दै गएको, पानीका मुहानहरू सुक्दै जाने गरेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्याधिक पर्ने गरेको, बेमौसमी असिनाहरू पर्ने, फलफुल तथा तरकारीहरूमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायु जन्य समस्या पनि देखिएको छ । यस गाउँपालिकाले पहिचान गरेका विपद् पूर्वतयारी तयारी तथा जोखिम न्यूनीकरणका उपयाहरू निम्न अनुसार रहेको छ ।

- बडिगाढ नदी र हुग्दीखोलामा तटबन्ध गरिरहेको ।
- ढल निर्माणका कार्यलाई प्राथमिकतामा राखिएको ।
- विपद् व्यवस्थापन कोषको व्यवस्था गरी प्रयोगमा ल्याइएको ।
- विपद् व्यवस्थापन समिति मार्फत विपद् न्यूनिकरणका लागि आवश्यक परिचालन गरिएको ।
- उद्दारका सामग्री व्यवस्थापन गरी राखिएको ।

### १.५.७ संस्थागत तथा सुशासनको स्थिती

स्थानीय शासन विकासको महत्वपूर्ण आधार हो । यसमा संस्था, संयन्त्र, प्रक्रिया र रणनीति पर्दछन् । स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा स्थानीय शासन पद्दती समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा सञ्चालीत हुनु पर्दछ । देशमा विद्यमान सम्पूर्ण संस्थाको संयुक्त प्रयासबाट आमजनताको हित र कल्याणलाई सर्वोपरी ठानी पारदर्शी, उत्तरदायी, सहभागितामूलक, समन्यायिक, सक्षम, स्वच्छ, सुदृढ, कुशल र विधिसम्मत शासन सञ्चालन गर्ने एक प्रकारको अवधारणा, प्रक्रिया वा पद्धति हो ।

जनतालाई सुशासन प्रत्याभूती गर्ने उद्देश्यले नेपाल सरकारका प्रत्येक कार्यालयमा नागरिक बडापत्रका ठूला-ठूला बोर्ड राखिएका छन, जसमा सरोकारवाला/सेवाग्राहीले आफ्नो कामको लागि कहाँ-कहाँ र कस-कससँग सम्पर्क गर्नुपर्छ र सबै कागजात पुरा भएमा कति समयभित्र सेवा प्राप्त गर्न सकिन्छ भनी उल्लेख गरिएको हुन्छ । यसका साथै सुशासनकै निम्ति सबै नेपाली नागरिकलाई कानुन बमोजिम गोप्य राख्नुपर्ने बाहेक सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने संविधान प्रदत्त हकको संरक्षण तथा संवर्द्धन गर्न तथा सार्वजनिक कामकारबाही पारदर्शी बनाउन र त्यस्ता काम कारबाहीको सूचना दिन सूचना अधिकारी तथा जनताको जनगुनासो व्यवस्थापनका लागि नोडल अधिकृतको समेत व्यवस्था गरिएको छ । कार्यालयमा स्तनपान, सहायता कक्षको व्यवस्था गरिएको छ । साथै विषयगत क्षेत्र र उपक्षेत्र अनुसार जिम्मेवारी बाँडफाँड गरिएको छ ।

## १.६ चन्द्रकोट गाउँपालिकाको विकास स्थितिको समीक्षा

आर्थिक विवरणमा अर्थतन्त्रको समग्र आर्थिक चरित्र चित्रण उल्लेख भएको हुन्छ । समष्टिगत आर्थिक चरित्रमा कुनै पनि अर्थतन्त्र संघ, प्रदेश वा स्थानीय तहको आर्थिक स्थिति जस्तै औषत आय, औषत खर्च, रोजगारी, उपभोग आदि पर्दछन् । यस अर्थमा आर्थिक योजना तर्जुमा गर्दा वर्तमान समष्टिगत आर्थिक स्थितिबारेको विवरण उल्लेख हुन आवश्यक हुन्छ ।

आर्थिक विकासले राजनीतिक, सामाजिक, सांस्कृतिक परिवर्तनको सवालमा महत्वपूर्ण भूमिका खेल्दछ । आर्थिक हैसियतले सामाजिक परिवर्तनको गति र दिशालाई समेत पथप्रर्दशन गर्दछ । राम्रो र मजबुद आर्थिक अबस्था भएको समाजमा नयाँ नयाँ परिवर्तनरुपी क्रियाकलापलाई सजिलै आत्मसाथ गर्न सकिन्छ । अन्य विकासको तुलनामा आर्थिक विकास नेतृत्वदायि विकास हो । प्रत्येक सामाजिक प्राणि मानवको संवेदशील मानसपटलमा आर्थिक तत्वले घच्घचाई रहेको हुन्छ । वास्तवमा सामाजिक क्रियाकलापको केन्द्रबिन्दु नै आर्थिक विकास हो । आर्थिक हैसियतकै आधारमा सामाजिक व्यबहार, मुल्य मान्यता, क्रियाकलाप, सम्बन्धको दायरा तथा अन्य अबस्थाको विकास हुन्छ । जब मानिस आर्थिक रुपले सम्पन्न हुन्छ तब शिक्षा, स्वास्थ्य, सञ्चार, पोषण लगाएतका क्षेत्रमा उसको पहुँच विस्तार हुन्छ, परिणम स्वरुप समाजलाई हेर्ने वैज्ञानिक दृष्टिकोण र मान्यताको विकास हुन्छ । नयाँ मान्यता, संस्कार व्यबस्था र व्यवहारलाई आत्मसाथ गर्न समाजका मानिसहरु घनिभुत भएर लाग्छन । जसले गर्दा सामाजिक परिवर्तनको गति तिब्र बन्दै जान्छ । यसरि आर्थिक विकासले सामाजिक परिबर्तनमा प्रमुख स्थान ओगटेको छ । यसै अनुरुप यस क्षेत्रको आर्थिक विकासका सिमा तथा स्रोतहरुको विबरण लाई तल प्रस्तुत गरिएको छ ।

आ.व. २०७८।०७९ को स्रोत परिचालनको विवरण

| क.सं. | नतिजा सूचक | इकाई | २०७८/ ७९ |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | पालिकाको कूल वार्षिक वजेट | रु.करोड | ४८.४१ |
| २. | प्रतिव्यक्ति बजेट खर्च | रु.हजार | २३.०५ |
| ३. | कूल वजेटको वास्तविक खर्च | प्रतिशत | ८२.५२ |
| ४. | कूल वजेटको पूँजीगत खर्च | प्रतिशत | ८१.६६ |
| ५. | लैङ्गिक उत्तरदायी वजेट विनियोजन | प्रतिशत | १० |
| ६. | सङकलित कर राजस्व र गैरकर राजस्वको (कर‌राजस्व : गैरकरराजस्व) | अनुपात | ६:५ |
| ७. | कूल वजेटमा वाह्य श्रोतको हिस्सा | प्रतिशत | ९८.१८ |
| ८. | कूल वेरुजु मध्येको फछ्र्यौट रकम | प्रतिशत | |
| ९. | आयोजना कार्यान्वयनमा उपभोक्ता समूहको योगदान हिस्सा (वार्षिक कूल खर्चमा) | प्रतिशत | ० |
| १०. | सम्भावित करदाताहरु मध्येमा नियमित कर भुक्तानी गर्ने करदाता संख्या | प्रतिशत | ९० |
| ११. | समानीकरण अनुदान (संघ) | रु. हजारमा | ११४,४०५ |
| १२. | समानीकरण अनुदान प्रदेश | रु. हजारमा | ५,३६१ |
| १३. | राजश्व बाँडफाड र अन्य राजश्व (संघ, प्रदेश, स्थानिय) | रु. हजारमा | ८९,९१९ |
| १४. | र्सत अनुदान (संघ, प्रदेश) | रु. हजारमा | ३५१,३८० |
| १५. | समपुरक अनुदान र बिशेष अनुदान (संघ, प्रदेश) | रु. हजारमा | ५७,६७६ |
| १६. | अन्यतकार्यक्रम अनुदान | रु. हजारमा | २३,४७४ |

## १.७ आर्थिक अर्न्तरसम्बन्ध

चन्द्रकोट गाउँपालिकाको आर्थिक क्रियाकलापमा अर्न्तरसम्बन्ध विशेषगरी छिमेकी जिल्ला तथा गाउँपालिका/नगरपालिकाहरु लगायत बाग्लुङ, पाल्पा, रुपन्देही जिल्ला तथा स्थानीय तह बाग्लुङको बरेङ, बडिगाढ गाउँपालिका, गल्कोट नगरपालिका र गुल्मीका सत्यवती, कालिगण्डकी, छत्रकोट, गुल्मी दरवार, रुरु गाउँपालिका, मुसिकोट र रेसुङ्गा नगरपालिकासँग रहेको पाइन्छ । यहाँका मानिसहरु दैनिक रोजगारी लगायत अन्य कारोवारको लागि गाउँपालिका भित्रैका स्थानीय बजारहरु शान्तिपुर, मजुवा लगायत तम्घास, बुटवल, भारत र समुद्रपारका देशहरुमा जाने गर्दछन् । यस ठाँउमा उत्पादित कृषिजन्य वस्तुहरुको बिक्री वितरणका लागि छिमेकी गा.पा. लगायत, बुटवलसम्म हुने गरेको देखिन्छ । गाउँपालिकालाई चाहिने अन्य कृषि सामाग्री, खाद्य सामाग्री लगायत दैनिक आवश्यकताका वस्तुहरुको आयात भने मुलतः बुटवल, तम्घास काठमाण्डौं लगायतबाट हुने गरेको देखिन्छ ।

# परिच्छेद - दुई
# प्रादेशिक योजना

## २.१ पृष्ठभूमि

प्रादेशिक योजनाको योजनाको लक्ष्य प्राप्ती गर्ने मुख्य आधार हो । क्षेत्रगत आधारमा लक्ष्य हासिल गर्नुपर्ने विषयगत समिति र सो अन्तर्गतका उपक्षेत्रगत शाखा कार्यालयको योजना राष्ट्रिय लक्ष्य संग तादम्यता हुनेगरी तर्जुमा गर्न यसको महत्वपूर्ण स्थान रहेको हुन्छ । कुनै पनि सरकारले जनताको समग्र आर्थिक तथा सामाजिक विकासको स्थितिका आधारमा चाहेको अबस्थामा पुग्न प्रादेशिक योजना बनाएको हुन्छ । स्थानीय सरकारले स्थानीय जनताको आवश्यकता र चाहना अनुसार उनीहरुले चाहेको अवस्थामा पुग्ने गरी योजना बनाएको हुन्छ ।

स्थानीय सरकारले योजना बनाउँदा भिन्नतामा एकरुपता (Uniformity in Diversity) का आधारमा सन्तुलित विकास योजना बनाउनु पर्दछ । तसर्थ, यो आवधिक विकास योजनाले स्थानीय समस्या सम्बोधन गर्नुको साथै केन्द्र र प्रदेश सरकारको लक्ष्य तथा उद्देश्यलाई पनि सम्बोधन गर्नेछ भन्ने अपेक्षा गरिएकोछ । यसका लागि यो आवधिक योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको विकास योजनामा उल्लेख गरिएका मुख्य लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम संग सकेसम्म तादम्यता कायम हुने गरी आबधिक योजना बनाईएको छ । यसका अलावा नेपाल सरकारले अन्तराष्ट्रिय संघ, संगठन संग आवद्ध भई गरेका सन्धी सम्झौताहरु, जस्तै दिगो विकास लक्ष्य, लाई पनि ध्यानमा राखिएको छ । यो आवधिक योजनामा स्थानीय सोच, लक्ष्य, उद्देश्य, नीति, रणनीति विश्वव्यापी सोचमा स्थानीयता (Think Globally, Act Locally) को आधारमा निर्धारण गरिएको छ । स्थानीय सरकारले योजना बनाउँदा स्थानीय तहको आर्थिक क्रियाकलापमा सघाउ पुऱ्याउने तुलनात्मक रुपमा कम गतिशील साधनको उत्पादन, विकास र विस्तारमा बढी जोड दिनु पर्दछ । तसर्थ, स्थानीय योजना बनाउँदा सम्बन्धित स्थानीय सरकारलाई आइपरेका ती क्षेत्रको विकास र विस्तारमा आइपर्ने चुनौती र अवसरबारे विशेष ध्यान दिनु पर्दछ । यहि मान्यता अनुसार चन्द्रकोट गाउँपालिकाको मुख्य चुनौती र अवसर स्थानीय जनताको अनुभव र धारणाका आधरमा उनीहरुबाट नै संकलन गरिएको थियो ।

## २.२ चुनौती र अवसर

चन्द्रकोट भौगोलिक आधारमा ठूलो भौगोलिक क्षत्रफल भएको पहाडी भूभाग बढी भएको गाउँपालिका भएकोले आर्थिक विकासलाई गती दिन चुनौतीपूर्ण रहेको छ । चुनौती एउटा अनिश्चितताको संगालो हो । यसलाई निश्चित बनाउन सकिने सवालहरुलाई समस्याको रुपमा लिइनु पर्दछ । समस्या समाधान गर्न सकिने तर मानिसले दुःख भोगिरहेको अबस्था हो । वास्तवमा कुनै पनि समस्यामा कारण र असर हुन्छन् । समस्यालाई अवसरका रुपमा बदल्न सकिन्छ । किनकी समस्याको नकारात्मक असर देखिन्छ र त्यसमा कुनै न कुनै कारण लुकेको हुन्छ । त्यस्ता नकारात्मक असर समाधान गरी सकारात्मक बनाउनु चुनौतीपूर्ण कार्य हो ।

स्थानीय जनताको वर्तमान अबस्थाका आधारमा चाहेको अबस्थालाई जोड्न यो आवधिक योजना बनाइएको हो । यसमा वर्तमान अबस्थामा गुज्रनु पर्नाका कारण र स्थानीय जनताले भोगेका कठिनाईलाई सम्बोधन गर्ने प्रयास गरिएको छ । यसका लागि विगतको स्रोतको आधारमा प्रक्षेपण गरिएको साधन र परिकल्पना गरिएको साध्यबीचको सम्बन्धको आधारमा योजना बनाइएको छ । गाउँपालिकाको आर्थिक तथा सामाजिक विकास योजना तर्जुमा गर्नको लागि स्थानीय जनताको सहभागीतामा गाउँको विकासका चुनौती र अवसरहरु पहिचान गरी सोको आधारमा योजना तर्जुमा गर्न प्रयास गरिएको थियो । विकासका चुनौतीमा पालिकामा उपलब्ध भएको स्रोत साधनको कसरी उच्चतम प्रयोग गरी गाउँबासीको आवश्यकता र चाहना अनुसार आर्थिक समृद्धि र सामाजिक सुख प्रदान गर्ने भन्ने नै हो । यसका लागि योजना तर्जुमा तथा कार्यान्वयनमा आइपर्न सक्ने चुनौती र अवसरको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

चुनौतीको सामना गर्न पालिकाको सोच, लक्ष्य र उद्देश्य निर्धारण गरी त्यसको प्राप्तीका लागि उपलब्ध स्रोत साधनको सकेसम्म उच्चतम प्रतिफल प्राप्त हुने गरी विनियोजन गरिएको छ । यस स्थितिमा विषयगत क्षेत्रको चुनौती र अवसर संक्षिप्तमा उल्लेख गरिएको छ ।

कृषिको उत्पादन र उत्पादकत्वमा बृद्धि, व्यवसायीकरण, प्रचारप्रसार, उद्योग, पर्यटनमा आकर्षण बढाई आर्थिक क्रियाकलाप बढाउनु चुनौतीपूर्ण कार्य हुन् । गुणस्तरिय, रोजगारमुलक शिक्षाको विकास सामाजिक विकासको समस्या हो । दिगो, लागत लाभमा प्रभावकारी बनाउनु पूर्वाधार विकासको समस्या हो । वन क्षेत्रको विकास र विस्तार, खानीको उच्चतम प्रयोग वातावरणीय चुनौती हो । ज्ञान, सीप, क्षमता, प्रभावकारी कानून संस्थागत विकासका चुनौती हुन् ।

नेपालको औषत जनसांखिकीय चरित्र संग यस पालिकाको जनसंख्याको चरित्र मिल्दछ । तर नेपाली जनताको रोग, भोक र गरिबी हटाई समृद्ध नगर, सुखी नगर बासी बनाउन जनताको आवश्यकता र चाहना अनुसारको योजना बनाउनु आफैमा चुनौती पूर्ण कार्य हो । यस्तो योजना तजुमा गर्न नेपालको संविधान र कानुनले स्थानीय तहलाई जिम्मेवार बनाएको छ । स्थानीय सरकारले संविधान तथा कानुन अनुसार योजना तर्जूमा गर्न पाउने अधिकारलाई महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ । तर जनताको आवश्यकता र चाहना अनुसार कार्यान्वयन योग्य र लागत लाभको दृष्टिले प्रतिफलमा आधारित योजना तर्जुमा गर्नु चुनौतीपूर्ण कार्य हो । यसका लागि स्थानीय तहले भोग्नु परेको चुनौती र सम्भावनाहरु के के छन् पहिचान गर्न प्रयास गरिएको छ ।

चन्द्रकोट गाउँपालिका प्राकृतिक श्रोत साधन, सम्पदा, भू-बनौट तथा हावापानी, कला, साहित्य-संस्कृतिका दृष्टिकोणबाट मध्यम स्तरको रहेको पाउन सकिन्छ । भौतिक तथा प्राकृतिक साधन स्रोत अगतिशिल वस्तु हो यसलाई मानविय प्रयासले मात्र गतिशिल बनाउन सकिन्छ । यहाँ धेरै मानिसहरु बेरोजगारीका कारण कष्टपूर्ण जीवन विताउन बाध्य छन् । मानवीय स्रोतलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेको खण्डमा यस पालिकाको विकासको सम्भावना धेरै छ भन्न सकिन्छ । यद्यपी वर्तमान आधुनिक उत्पादन प्रविधि, उत्पादकत्व, साधनको विविधिकरणका आधारमा उत्पादन प्रक्रियामा आमूल परिवर्तन भएको छ । यसका लागि मौद्रिक पुँजीको आवश्यकता पर्दछ । मौद्रिक पुँजीलाई सीमान्त लागत लाभको दृष्टिबाट सन्तुलीत विकासलाई ध्यानमा राखी लगानी गर्नु पर्दछ । संविधान तथा कानुनले स्थानीय स्रोत परिचालनको लागि पर्याप्त अधिकार दिएको छ भने संघ र प्रदेशले पनि कानुन अनुसार स्रोत हस्तान्तरण गर्नु पर्ने बाध्यकारी व्यवस्था गरेको छ । ती स्रोतहरुलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेको खण्डमा आवधिक रुपमा स्रोतको प्रभावकारी उपयोग गरी यस पालिकालाई योजनामा परिकल्पना गरिएको निर्दिष्ट लक्ष्यमा पुर्‍याउन सकिने सम्भावना छ ।

चन्द्रकोट गाउँपालिका स्रोत साधनमा धनि भएर पनि अर्थात, प्राकृतिक र मानवीय स्रोतमा धनी भएर पनि आर्थिक तथा सामाजिक विकासका दृष्टिले धनि हुन नसक्नु आफैमा एउटा चुनौती हो । आर्थिक विकासमा विश्वका जस्तै चीन, दक्षिण कोरीया, मलेसिया, सिंगापुर लगायतका देशहरुले छोटो समयमा धेरै ठूलो विकास गरी सकेको छ । विश्वका धेरै देशको अनुभव र उदाहरणहरुका आधारमा राजनीतिक संस्कार, सोच, परिपाटी, इच्छा शक्ति आदि कुराहरु पनि विकासका महत्वपूर्ण कारक तत्व हो भन्न सकिन्छ । स्थानीय तह देखी नै यी विषयहरुमा सम्वेदनशिल हुन आवश्यक छ । अर्थराजनीतिका विज्ञहरुले स्थानीय तहको विकासको लागि वित्तीय संघीयतालाई महत्वपूर्ण सैद्धान्तिक आधार बनाएका छन् । यसमा सामाजिक पक्षलाई पनि जोडेर व्यापक चर्चा गरेका छन् । यस सम्बन्धमा second generation fiscal federalism, refined fiscal federalism, market preserving federalism आदि सिद्धान्तको आधारमा व्याख्या गरिएको पाइन्छ ।

नेपालमा यही सिद्धान्तका आधारमा विकासका धेरै नीति, ऐन नियमहरु बनेको भएता पनि साझा दृष्टिकोण नबन्दा र योजनाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा जनताले चाहेको र देशको क्षमता अनुसारको विकास हुन सकेको छैन । यस अर्थमा सिद्धान्त अनुसारको योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयन नेपालको आर्थिक तथा सामाजिक विकासमा आजको महत्वपूर्ण चुनौतीहुन गएको छ ।

यस चन्द्रकोट गाउँपालिकाले आर्थिक तथा सामाजिक विकासलाई प्रभावकारी बनाउन साझा दृष्टिकोण तय गर्न आवश्यक छ । यस पालिका भित्र रहेका पर्यटन, जलस्रोत, जडिबुटी, कृषि लगायत अन्य विभिन्न सम्भावनाहरुलाई उजागर गरी ती क्षेत्रका विज्ञहरुको विश्लेषणका आधारमा लगानीकर्ताहरु आकर्षित गरी सबै सम्भावनाहरुलाई चलायमान बनाउनु पर्दछ । यसका अलावा विभिन्न क्षेत्रहरु मध्ये कुनै खास क्षेत्रको विशेष विकास योजना तय गरी चन्द्रकोट गाउँपालिकाको पहिचान सहितको आर्थिक विकास गर्नु चुनौतीपूर्ण छ ।

यद्यपी वर्तमान संविधानमा स्थानीय सरकारको गठन, यसको राजनीति, आर्थिक, सामाजिक अधिकारको सुनिश्चितता सम्बन्धि व्यवस्था हुनु आफैमा एउटा ठूलो अवसर हो । यही अधिकारको प्रयोग गरी यस पालिका अर्न्तरगतको स्रोत साधन उच्चतम रुपमा परिचालन गर्न सकेको खण्डमा विकासको गतीलाई तीब्रता दिन सकिने पर्याप्त सम्भावना रहेको छ । तराइ संगको आर्थिक सम्बन्धलाई जोडि लगानीकर्ता आकर्षित गर्न सकेको खण्डमा आर्थिक क्रियाकलाप बढ्न सक्ने देखिन्छ । भौगोलिका, प्रकृतिक स्रोत साधनका साथै मानिसहरु सरल र इमान्दार स्वभावको रहेका छन् । यसले गर्दा लगानीकर्ता आकर्षित भइ आर्थिक विकासको गति बढ्ने पर्याप्त अवसर रहेको छ । यसपालिकाले पहिचान गरेको सवल तथा दुर्वल पक्ष जस्ताको तस्तै तल राखिएको छ ।

**सबल पक्ष**

प्रसिद्ध चन्द्रकोट मन्दिर, दिब्रुङ मन्दिर, चक्रेश्वर मन्दिर, रुपाकोट सिद्धार्थान जस्ता ऐतिहासिक एवम् धार्मिक पहिचान बोकेको र टिमुरे ताल, दह ताल, अर्जेवाको प्राकृतिक झरनाका साथसाथै थुप्रै नदीनाला, बनजंगल, हुग्दीखोला हाइड्रोपावर बिकासका परियोजना जस्ता भरिपुर्ण चन्द्रकोट गाउँपालिकामा पर्यटकीय बिकासको सम्भावना छ चोरकाटे शान्तिपुर सडक, पुर्तिघाट ग्वाघा शान्तिपुर इन्द्रेगौंडा, गौडाकोट मजुवा गेखुंग शान्तिपुर फोक्सिंग, रुद्रबेनी - वामीटक्सार, शान्तिपुर हर्राचौर ओलिबांग सिन्धुरघसे जस्ता मुख्य सडक संजाल सहितको यातायात सुबिधा यस गाउँपालिकाको आर्को महत्वपुर्ण सबल पक्ष हो । स्थानीय तहको परिकल्पना पश्यात गाउँपालिकाको पूर्वाधार बिकासको हिसाबले जनतासंग निकट रही विभिन्न योजनामा कामकाज गर्न सरकारको रुपमा स्थापित भई स्थानीय तह अन्तर्गतको चन्द्रकोट गाउँपालिकाको समग्र पूर्वाधार विकासको व्यवस्थालाई प्रभावकारी बनाउन र जनपक्षीय काम गर्दै प्रभावकारी संस्थागत विकास गर्नका लागि यस समितिको माध्यमबाट मार्गदर्शन प्रदान भैरहेको अवस्था छ ।

**कमजोर पक्ष**

यस चन्द्रकोट गाउँपालिकामा दिगो बिकासमा आधारित गुरु योजनाको अभाव छ यस गाउँपालिकामा योजना तथा कार्यक्रम हरु हाल सम्म बिषयगत शाखा मार्फत कर्यान्वयन नहुनु र सोको कारण योजना तथा कार्यक्रमको यकिन अबिलेख राख्न नसक्नु शहरी/बजारी सौन्दर्यता, शुरक्षित आवास, मापदण्ड बमोजिम घर निर्माणका लागी नक्सा पास गर्नको लागि पद्दतिको थालनी गर्न सकिएको छैन,स्तरीय पूर्वाधारको कमि छ यहाको सडक संजाल पर्याप्त छैन्र कालोपत्रे सडक अत्यन्त न्युन छ हुग्दी खोला, हरेवा खोला, बडीगाड नदी, खहरेको कारण यहाँको जनताले बर्षेनी कटान र बाडीको प्रकोप ब्यहोर्नु परेको छ, फोहर व्यवस्थापनको लागि ल्याण्डफिल साइटको अभाब रहेको छ सुद्ध पिउने पानि, सडक बत्ति, ल्याण्डलाइन टेलिफोन जस्ता सेवाहरु पर्याप्त छैनन् गाउँको सामाजिक, भौतिक पूर्वाधार निर्माणमा समुदाएको लागत सहभागिता अति न्युन छ सुबिधायुक्त स्वास्थ्य सस्थाको कमि छ यस गाउँपालिकामा औधोगिक र ब्यापारिक आधारशिला नभएका कारण बेरोजगारी समस्या बढ्दै गइरहेको छ गाउँपालिका, वडा कार्यालयको आफ्नो कार्यालय भवन निर्माण नभएको कारण काम गर्न अप्ठ्यारो परेको अवस्था छ समग्रमा भन्नु पर्दा चन्द्रकोट गाउँपालिका आर्थिक, सामाजिक, भौतिक तथा बाताबरणीय आधारमा प्राराम्भिक आवस्था मै रहेको छ ।

**अवसर**

यस गाउँपालिकामा रहेको ऐतिहासिक एवम् धार्मिक स्थलहरुको सम्बर्द्धनबाट सांस्कृतिक पर्यटन प्रवर्धन विकासलाई तिब्रता दिन सकिने सम्भावना छ । शान्तिपुर चोरकाटे र रिडी बुर्तिवाङ मुख्य सडकले यस गाउँपालिकाको यातायात

सुविधामा ठूलो योगदान पुऱ्याएको छ । यस गाउँपालिकाको खहरे र बडीगाड खोलाको गिट्टी, बालुवा, ढुंगाको रोयल्टी, बढ्दो बजार तथा व्यापार विस्तार मुख्य आय श्रोत रहेको छ ।

**चुनौती**

यस गाउँपालिकामा अव्यवस्थित बसोबास मुख्य चुनौतीका रुपमा रहेको छ भने नदी कटान र बर्षेनी आउने बाढी पहिरो अर्को प्रमुख चुनौती हो । बर्षेनी ठूला संख्यामा युवाशक्ति विदेश पलायन हुने गरेको छयसले गाउँको विकासमा प्रतिकूल प्रभाव पारेको छ । यसरी गाउँको सक्रिय जनसंख्या श्रम पलायनका कारण बिदेशिने गरेको हुदाँ भौतिक बिकास चुनौतीका रुपमा रहेको छ । यहाको भौगोलिक अवस्थालाई पनि चुनौतीको रुपमा लिनु पर्ने छ । स्थानीय तहको बजेट कम हुने गरेकोले अप्ठ्यारो भूगोल भएको बस्तीमा खानेपानी, सडक, बिद्युत विस्तार गर्न चुनौतीका रुपमा रहेको छ । ठूला ठूला आयोजनाका लागी पर्याप्त जग्गा नहुनु सहरी विकासका लागी चुनौती हो ।

## २.३ योजना खाका

यस आवधिक योजनामा गाउँपालिकाको चुनौती र अवसरलाई ध्यानमा राखी जनताको आवश्यकता र चाहना अनुसार योजनाको खाका बनाउने प्रयास गरिएको छ । योजनाको खाकामा आर्थिक तथा सामाजिक विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीतिक प्राथमिकता, सिद्धान्त, मान्यता, परिमाणात्मक लक्ष्य, रणनीति जस्ता विषयहरु समावेश गरिएको छ । चन्द्रकोट गाउँपालिकाको योजना बनाउँदा आफ्नै सोच अनुसार संघ र प्रदेश सरकारको परिमाणात्मक लक्ष्यलाई पनि ध्यानमा राखी योजनाको खाका बनाइएको हो ।

### २.३.१ चन्द्रकोट गाउँपालिको दीर्घकालिन सोच

स्थानीय तहको सोच स्थानीय सरकारले चाहेको अबस्था वा परिदृष्टि हो । यसमा दीर्घकालमा स्थानीय सरकार कहाँ पुग्नेछ भन्ने सोच वा सपना निर्दिष्ट गरिएको हुन्छ । चन्द्रकोट गाउँबासीको मुख्य चाहना विश्व बजारमा उपलब्ध भौतिक तथा अभौतिक साधन र स्रोतको उपभोग गरी सन्तुष्ट जीवन यापन गर्नु हो । यसका लागि पालिकाले दक्ष र प्रभावकारी रुपमा सेवा प्रवाह र विकास गर्न सकिने सोचमा आधारित योजना बनाउनु पर्दछ । यस्तो सोच स्थनीय जनताको सामाजिक तथा आर्थिक विकास, पर्यवरणीय मैत्री र स्थानीय जनता केन्द्रीत परिदृष्टि हो । यसका अलावा स्थानीय योजना बनाउँदा निर्माण गरिने सोच राष्ट्रिय र प्रदेशको सोच संग तादम्यता हुने गरी बनाइनु पर्दछ । नेपालको दीर्घकालीन सोच **समृद्ध नेपाल, सुखी नेपाली** रहेकोमा लुम्बिनी प्रदेशले **समृद्ध लुम्विनी, आत्मनिर्भर प्रदेश** सोच बनाएको छ । चन्द्रकोट गाउँपालिकाको सोच सम्बन्धमा आवधिक योजना तर्जुमाका क्रममा भएका कार्याशालाहरुको निष्कर्षको रुपमा चन्द्रकोट गाउँपालिको दीर्घकालीन सोच निम्न रहेको छ ।

***हाम्रो चन्द्रकोट, हाम्रो शान ।***

***समृद्ध चन्द्रकोट, हाम्रो पहिचान ।***

**दीर्घकालीन लक्ष्य**

आवधिक योजनामा दीर्घकालीन सोचका आधारमा सूचना र प्रविधिको प्रयोगलाई बढावा दिई सेवा प्रवाह र विकास योजना कार्यान्वयन गर्ने परिपाटीको विकास गर्ने दीर्घकालीन लक्ष्य रहने छ । सुन्दर र समृद्ध पालिका हुनको लागि सूचना प्रविधिको प्रयोगबाट पर्यवरणीय सन्तुलन, दैवीप्रकोप नियन्त्रण र गाउँबासीहरुको सामुहिक सहभागीता हुन आवश्यक छ । यसका लागि पालिकाको दीर्घकालीन लक्ष्य सामाजिक न्याय सहितको कल्याणकारी सिद्धान्तमा आधारित समृद्ध अर्थतन्त्र भएको पालिका बनाउने रहेको छ । सामाजिक न्याय प्राप्तीका लागि सन्तुलित रुपमा आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा संस्थागत विकास गर्ने भन्ने रहेको छ ।

दिगो विकास कार्यसूचीमा आर्थिक, सामाजिक र वातावरणीय गरी तीनवटा खम्बाहरु रहेका छन् (रायोआ, २०१७)। यी खम्बाहरु बलियो बनाउनका लागि समृद्धि, समानुपातिक वितरण र दिगो विकासका लक्ष्यहरु हासील हुने गरी योजना बनाउनु पर्दछ। सन् २०१५ मा संयुक्त राष्ट्र संघको सबै सदस्य राष्ट्रहरुले अनुमोदन गरेको सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकास लक्ष्यका १७ वटा र २३२ वटा सूचक रहेका छन्। नेपालको लागि दिगो विकास लक्ष्यहरु, वर्तमान अवस्था र भावी मार्गचित्र, २०१६–२०३० लाई संघ, प्रदेश र स्थानीय सरकारले समन्वयको मुख्य आधार बनाउनु पर्दछ। नेपालले नेपालको वस्तुगत यथार्थ संग प्रत्यक्ष रुपमा सम्बन्धित नभएको लक्ष्य १४ बाहेक १६ वटा लक्ष्य अंगीकार गरेको छ र ती लक्ष्यहरु संग सम्बन्धित २४७ वटा सूचक थप गरी ४७९ सूचक निर्धारण गरेको छ। ती लक्ष्यहरु संग तादम्यता मिल्ने गरी नेपालको पन्ध्रौं आवधिक योजनामा विभिन्न लक्ष्यहरु निर्धारण गरी आवधिक योजना बनाइएको छ। १७ वटा दिगो विकास लक्ष्यलाई समूहीकृत गरी गरिबी र विपन्नता, आधारभूत सामाजिक सेवा, समानता, समावेशिता तथा न्याय, आर्थिक बृद्धि रोजगारी उपभोग र वातावरण तथा जलवायु परिवर्तनलाई स्थानीय तहमा निम्न ५ वटा विषय क्षेत्रगत समिति रहेकाछन्।

पन्ध्रौं योजना अवधिमा समृद्धि र सुख प्राप्ति गर्ने र समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने लक्ष्य राखिएको छ। यही लक्ष्यहरुलाई ध्यानमा राखी यस पालिकाको सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तय गरिएको छ। पालिकाले दीर्घकालीन लक्ष्यको आधारमा काम गर्नको लागि विषयगत समिति अन्तर्गत रहीका कार्य जिम्मेवारी परिपालना गर्नका लागि शाखा कार्यालयहरु तोकिएको छ।

**तालिका नं. २.२: विषयगत समिति अन्तर्गतको दीगो विकास लक्ष्यसंगको सम्बन्धित उपक्षेत्र**

| क्र.सं. | विषय क्षेत्रगत समिति | समिति सम्बन्धित उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक विकास | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैङगिक समानता तथा सामाजिक समावेशीकरण |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, झोलुंगे पुल, सिँचाई, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन |
| ५ | संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग, लेखाँकन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट |

**दीर्घकालिन नीति**

गाउँको विकास भएमा आफ्नो मान, शानमा बृद्धि भई गाउँबासीलाई आल्लादित हुने गरी योजना छनौट र सो को कार्यान्वयन गर्न गाउँपालिकाले आवधिक योजना कार्यान्वयनका लागि निम्न निर्देशक सिद्धान्त अर्गिकार गरिनेछ:

- स्थानीय जनतामा गाउँ विकासमा अपनत्वको भावना विकास गर्न सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा आर्थिक क्रियाकलाप गर्न गाउँपालिकाले प्रोत्साहित गर्ने।
- यसपालिका भित्र विप्रेषणबाट आएको पूँजी लगानी गर्ने नेपालीलाई साधन, उत्पादन र बिक्रीमा लाग्ने करमा विशेष छुट दिने।

- नागरिकलाई विशेष कार्यक्रम र क्षेत्रमा लगानीको लागि विशेष छुट सहित प्रोत्साहित गरिनेछ ।
- विकासलाई इन्टरनेट प्रविधिको ज्ञानबाट स्मार्ट बनाउन सहजीकरण गर्ने ।
- गाउँपालिकाबाट हुने विकास र सेवा प्रवाह सम्बन्धी स्थानीय शासन प्रक्रिया स्मार्ट बनाउने ।
- स्थानीय साधनको परिचालनलाई दक्ष र प्रभावकारी बनाउने ।
- स्थानीय अर्थतन्त्र स्मार्ट नीतिका आधारमा चलायमान बनाउने ।
- स्थानीय जनताको उपभोग तथा विनिमय जस्ता जीवनयापनलाई स्मार्ट बनाउन उत्प्रेरीत गर्ने ।
- गाउँपालिकाको भौगोलिक तथा सामाजिक वातावरण समृद्ध बनाउने ।

### २.३.२ प्रथम आवधिक योजनाको लक्ष्य

नेपालको दिगो विकास लक्ष्य तथा पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य र लुम्बिनी प्रदेशको लक्ष्य समृद्धि र सुखसंग सम्बन्धित भएकोले त्यसै संग तादम्यता हुने गरी पालिकाको दीर्घकालीन सोचका आधारमा आबधिक योजनाको लक्ष्य निर्धारण गरिएको छ । यस आवधिक योजनाको मुख्य लक्ष्य तोकिएको समयमा सेवा प्रवाह र विकास निर्माण कार्य सम्पन्न गर्ने रहेको छ । यस अवधिमा चन्द्रकोट गाउँपालिकाले स्थानीय जनताको आवश्यकता र चाहना अनुसार स्मार्ट सेवा प्रवाह गरी गाउँबासीको जीवन समृद्ध र सुखी भएको हुनेछ ।

### २.३.३ परिमाणात्मक लक्ष्य

राष्ट्रिय र प्रदेशको लक्ष्य संग तुलनात्मक आधारमा चन्द्रकोट गाउँपालिकाबाट प्राप्त तथ्यांकको आधारमा समृद्धि र सुखका परिमाणात्मक लक्ष्य निम्न रहेको छ ।

| क. सं. | सूचक | इकाई | आधार बर्ष २०७८ ७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| १. | मानव विकास सूचकाङ्क (२०७५/७६ अनुसार संघ ०.५७९) | सूचकाङ्क | ०.४० | ०.४२ | ०.४५ | ०.४८ | ०.५२ | ०.५७ |
| २. | लैङ्गिक विकास सूचकाङ्क (२०७५/७६ अनुसार संघ ०.८९७) | सूचकाङ्क | ०.८२ | ०.८५ | ०.९० | ०.९२ | ०.९३ | ०.९४ |
| ३. | वहुआयामिक गरिवी (संघ २८.६%, लुम्विनी प्रदेश १४.२% २०७५/७६ को तथ्याङक) | प्रतिशत | १८.५ | १८ | १७.५ | १७ | १६.५ | १६ |
| ४. | निरपेक्षित गरिवी (२०७५/७६ अनुसार संघ १८.७% लुम्विनी प्रदेश १८.२%) | प्रतिशत | २३ | २२ | २१ | २० | १९ | १८ |
| ५. | प्रतिव्यक्ति वार्षिक आय (लुम्विनी प्रदेश अ. डलर ८०३) | रु.हजार | १३० | १४० | १६० | १८० | २०० | २२१ |
| ६. | औषत आयु (जन्म हुँदाको) (२०७५/७६ अनुसार संघ ६९.७, लुम्विनी प्रदेश ६९.३ वर्ष) | वर्ष | ६९.३ | ६९.५ | ६९.८ | ७१ | ७२ | ७३ |

| क. सं. | सूचक | इकाई | आधार बर्ष २०७८ ७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| ७. | साक्षरता दर (१५ वर्ष माथि) (२०७५/७६ अनुसार संघ ६६% लुम्बिनी प्रदेश ५८%) | प्रतिशत | ७९.६ | ८३ | ८७ | ९० | ९३ | ९५ |
| ८. | वेरोजगारी दर (२०७५/७६ अनुसार संघ ११.४%, लुम्बिनी प्रदेश ११.२%) | प्रतिशत | ५.४ | ५.३ | ५.२ | ५.१ | ५ | ४.८ |
| ९. | खाद्यान्न उत्पादन वार्षिक वृद्धि दर (धान, मकै, गहुँको कूल) | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ | १० |
| १०. | पशुपंक्षीको वार्षिक विक्री वृद्धिदर (दधु मासुको कूल) | प्रतिशत | ७ | ८ | ९ | १० | ११ | १२ |
| ११. | पर्यटन व्यवसायवाट कूल रोजगारी प्रदान | संख्या | १५० | १७० | १९० | २२० | २५० | ३०० |
| १२. | रोजगारीमा कृषि क्षेत्रको यागदाने | प्रतिशत | ७४.४ | ७२.२ | ७०.५ | ६७.३ | ६३.७ | ६० |
| १३. | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | २५.६ | २७.८ | २९.५ | ३२.७ | ३६.३ | ४० |
| १४. | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ८ | १० | १२ | १४ | १६ | १९ |
| १५. | आधारभूत तहमा खूद भर्नादर ( औषतमा) (२०७५/७६ अनुसार संघ ९२.३%) | प्रतिशत | ९५.६१ | ९६ | ९६.५ | ९७ | ९७.५ | ९८ |
| १६. | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी (२०७५/७६ अनुसार संघ ४९.३%) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १७. | आधारभूत खानेपानी सेवावाट लाभान्वित जनसंख्या २०७५/७६ अनुसार संघ ८९.०%, लुम्बिनी प्रदेश ८९१.८३%) | प्रतिशत | ८९ | ९२ | ९४ | ९६ | ९८ | १०० |
| १८. | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र | प्रतिशत | ९२ | ९३ | ९४ | १०० | १०० | १०० |
| १९. | सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३३ | ३४ | ३५ | ३६ | ३८ | ४० |
| २०. | स्थानीय लोपोन्मुख भाषा | संख्या | २ | २ | २ | ० | ० | ० |
| २१. | उद्योग/व्यापार व्यवसाय/खेल क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | २० | २२ | २८ | ३३ | ३७ | ४० |
| २२. | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ८० | ८३ | ८८ | ९२ | ९५ | १०० |

| क. सं. | सूचक | इकाई | आधार बर्ष २०७८ ७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| २३. | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु ( खानेपानी, शिक्षा, स्वास्थ्य, विजुली,सञ्चार, सडक) | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| २४. | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि (२०७५/७६ अनुसार संघ ३३%) | प्रतिशत | ६० | ६४ | ६९ | ७३ | ७६ | ८० |
| २५. | विद्युत सेवावाट लाभान्वित जनसंख्या (२०७५/७६ अनुसार संघ ८८%, लुम्विनी प्रदेश ८१.०३%) | प्रतिशत | ९८.५ | ९९.५ | १०० | १०० | १०० | १०० |
| २६. | इन्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या (२०७५/७६ अनुसार संघ ५५.४% लुम्विनी प्रदेश ४९.४%) | प्रतिशत | ६२ | ६५ | ६८ | ६२ | ७० | ७० |
| २७. | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | प्रतिशत | ७० | | | | | |
| २८. | घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसडने प्लाष्टिकजन्य फोहोरलाई सुरक्षित विसर्जन गर्ने | प्रतिशत | ७८ | ८० | ८२ | ८५ | ८९ | ९२ |
| २९. | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | १२.१ | १५ | १८ | २२ | २५ | ३० |
| ३०. | सरोकारवाला एवं सहभागितात्मक ढङगवाट निर्माण तथा कार्यान्वयन भएका ऐन,कानुनहरु | संख्या | ७९ | ९५ | १०७ | ११५ | १२८ | १३८ |
| ३१. | पालिकाको वार्षिक आन्तरिक आय | रु. हजारमा | १०,४८७ | ११,८६० | १२,०३८ | १३,०१३ | १३,४५७ | १४,२५५ |
| ३२. | सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ७५ | ७८ | ८१ | ८५ | ८८ | ९३ |
| ३३. | नतिजामूलक अनुगमन मूल्याङकन भएका योजना | संख्या | ० | ५ | १४ | १८ | २२ | २५ |

### २.३.४ आवधिक योजनाको उद्देश्य

चन्द्रकोट गाउँपालिकाको सपना पुरा गर्न निर्धारण गरिएको लक्ष्य प्राप्तीका लागि यस आवधिक योजनाको उद्देश्य सूचना तथा प्रविधिको उच्चतम प्रयोगबाट सामाजिक तथा आर्थिक विकास गर्नु रहेको छ। यसका मुख्य उद्देश्य निम्न बमोजिम रहेको छ।

**क. समृद्धि संग सम्बन्धित उद्देश्यहरु**

- कृषि तथा स्थानीय उद्योगलाई व्यावसायीकरण गरी गरिबीको अन्त्य गर्नु।

- स्थानीय अर्थतन्त्रमा सहयोगी मानव पूँजीको निर्माण गर्नु ।
- उत्पादनका सम्पुर्ण साधनको उच्चतम प्रयोग गरी उत्पादकत्व बृद्धि गर्नु ।
- गाउँपालिका भित्र दिगो र स्थिर साधनको विकास र विस्तार गर्नु ।

**ख. सुख संग सम्बन्धित उद्देश्यहरु**

- स्वस्थ, सुरक्षित, गतिशील समाजको निर्माण गर्नु ।
- विभेद, हिंसा रहित, विविधताको प्रवर्द्धन तथा संरक्षण गरी सामाजिक सुरक्षा प्रदान गर्नु ।
- स्वच्छ वातावरण, पर्यवरणीय सन्तुलन, विपद् उत्थानशील अर्थतन्त्रको निर्माण गर्नु ।
- समुदायमा शान्ती र स्थिरता, स्वतन्त्रता, मौलिक हकको जगेर्ना हुने सहभागीतामुलक समाजको निर्माण गर्नु ।
- कानुनी, सदाचारी, पारदर्शि र जवाफदेहिता भएको शासन सञ्चालन गर्नु ।

### २.३.५ चन्द्रकोट गाउँपालिकाको रणनीति

नेपालले अंगीकार गरेको दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाको लक्ष्य र प्रदेशको लक्ष्य संग तादम्यता हुने गरी निर्धारण गरिएको लक्ष्य हासिल गर्न यो आवधिक योजनाको रणनीति निर्धारण गरिएको छ । यसका लागि सरकारी क्षेत्र लगायत निजी, सहकारी र सामुदायिक क्षेत्रलाई एक अर्काको परिपूरकका रुपमा परिचालन गर्ने रणनीति अवलम्वन गरिने छ ।

**समृद्धि संग सम्बन्धित रणनीतिहरु**

- **तीव्र र दीगो आर्थिक विकास गर्ने ।**

चन्द्रकोट गाउँपालिका भित्रको आर्थिक क्रियाकलापलाई व्यावसायीकरण गरी आर्थिक बृद्धि हासिल गरिनेछ । आर्थिक क्रियाकलापलाई तिब्रता दिन सार्वजनिक क्षेत्रको प्रभावकारीताको अभिबृद्धि संगै नीजि, सहकारी र सामुदायिक क्षेत्रको सहभागीतामा आधारित विकास प्रयासलई प्रोत्साहन गरिनेछ । स्थानीय स्रोत साधनको तुलनात्मक लाभका आधारमा उच्चतम उपयोग गरिनेछ । निस्कीय रुपमा रहेका श्रम, पूँजी, जमीन र संस्थालाई विषय क्षेत्रगत आधारमा रणनीति बनाई गतीशील बनाइनेछ ।

- **आर्थिक क्रियाकलापमा सहयोगी मानव पूँजी निर्माण गर्ने ।**

चन्द्रकोट गाउँपालिका भित्र बसोबास गर्ने उत्पादनशील जनशक्तिलाई ज्ञान, सीप, चाहना र क्षमताका आधारमा नगरपालिका भित्रको आर्थिक कार्यमा अनिवार्य रुपमा संलग्न हुनु पर्ने प्रावधान राखी उत्थानमुखी शिक्षा, तालिम दिइनेछ । पालिकाको लगानीमा निर्माण हुने त्यस्ता मानव पूँजिलाई अनिवार्य रुपमा प्रयोग गर्नु पर्ने व्यवस्था मिलाइनेछ ।

- **सुलभ र गुणस्तरिय स्वास्थ्य सेवा र शिक्षाको अवसर उपलब्ध गराइने ।**

चन्द्रकोट गाउँपालिका भित्र आधारभूत स्वस्थ्य सेवा सहितको स्वास्थ्य सेवा पूर्वाधारको विकास गर्दै स्वास्थ्य सेवामा स्थानीय जनताको समतामुलक पहुँच स्थापित गरिनेछ । गुणस्तरिय निशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यामिक शिक्षाको विकास र विस्तार गरिनेछ । शिक्षाको विकास र विस्तार गर्न आबश्यकता र क्षमताको आधारमा भौतिक पूर्वाधार बढाउँदै लगिनेछ । स्वास्थ्य र शिक्षा क्षेत्रको समग्र विकासमा पालिकाले नेतृत्वदायी भूमीका निर्वाह गर्नेछ । सार्थ, निजी, सहकारी, सामुदायिक क्षेत्रको भूमीकालाई परिपूरकको रुपमा विकास गरिनेछ ।

- **अन्तरआबद्धता सहितको दिगो वस्ती विकास गर्ने ।**

स्थानीय सडक सञ्जालको विकास र विस्तारका लागि एकीकृत यातायात प्रणालीमा आधारित अन्तर आबद्धता विकास गरिनेछ । मुख्य वस्ती क्षेत्रमा निश्चित मापदण्डका आधारमा सडकको चौडाई सहितको विकास र विस्तार गरिनेछ ।

जोखिमयुक्त क्षेत्रमा वस्तीमा बस्न दिइनेछैन । सूचना प्रविधि सम्बन्धि आधुनिक पूर्वाधार निर्माण गरीई सेवालाई सर्वसुलभ बनाइनेछ । पालिकाको सेवा प्रवाहलाई विद्युतिय प्रणालीमा जोडिनेछ ।
गाउँभित्र विकास हुँदै गएको शहरीकरणलाई व्यवस्थित गर्न आधुनिक, सुरक्षित र दिगो शहर एवं एकीकृत वस्ती विकास गरिनेछ । पालिका भित्रको खानेपानीलाई सर्वसुलभ बनाउनुको साथै फोहोर व्यवस्थापन गरिनेछ ।

- **प्राकृतिक स्रोतको संरक्षण, परिचालन र उत्थानशीलताको विकास गर्ने ।**

भुमी, वन, जलस्रोत तथा खनिज स्रोतको कृषि, उद्योग र सेवा क्षेत्रमा योगदान हुने गरी संरक्षण र परिचालन गरिनेछ । पालिका भित्र आइपर्ने विपद्को तत्काल समाधान गर्न संस्थागत रुपमा व्यवस्थापन गर्न सकिने संरचना निर्माण गरिनेछ ।

- **सार्वजनिक सेवालई दक्ष र प्रभावकारी बनाउने ।**

चन्द्रकोट गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाईनेछ ।

- **दिगो विकास लक्ष्यमा तोकिएको समयमा नै सन्तुलित रुपमा चन्द्रकोट गाउँपालिकाले लक्ष्य प्राप्त गर्ने ।**

नेपाल सरकारले आन्तरिकीकरण गरेको आधारमा दिगो विकास लक्ष्य हासिल हुनेगरी सन्तुलित आबधिक योजना बनाइएको छ । यसका लागि सूचकहरुको स्थिति निर्धारण गरी स्थानीय साधन, स्रोत र क्षमता अनुसार आवधिक योजनालाई वार्षिक योजनामा अद्यावधिक गर्ने गरी रणनीति, कार्यक्रम बनाइनेछ ।
गरिबी निवारण गरी न्यायपूर्ण समाज निर्माण गर्ने । यस आवधिक योजना लागु हुनु पहिले पालिका भित्र बसोबास गरेका नागरीकलाई यस आवधिक योजना अवधि भित्र गरिबीको अन्त्य गर्ने ।

- **लोकतान्त्रीक मुल्य र मान्यता अनुसार विधिको शासन कायम गर्दै सुशासन कायम गर्ने ।**

विधिको शासन प्रकृयालाई बलियो बनाइ लोकतान्त्रीक मुल्य र मान्यतामा आधारित संस्कारको विकास गरिनेछ ।

## २.४ समष्टिगत आर्थिक लक्ष्य र खाका

उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी उच्च आर्थिक वृद्धि हुने गरी उपलब्ध साधन स्रोतको उच्चतम विभाजन गर्नु । गाउँपालिकाको समष्टिगत आर्थिक नीतिको प्रमुख उद्देश्य हुनेछ । पालिकाको अर्थतन्त्रमा निजी, सहकारी र सामुदायिक भूमिकालाई प्राथमिकतामा राखी उपलब्ध स्रोत साधनको अधिकतम परिचालन र उपयोगमा जोड दिइनेछ । पालिका भित्रको आर्थिक क्रियाकलापको आधारमा आर्थिक लक्ष्य निर्धारण गरिएको छ । नेपालमा स्थानीय तहको कुल गाह्रस्थ उत्पादन निकाल्ने संस्थागत परिपाटीको विकास भएको छैन । त्यसैले पालिकाको आर्थिक बृद्धिदर निकाल्न वैज्ञानीक विधि प्रयोग गर्न कठिनाई छ । यद्यपी पालिका अन्तर्गतका सम्बन्धित कार्यालयबाट प्राप्त तथ्यांकको आधारमा समष्टिगत आर्थिक लक्ष्य र खाका तयार पारिएको छ ।

### २.४.१ आर्थिक बृद्धिदर

गाउँपालिकाको आर्थिक बृद्धिदरलाई बढ्दो दरमा बढाउनका लागि यो आवधिक योजनामा अवलम्बन गरिएको सोच, लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम, योजना, प्रक्षेपीत राजस्वका आधारमा कार्यान्वयन गरी कार्यक्रम तथा आयोजना सम्पन्न भएका हुनेछन् । यसबाट कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि भई तीब्र आर्थिक बृद्धि हुने अनुमान गरिएको छ । आर्थिक बृद्धिको लक्ष्य हासिल गर्न लगानीमा वृद्धि हुनुको साथै स्थानीय श्रमशक्तिको उत्पादनमा उपयोग र स्थानीय प्राकृतिक श्रोतको दिगो परिचालन गरिनेछ । संघीय शासन प्रणाली अनुसार स्थानीय तहले पर्याप्त अधिकार प्राप्त गरी त्यसको कार्यान्वयनबाट स्थानीय अर्थतन्त्रमा गतिशीलता आउनुका साथै निजी, सहकारी र

सामुदायीक क्षेत्रको परिपूरकात्मक सहकार्य मजबुत एवम् सुदृढ भई पालिकामा पुँजी निर्माण हुनेछ । पालिकाको आर्थिक बृद्धिका लागि कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य प्रमुख हस्तक्षेपका क्षेत्र हुन् ।

### २.४.२ लगानीको आवश्यकता र स्रोत

योजना कार्यान्वयनको मुख्य आधार राजस्व हो । चन्द्रकोट गाउँपालिकाले आन्तरिक र वाह्य स्रोतबाट राजस्व परिचालन गर्दछ । यसका साथै ऋण तथा निजी क्षेत्रबाट लगानी गर्ने गरी राजस्वका जुटाई योजना कार्यान्वयन गर्न सक्दछ । पालिकाले विगतमा खर्च गरेको राजस्व र परिचालन गरेको राजस्वको स्रोतको स्थिति तलको तालिकामा उल्लेख गरिएको छ ।

| स्रोत | आ.ब. ०७४/७५ को यथार्थ | आ.ब. ०७५/७६ को यथार्थ | आ.ब. ०७६/७७ को यथार्थ | आ.ब.०७७/७८ को यथार्थ |
|---|---|---|---|---|
| समानीकरण अनुदान(संघ) | ४७,१९० | ७६,९०० | ९०,६०० | ९२,७०० |
| समानीकरण अनुदान प्रदेश | - | ४,०७६ | ४,१२४ | ५,०२८ |
| राजश्व बाँडफाड र अन्य राजश्व (सघं, प्रदेश, स्थानीय) | ५,१९८ | ५२,२४२ | ५२,०५२ | ६६,४९२ |
| सर्त अनुदान (सघं, प्रदेश) | १२,४७७ | २२६,९०१ | २१०,२३५ | २५२,५०१ |
| समपुरक अनुदान र बिशेष अनुदान (सघं, प्रदेश) | - | ५,३८४ | २९,०५१ | ३८,६८६ |
| सामाजिक सुरक्षा | - | ४३,३५४ | ७९,००७ | ७३,६९७ |
| अन्तारिक राजश्व | - | १०,४०१ | ८,६३७ | १०,९०७ |
| लागत सहभागीता | - | - | - | - |
| अन्य कार्यक्रम अनुदान | - | १३,९९४ | १०,१०१ | २२,०७७ |
| बिविध आम्दानी | - | - | - | ७,६३९ |
| जम्मा आय | १६४,८६५ | ४३३,२५२ | ४८३,८०७ | ५६९,७२७ |
| बृद्धि दर | - | १६३ | १२ | १८ |

### २.४.३ सार्वजनिक स्रोत व्यवस्था

स्थानीय तहमा आधारभूत सार्वजनिक सेवा प्रवाह, तीव्र आर्थिक बृद्धिको लक्ष्य तथा दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा आर्थिक क्रियाकलाप बढाउन सरकारी लगानी तथा खर्चको महत्वपूर्ण भूमीका हुन्छ । स्थानीय विकासमा स्थानीय नागरिक, निजी, सहकारी तथा सामुदायीक क्षेत्रको लगानी आकर्षण गरी योजनाको निर्धारित लक्ष्य हासिल गर्न समेत सार्वजनिक खर्चको आवश्यकता पर्दछ । यसका लागि आन्तरिक र वाह्य स्रोत प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

# परिच्छेद - तीन
# समष्टिगत आर्थिक नीति

## ३.१ पृष्ठभूमि

स्थानीय सरकारको समष्टिगत आर्थिक नीतिको मुख्य उद्देश्य स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउनु हो । यसमा मौद्रिक नीति समावेश गरिएको हुँदैन । स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउनको लागि स्थानीय जनसहभागीताको आधारमा राजस्व र खर्च सम्बन्धी वित्तीय नीति स्थानीय सरकारले बनाउन सक्दछ । यसमा स्थानीय जनताको आधारभूत आर्थिक तथा सामाजिक विकासका पक्षहरु पर्दछन् । अतः स्थानीय सरकारको मुख्य काम स्थानीय जनताको आवश्यकता र चाहना अनुसार सेवा प्रवाह गर्नु र आर्थिक तथा सामाजिक विकासलाई तिब्रता प्रदान गर्नु हो । लोकतन्त्रको विकास संगै बढ्दो दरमा बढेको स्थानीय जनताको आवश्यकता चाहना पूरा गर्नका लागि स्थानीय सरकार स्थानीय अर्थतन्त्रलाई तीब्र रुपमा गतिशील बनाउने जिम्मेवारी स्थानीय सरकारको हो । स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउने मुख्य आधार प्रभावकारी योजना तर्जुमा तथा कार्यान्वयन, राजस्व परिचालन, लगानी र उपभोग तथा स्थानीय जनताको सहभागीता हो । यसका लागि स्थानीय सरकारले आर्थिक नीतिका आधारमा स्थानीय तहको सम्पूर्ण साधन उच्चतम रुपमा परिचालन गर्नु पर्दछ । उक्त सन्दर्भमा गाउँपालिकाका समष्टिगत आर्थिक नीति निम्न अनुसारको हुनेछ ।

- गाउँपालिका भित्र आन्तरिक स्रोतको प्रभावकारी परिचालन गरी स्थानीय स्वायत्तताको उच्चतम प्रयोग गर्ने ।
- वाह्य स्रोतको अधिकतम परिचालन गर्न संघ तथा प्रदेश सरकारको वित्तीय नीतिका आधारमा अवलम्बन गर्नु पर्ने प्रक्रिया समयमा पूरा गर्ने ।
- गाउँपालिकामा उपलब्ध कुल राजस्व तथा अन्य साधनको उच्चतम विभाजनबाट उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी उच्च र तिब्र आर्थिक बृद्धि गर्ने ।
- गाउँपालिकाको अर्थतन्त्रलाई गतिशील बनाई उच्च आर्थिक बृद्धि गर्न गाउँपालिकाले संविधान तथा कानुन बमोजिम निजी, सहकारी र सामुदायिक क्षेत्र संग भएको क्षमताको उपयोगलाई समेत प्रोत्साहित गरी लगानी बृद्धि गर्न जोड दिने ।
- स्थानीय अर्थतन्त्रलाई दिगो र बलियो बनाउन पालिका भित्र स्थायीत्व र स्थिर प्रकृतिको आर्थिक विकास र विस्तारमा जोड दिने ।
- आयोजनाको लागत लाभको आधारमा स्थानीय जनताको हितमा हुने आयोजना सञ्चालनको लागि नेपालको संविधान तथा कानुन भित्र रहि ऋण लिने ।

योजना तर्जुमा गर्दा गाउँपालिकाको वर्तमान अबस्थाबाट चाहेको अबस्थामा पुग्नका लागि सार्वजनिक वित्तको मुख्य भूमीका रहेको हुन्छ । गाउँपालिकाले चाहेको अबस्थामा पुग्नका लागि कसरी आर्थिक क्रियाकलाप सञ्चालन गर्ने भन्ने कुरा सार्वजनिक वित्तको कल्याणकारी (Normative Approach) सिद्धान्तबाट निर्देशित हुनेछ भने पालिकाको कामको प्रगति मुल्यांकन विष्ट (Positive Approach) सिद्धान्तबाट निर्देशित हुनेछ । यस अनुसार पालिकाको सार्वजनिक वित्तको नीति कसरी अधिकतम राजस्व संकलन गरेर त्यसको उच्चतम विभाजन गरी खर्च गर्ने भन्ने हुनेछ । स्थानीय सार्वजनिक वित्त वित्तीय संघीयताको सिद्धान्तमा आधारित रहेको छ । नेपालमा यहि सिद्धान्तका आधारमा संविधान तथा कानुनहरु बनेका छन् । यसका चार वटा खम्बा छन् ।

१. खर्चको अधिकार,

२. राजस्वको अधिकार,

३. अन्तरसरकारी वित्त हस्तान्तरण र
४. स्थानीय ऋण ।
तसर्थ, यस पालिकाले आवधिक योजना बनाउँदा सार्वजनिक वित्तको नीति पनि सोही आधारमा तर्जुमा गरेको छ ।

### ३.१.१ सार्वजनिक खर्च

स्थानीय सरकार घर दैलोको जनता संग नजीकको सरकार हुने भएकोले स्थानीय जनताको आवश्यकता र चाहना अनुसार लागत लाभका आधारमा स्थानीय स्रोत साधन खर्च गरी दक्ष र प्रभावकारी प्रतिफल प्राप्त गर्नु यस पालिकाको मुख्य नीति हुनेछ । सार्वजनिक खर्च गर्दा दिगो विकास लक्ष्य, राष्ट्रिय लक्ष्य, प्रादेशीक लक्ष्यलाई ध्यानमा राखी कार्यक्रमबाट सीमान्त सामाजिक लागत र सीमान्त सामाजिक लाभ बराबर हुने गरी विनियोजन गर्नु सार्वजनिक खर्चको मुख्य नीति हुनेछ । सीमान्त सामाजिक लागत र सीमान्त सामाजिक लाभ बराबर बनाउने मुख्य आधार मध्यकालीन खर्च संरचनाको नीति र आयोजना बैंक हुनेछ । सार्वजनिक खर्चको सिमान्त लाभ फरक व्यक्ति वा परिवारलाई फरक हुने भएकोले कुल जनसंख्यामा लाभग्राही जनसंख्याको औषतलाई आधार मानिनेछ । सार्वजनिक खर्चबाट पालिकाका सबै नागरिकले न्याय र समानताका आधारमा लाभ पाउने व्यवस्था मिलाइनेछ । सार्वजनिक खर्च सामाजिक न्यायमा आधारित हुनेछ । सार्वजनिक खर्चबाट आन्तरिक र वाह्य लाभ लिने व्यवस्था मिलाइनेछ ।
स्थानीय सरकारको मुख्य समस्या प्रभावकारी राजस्व परिचालन र खर्च भएको देखिन्छ । उक्त सन्दर्भमा यस पालिकाको विगत आवको विनियोजनको आधारमा विषयगत क्षेत्र अनुसार खर्च हुने अनुमान गरिएको छ ।

| आव २०७७।७८ को विनियोजन स्थिति | | |
|---|---|---|
| **विषयगत समिति** | **विनियोजन** | **प्रतिशत** |
| आर्थिक | १८६६०००० | ५ |
| सामाजिक | २४६८९९००० | ६२ |
| पूर्वाधार | ७५४३२००० | १९ |
| वातावरण | ७६७५००० | २ |
| संस्थागत | ५२२८५००० | १३ |
| जम्मा | ४००९५१००० | १००.०० |

### ३.१.२ राजस्व

गाउँपालिकाको राजस्व नेपालको संविधानको अनुसूची ८ को एकल अधिकार र अनुसूची ९ को साझा अधिकारका स्रोतहरु हुन् । पालिकाले स्थानीय सरकार सञ्चलन ऐन २०७४ अनुसार राजस्व परिचालन गरेको हुन्छ । राजस्व परिचालन गर्दा जम्मा हुन आएको रकम स्थानीय सञ्चीत कोषमा जम्मा गर्नु पर्ने कानुनी ब्यबस्था छ । चन्द्रकोट गाउँपालिकाको राजस्वलाई आन्तरिक र वाह्य आम्दानीमा विभाजन गरी तलको तालिकामा उल्लेख गरिएको छ ।

| स्रोत | आ.ब. ०७४/७५ को यथार्थ | आ.ब. ०७५/७६ को यथार्थ | आ.ब. ०७६/७७ को यथार्थ | आ.ब.०७७/७८ को यथार्थ |
|---|---|---|---|---|
| समानीकरण अनुदान(संघ) | ४७,१९० | ७६,९०० | ९०,६०० | ९२,७०० |
| समानीकरण अनुदान प्रदेश | - | ४,०७६ | ४,१२४ | ५,०२८ |
| राजश्व बाँडफाड र अन्य राजश्व ( सघं, प्रदेश, स्थानीय) | ५,१९८ | ५२,२४२ | ५२,०५२ | ६६,४९२ |
| सर्त अनुदान (सघं, प्रदेश) | १२,४७७ | २२६,९०१ | २१०,२३५ | २५२,५०१ |

| | | | | |
|---|---|---|---|---|
| समपुरक अनुदान र बिशष अनुदान ( सघं, प्रदेश) | – | ५,३८४ | २९,०५१ | ३८,६८६ |
| सामाजिक सुरक्षा | – | ४३,३५४ | ७९,००७ | ७३,६९७ |
| अन्तारिक राजश्व | – | १०,४०१ | ८,६३७ | १०,९०७ |
| लागत सहभागीता | – | – | – | – |
| अन्यत कार्यक्रम अनुदान | – | १३,९९४ | १०,१०१ | २२,०७७ |
| बिविध आम्दानी | – | – | – | ७,६३९ |
| जम्मा आय | १६४,८६५ | ४३३,२५२ | ४८३,८०७ | ५६९,७२७ |
| बृद्धि दर | – | १६३ | १२ | १८ |

माथिको तालिका अनुसार २०७५।७६ मा आन्तरिक राजस्व निकै बढेको भएता पनि त्यसपछि क्रमशः बृद्धि भएको देखिन्छ । आवधिक योजना अवधिमा आन्तरिक र वाह्य राजस्व बढाउन आवश्यक नीति अवलम्वन गरिनेछ ।

**क) आन्तरिक राजस्वको प्रक्षेपण**

गाउँपालिकाको आन्तरिक राजस्वको आकारले पालिकाको क्षमता र पालिका योजना छनौटमा कति स्वायत्त छ भन्ने कुरा देखाउँदछ । राजस्वको पर्याप्तता, लचकता, न्यायपूर्ण, स्वीकार्यता, संगतीपूर्ण, आर्थिक तथा प्रशासनीक संभाव्यता, राजनीतिक स्वीकार्यता यस पालिकाको आन्तरिक राजस्व परिचालनका मुल नीति हुनेछ । कानुनमा उल्लेख गरिएको आधारमा लगाइने आन्तरिक राजस्वको दर निर्धारण गर्दा जनचाहना, छिमेकी र राष्ट्रिय दरको औषतलाई आधार बनाइनेछ । कानुन अनुसार आन्तरिक राजस्वको आधार बढाउन जनसहभागीतालाई जोड दिइनेछ ।

विगतको आन्तरिक राजस्वको आधारमा आगामी आवधिक योजना अवधिको लागि आन्तरिक राजस्व निम्न अनुसार हुने अपेक्षा गरिएको छ ।

| स्रोत | आव २०७८।७९ | आव २०७९।८० | आव २०८०।८१ | आव २०८१।८२ | आव २०८२।८३ | आव २०८३।८४ |
|---|---|---|---|---|---|---|
| अन्तारिक राजश्व | १०,४८७ | ११,८६० | १२,०३८ | १३,०१३ | १३,४५७ | १४,२५५ |
| बृद्धि दर | ० | १३ | २ | ८ | ३ | ६ |

माथिको तालिका अनुसार आन्तरिक राजस्व सामान्य रुपमा मात्र बढ्ने देखिन्छ । यसमा बृद्धि गर्न थप राजस्व अध्ययनको आवश्यकता देखिन्छ ।

**ख) अनुदानः**

गाउँपालिकाको अनुदान अन्तर-सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा उल्लेख भए अनुसार प्राप्त हुने रकम हो । यस अनुसार दफा ८ मा वित्तिय समानीकरण अनुदान, दफा ९ मा सशर्त अनुदान, दफा १० मा समपुरक अनुदान र दफा ११ मा विशेष अनुदान सम्बन्धी व्यवस्था रहेका छन् । यो रकम राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ मा राजस्वको बाँडफाँड गर्दा लिइने आधारहरु अनुसार वितरण गरिने व्यवस्था गरिएको छ ।

**१.समानीकरण अनुदानः** समानीकरण अनुदान बढाउन पालिकाको कार्यसम्पादन सम्पादन क्षमतालाई बढाइने छ ।

**२ सशर्त अनुदानः** पालिकाले आवधिक योजना बनाउँदा राष्ट्रिय र प्रदेशको नीति तथा कार्यक्रमका आधारलाई ध्यानमा राखी राष्ट्रिय लक्ष्य संग तादम्यता हुने गरी आयोजनाहरु छनौट गरिनेछ ।

**३ समपुरक अनुदान:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मापदण्ड र अन्य निर्देशिकाका आधारलाई ध्यानमा राखी समपुरक अनुदानबाट सञ्चालन गरिने आयोजनाहरुको प्राथमिकताको आधारमा विस्तृत प्रतिवेदन समयमा नै बनाइनेछ ।

**४ विशेष अनुदान**:गाउँपालिका भित्र सामाजिक विकास, आर्थिक असन्तुलन र विभेद हटाउन सकिने खालका आयोजनाको छनौट गरी आयोजनाहरुको प्राथमिकताको आधारमा विस्तृत प्रतिवेदन समयमानै बनाइनेछ ।

माथि उल्लेखित स्रोत अनुसार गाउपालिकालाई संघ र प्रदेशबाट प्राप्त हुने सबै किसिमका राजस्व निम्न बमोजिम प्रक्षेपण गरिएको छ ।

**आगामी आवधिक योजनाका लागि प्रक्षेपीत राजस्व रु हजारमा**

| स्रोत | आ.व. ०७८।७९ | आ.व ०७९।८० | आ.व ०८०।८१ | आ.व ०८१।८२ | आ.व ०८२।८३ | आ.व ०८३।८४ |
|---|---|---|---|---|---|---|
| समानीकरण अनुदान (संघ) | ११४,४०५ | १२२,३०५ | १३४,२०८ | १४९,०१० | १५८,९११ | १७२,२६४ |
| समानीकरण अनुदान प्रदेश | ५,३६१ | ६,०७५ | ६,५३५ | ७,१६४ | ७,६८१ | ८,२७३ |
| राजश्व बाँडफाड र अन्य राजश्व (संघ, प्रदेश, स्थानीय) | ८९,९१९ | ९७,०४४ | ११५,९७८ | १३१,२५४ | १४४,२८३ | १६१,३८८ |
| र्सत अनुदान (संघ, प्रदेश) | ३५१,३८० | ३६४,१७९ | ४३४,७५२ | ४९०,५९१ | ५३२,२७७ | ५९५,४८३ |
| समपुरक अनुदान र बिशेष अनुदान (संघ, प्रदेश) | ५७,६७६ | ७०,४२९ | ८७,३४० | १०१,४७९ | ११७,४६६ | १३२,२२१ |
| सामाजिक सुरक्षा | ९५,६९५ | ९९,४८८ | ११५,४१८ | १२३,२५६ | १३६,४८९ | १४६,१२६ |
| अन्यत कार्यक्रम अनुदान | २३,४७४ | ३१,९२४ | ३५,६७१ | ४२,५५४ | ४७,३४७ | ५३,५३२ |
| **जम्मा आय** | **७३७,९१०** | **७९१,४४४** | **९२९,९०२** | **१,०४५,३०८** | **१,१४४,४५४** | **१,२६९,२८७** |
| बृद्धि दर | ० | ७ | १७ | १२ | ९ | ११ |

माथिको तालिका अनुसार राजस्व अनुदान सामान्य रुपमा बढ्ने देखिन्छ । यद्यपी यसमा वित्तीय संघीयताको नीतिमा भर पर्दछ ।

### ३.१.३ वैदेशिक सहायता परिचालन

सम्बन्धित मन्त्रालय, अन्य स्थानीय तह तथा विदेश संग पहुँचमा रहेका व्यक्तित्व संग समन्वयका आधारमा गाउँपालिकाको स्वतन्त्रतामा आँच नआउने गरी पालिकाको आर्थिक तथा सामाजिक विकास गर्न वैदेशीक सहायता परिचालन गर्न पहल गरिनेछ ।

### ३.१.४ सार्वजनिक ऋण

दीर्घकाल सम्म गाउँपालिकालाई प्रतिफल प्राप्त हुन सक्ने र वातावरण सन्तुलनलाई नकारात्मक प्रभाव नपार्ने आयोजना कार्यान्वयन तथा सञ्चालनका लागि नियम अनुसार सार्वजनिक ऋण लिइनेछ ।

### ३.१.५ सार्वजनिक, निजी र सहकारी साझेदारी

गाउँपालिकाले सार्वजनिक, निजी र सहकारी साझेदारीको आधारमा लगानी गर्ने गरी आर्थिक क्रियाकलापलाई तीब्रता दिने योजना कार्यान्वयन गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ । सार्वजनिक, निजी र सहकारी साझेदारीको आधारमा लगानी गर्न चाहने उद्यमीलाइ विशेष सुविधा दिइनेछ ।

### ३.१.६ वैदेशिक लगानी

गाउँपालिकाले नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यबस्था ऐन, २०७४ को अधिनमा रही गाउँको आर्थिक विकासलाई तिब्रता दिन सक्ने कृषि, पर्यटन, उद्योग आदी आयोजना कार्यान्वयनका लागि वैदेशीक लगानीकर्ता आकर्षित गर्न आवश्यक सुविधा प्रदान गरिने छ ।

## ३.२ आवधिक योजनाको लागि राजस्व प्रक्षेपण

यस गाउँपालिकाको विगत चार वर्षको राजस्वको आधारमा आगामी पाँच वर्षको आवधिक योजनाका लागि तथ्यांकीय रिग्रेशन विधिबाट राजस्व प्रक्षेपण गरिएको छ । तथ्यांकीय विधिबाट गरिएको प्रक्षेपण अनुसार निम्न कुल राजस्व परिचालन हुने अनुमान गरिएको छ ।

**विगतको राजस्वको आधारमा कुल प्रक्षेपीत राजस्व रु हजारमा**

| स्रोत | आव २०७८।७९ | आव २०७९।८० | आव २०८०।८१ | आव २०८१।८२ | आव २०८२।८३ | आव २०८३।८४ |
|---|---|---|---|---|---|---|
| समानीकरण अनुदान (संघ) | ११४,४०५ | १२२,३०५ | १३४,२०८ | १४९,०१० | १५८,९११ | १७२,२६४ |
| समानीकरण अनुदान प्रदेश | ५,३६१ | ६,०७५ | ६,५३५ | ७,१६४ | ७,६८१ | ८,२७३ |
| राजश्व बाँडफाड र अन्य राजश्व (संघ, प्रदेश, स्थानीय) | ८९,९१९ | ९७,०४४ | ११५,९७८ | १३१,२५४ | १४४,२८३ | १६१,३८८ |
| सर्सत अनुदान ( संघ, प्रदेश) | ३५१,३८० | ३६४,१७९ | ४३४,७५२ | ४९०,५९१ | ५३२,२७७ | ५९५,४८३ |
| समपुरक अनुदान र बिशेष अनुदान ( संघ, प्रदेश) | ५७,६७६ | ७०,४२९ | ८७,३४० | १०१,४७९ | ११७,४६६ | १३२,२२१ |
| सामाजिक सुरक्षा | ९५,६९५ | ९९,४८८ | ११५,४१८ | १२३,२५६ | १३६,४८९ | १४६,१२६ |
| अन्तारिक राजश्व | १०,४८७ | ११,८६० | १२,०३८ | १३,०१३ | १३,४५७ | १४,२५५ |
| अन्य सर्सत कार्यक्रम अनुदान | २३,४७४ | ३१,९२४ | ३५,६७१ | ४२,५५४ | ४७,३४७ | ५३,५३२ |
| **जम्मा आय** | **७२९,१९७** | **७९७,४३५** | **९२०,१३०** | **१,०३३,९८४** | **१,१२९,४५०** | **१,२४७,७२५** |

माथि प्रक्षेपण गरिएको राजस्व अनुसार आगामी पाँच वर्षमा जम्मा रु ५,८५,७९,२१,००० परिचालन हुने अनुमान गरिएको छ । उक्त रकम कति विश्वसनीय छ भनी गणितीय विश्लेषण गर्दा तलको स्थिति देखियो ।

## ३.३ विषयगत क्षेत्रका लागि राजस्व बाँडफाँड

गाउँपालिकामा आगामी ५ वर्ष (आ.व. २०७८।७९ देखि आ.व.२०८२।८३) का लागि रु ५,९१६,५०० हजार प्राप्त हुन सक्ने अनुमान गरिएको छ । यसमा निजी क्षेत्रबाट हुन सक्ने लगानी र गाउँपालिकाले योजना कार्यान्वयनका लागि कानुन बमोजिम लिनसक्ने ऋण रकम समावेश गरिएको छैन । आवधिक योजनाको कार्यान्वयनको मुख्य आधार वार्षिक योजना हो त्यसैले गाउँपालिकाले वार्षिक योजना बनाउँदा आवधिक योजनालाई मार्ग दर्शनको रुपमा लिनु पर्दछ । निजी क्षेत्रले मुनाफा योग्य योजनामा लगानी गर्ने भएकोले गाउँपालिकाले ती क्षेत्रहरु कानुन बमोजिम निर्धारण गर्न सक्दछ । यसमा बजेट अनुमानमा आन्तरिक र वाह्य अनुदानको प्रक्षेपणलाई जोडेर खर्च अनुमान गरिएको छ । प्रत्येक वर्षको प्रक्षेपीत राजस्व र विगतमा विभाजन गरिएको राजस्वको प्रतिशतको आधारमा विषयगत समिति अन्तर्गतका शाखाहरुको लागि खर्च अनुमान तलको तालिकामा उल्लेख गरिएको छ ।

चन्द्रकोट गाउँपालिकाको आवधिक योजनाका लागि विषयगत समिति अनुसार प्रक्षेपित बजेट सिलिङ्ग ।

| **विषयगत क्षेत्र अनुसार अनुमानीत राजस्व बाँडफाँड (रु. हजारमा)** | | | | | | |
|---|---|---|---|---|---|---|
| आ.व. | आर्थिक | सामाजिक | पूर्वाधार | वातावरण | संस्थागत | कुल जम्मा |
| २०७८।७९ | ३६,४६० | ४५२,१०२ | १३८,५४७ | १४,५८४ | ९४,७९६ | ७३६,४८९ |
| २०७९।८० | ३९,८७२ | ४९४,४१० | १५१,५१३ | १५,९४९ | १०३,६६७ | ८०५,४०९ |
| २०८०।८१ | ४६,००७ | ५७०,४८१ | १७४,८२५ | १८,४०३ | ११९,६१७ | ९२९,३३१ |
| २०८१।८२ | ५१,६९९ | ६४१,०७० | १९६,४५७ | २०,६८० | १३४,४१८ | १,०४४,३२४ |
| २०८२।८३ | ५६,४७३ | ७००,२५९ | २१४,५९६ | २२,५८९ | १४६,८२९ | १,१४०,७४५ |
| २०८३।८४ | ६२,३८६ | ७७३,५९० | २३७,०६८ | २४,९५५ | १६२,२०४ | १,२६०,२०२ |
| कुल जम्मा | २९२,८९६ | ३,६३१,९११ | १,११३,००५ | ११७,१५८ | ७६१,५३० | ५,९१६,५०० |

माथिको तालिकामा विनियोजन गरिएको विषयगत समिति अन्तर्गत उपक्षेत्रमा पर्ने शाखा कार्यालयको लागि आवश्यक बजेट वार्षिक योजनामा निर्धारण गरिएको आयोजनाको लागि बजेट सीमा भित्र रही रायोआको पन्धौं योजनाको सूचकलाई ध्यानमा राखी खर्च गरिनेछ ।

# परिच्छेद - चार
# आर्थिक क्षेत्र

## ४.१ पृष्ठभूमि

स्थानीय विकास योजना स्थानीय अर्थतन्त्रलाई चलायमान बनाई तीव्र रुपमा आर्थिक विकास गर्नलाई बनाइन्छ । अर्थतन्त्र वहुआयामीक विषय क्षेत्र हो जसलाई एउटा निश्चित संरचनाका आधारमा लक्ष्य केन्द्रीत गरिन्छ । अर्थतन्त्रको संरचनात्मक स्वरुपलाई प्राथमिक क्षेत्र (कृषि, पशुपालन तथा बन), द्धितीय क्षेत्र (खानी, उत्पादन उद्योग, निर्माण, विद्युत, पानी तथा ग्यास) र तृतीय क्षेत्र (व्यापार, यातायात, भण्डारण तथा सञ्चार, वित्त, रियल स्टेट तथा व्यवसाय सेवा, सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा) गरी तीन भागमा विभाजन गरिएको हुन्छ । अर्थतन्त्रको विद्यमान संरचनात्मक स्वरुपले विकासको स्तर, सम्भावना, रोजगारी स्थिति आदि बारे बताउँदछ । विकासमा प्रभाव पार्ने यी पक्षहरुबारे सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति हुन आवश्यक हुन्छ । गाउँपालिकाले पहिचान गरेको आर्थिक विकासको अवसर र चुनौती जस्ताको तस्तै तल उल्लेख गरिएको छ ।

**आर्थिक विकासका अवसरहरुः**

गुल्मी जिल्लाको विकट पहाडी बस्तिमा रहेको यस गाउँपालिका सदरमुकाम देखि टाढा भएता पनि अर्को प्रदेशसँग सिमाना जोडिएको जिल्ला भएको कारणले यहाँका बजारक्षेत्रहरु शान्तिपुर तथा मजुवा क्षेत्रहरुको कारण यहाँको व्यापार तथा भौगोलिकतामा आधारित कृषि पेशा एबम् रैथाने बालीहरु (कालो भटमास, सिलाम आदि) को प्रबर्धन मार्फत यहाँका नागरिकको आम्दानीको श्रोत बढाउन सकिने अवस्था छ।यसका अलवा पशुपालन तथा मौरी पालनले समेत यहाँका नागरिकहरुलाई उद्यमशील बनाउन थप टेवा पुग्छ। पछिल्लो समयमा विकास भएको टनेल खेती तथा बेमौसमी खेतीका कारणले यहाँको कृषिजन्य अवस्थाबाट फाईदा लिन सकिने अवसर पनि रहेको छ ।वडा नं. ७ र ८ मा पर्ने वडिगाड नदि लगायत वडा नं. २ को खहरे खोलाबाट प्राप्त हुने नदिजन्य पदार्थको विक्रि वितरणबाट गाउँपालिकाले आन्तरिक आम्दानी बढाउन सक्ने अवसर रहेको छ। साथै विभिन्न पर्यटकीय स्थलहरु टिमुरे ताल, अर्जेवा झरना, झुलेनी पार्क जस्ता क्षेत्र तथा धार्मिक स्थल दिब्रुङ्ग शिवालय मन्दिर, चक्रेश्वर मन्दिर तथा चन्द्रकोट मन्दिर जस्ता क्षेत्रहरुको कारण पनि यस क्षेत्रमा धार्मिक तथा अन्य पर्यटन प्रबर्धन मार्फत यहाँको आन्तरिक आम्दानी बढाउन सकिने अवसर रहेको छ। रोजगार कार्यक्रमलाई थप प्रभाकारी तुल्याउन नेपालको संबिधानले बिभिना तहका सरकारको रोजगारी र बेरोजगारी सहायता तथा तथ्यांक संकलनको जिम्मेवारी तोकिनु, सबै स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना हुनुका साथै रोजगार संयोजक र प्राबिधिक सहायकको नियुक्ति गरिनु, रोजगार सूचना व्यवस्थापन प्रणाली संचालनमा रहनु, सेवा केन्द्रलाई श्रम सूचना बैंकको रुपमा स्थापना गर्नु, रोजगारीको हक सम्बन्धी ऐन, २०७५र नियमावली २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५,युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यविधि २०७६, तर्जुमा भइ कार्यन्वयनमा रहनु सवाल पक्षको रुपमा लिन सकिन्छ ।

**आर्थिक विकासका चुनौतीहरु**

चन्द्रकोट गाउँपालिकाको उत्तरी दिब्रुङ्गदह तथा पश्चिमी ग्वाघा क्षेत्र भुगोलको हिसाबले विकट, जाडो मौसममा अत्यन्त चिसो तथा बाह्रै महिना हावा चलिरहने भएको कारण यहाँको जनजिवन केहि अप्ठ्यारो पनि रहेको छ।यसका अलावा यहाँका नागरीकहरु रोजगारीको सिलसिलामा भारत लगायत अन्य तेश्रो मुलुकमा जाने र बसाईसराईको दर पनि उच्च रहेको कारण यस क्षेत्रमा नागरिकहरुलाई टिकाई राख्न समस्या भएको छ।गाउँपालिका जोड्ने सडकको अवस्था कमजोर तथा हरेक वडाहरु कच्ची सडकको पहुँचमा रहेको कारण समेत बर्षायाममा आवतजावतमा निकै ठुलो समस्या आईरहेको छ। यहाँको वडा नं. ७ रुपाकोटको सोता क्षेत्र तथा वडा नं. ८ को मजुवा तथा वडा न ४ को शान्तिपुर क्षेत्रमा खेतियोग्य जमिनमा बस्तिहरु बसाईने कारणले गर्दा पनि उत्पादन तथा उत्पादकत्व वढाउन केहि समस्या आईरहेको छ। वडा नं. ७ र ८ मा पर्ने वडिगाड नदिमा बर्षा याममा आउने बाढीका कारण मजुवा क्षेत्रको तल्लो भाग र रुपाकोट क्षेत्रको बोटेगाउँ क्षेत्रलाई निकै प्रभाव पारिरहेको छ। यसका अलावा समय समयमा मनसुन जन्य विपदका कारण नागरिकहरु घरबार विहिन हुनुपर्ने अवस्था पनि यस गाउँपालिकाको लागि चुनौतीका रुपमा स्थापित भएको छ।

चन्द्रकोट गाउँपालिकाको अर्थतन्त्रको यही संरचनात्मक स्वरुपको आधारमा आवधिक योजना तर्जुमा गर्ने प्रयास गरिएको छ । योजना तर्जुमा गर्दा आयोजनाका मुख्य पक्षहरुको विश्लेषणलाई मुल आधार बनाइएको छ । आर्थिक विषयगत क्षेत्रको आयोजनाहरुलई उपक्षेत्रमा विभाजन गरिएकोले सोही आधारमा सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिबारे संक्षिप्तमा तल उल्लेख गरिएकोछ ।

## ४.२ कृषि विकास

### १. पृष्ठभूमि

कृषि क्षेत्र नेपालको प्राथमिक क्षेत्र हो र यस अर्न्तरगत खाद्यान्न तथा नगदे वालीको उत्पादनका साथै पशुपालन व्यवसाय पर्दछन् । यस गाउँपालिकाको कृषि तथा प्राकृतिक वस्तुस्थितिको आधारमा सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिबारे तल उल्लेख गरिएको छ । नेपालको कुल गाह्रस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत र रोजगारीमा ६०.४ प्रतिशत योगदान रहेको छ । (रायोआ, २०७६:१२३) ।

चन्द्रकोट गाउँपालिकाको अधिकांश मानिस कृषि पेशामा संलग्न रहेका छन् । :कृषि क्षेत्रको विकास र विस्तारको लागि यस गाउँपालिकामा कृषि शाखा रहेको छ । यो शाखा स्थानीय कृषकको कृषि विकासमा सहायोगी सरकारी कार्यालय भएकोले गाउँपालिकाको आवधिक योजना बनाउँदा वर्तमान स्थितिका आधारमा स्थानीय जनता र कार्यालयका विज्ञको सुझाव अनुसार भविष्यको लक्ष्य निर्धारण गरिएको छ ।

नेपाल जस्तो कृषि प्रधान देशको आर्थिक विकासमा कृषि तथा सिँचाई क्षेत्रको विकासको महत्वपूर्ण भुमिका रहेको हुन्छ । आर्थिक विकासको गतिलाई दिगो रुपमा बढाउनका लागि कृषिको विकास गर्नु पर्दछ । परम्परागत कृषि प्रणालीमा मानिसले आफ्नो जिविको पार्जनका लागि उत्पादन गर्ने खाद्यान्न तथा पशुपंक्षी पालन पर्दछ । तर वर्तमान समयमा यसको विकास र विस्तारका लागि तुलनात्मक लागत लाभका आधारमा मुनाफा प्राप्त गर्ने उद्देश्यले मानिसले गर्ने व्यवसायको रुपमा लिन थालिएको छ ।

यस गाउँपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो । कृषि क्षेत्रको प्रमुख वाली अन्तर्गत खाद्यान्न, फलफुल, तरकारी, माछा, मासु आदि पर्दछन् । आर्थिक क्रियाकलापमा बृद्धि ल्याउन कृषि क्षेत्रलाई व्यवसायीकरण, विविधिकरण गर्न आवश्यक छ । दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय जनताको आयमा बृद्धि हुने गरी गाउँपालिकाको स्रोत साधन परिचालन गरिनेछ । यसबाट रोजगारीमा बृद्धि भई स्थानीय जनताको आय आर्जनमा बृद्धि हुनेछ । उक्त

सन्दर्भमा प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधार गरी लगानीको वातावरण निर्माण गरिनेछ ।

कृषि क्षेत्रले रोजगारीको प्रवर्द्धनबाट गरिबी निवारण र आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउँदछ । यस क्षेत्रको विकासमा मलखाद, उन्नत वीज, कृषि औजार, कृषि ऋण तथा आपूर्ति स्थिति आदिको महत्वपूर्ण भुमीका रहेको हुन्छ । गाउँपालिकाले कृषि विकासका लागि गरेको महत्वपूर्या काम तल उल्लेख गरिएको छ ।

यस गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनर कृषकहरको आफ्नो पेशालाई सम्मानित भएको महसुस दिलाउनका लागि विभिन्न किसिमका कृषक उन्मुख कार्यक्रमलाई सचालन गरिएको छ ।कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन र कृषकहरुको पेशा प्रति कृषि, प्रसार, कृषि उत्पादन व्यावस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन रनियमन गरिएको पाइन्छ । कृषि विकासलाई आवश्यक पर्ने उपकरणको खरिद ब्यावस्थापन गरि कृषकको मागको आधारमा आवश्यकता अनुसार उपलब्ध गराईएको छ । मौसमी तथा बेमौसमी तरकारी खेतिलाई थप जोड दिदै दिगो कृषिका लागि बाँस तथा फलामका टनेल निर्माण प्रबिधिको विस्तार गरिएको छ । कृषकको रैथाने बाली खेतिलाई लक्षित गरि कालो भटमास र सिलाम खेतीलाई रैथाने बालीका रुपमा तथा मसला बालीहरु जस्तै अदुवा, लसुन, बेसार आदि बालीलाई बढावा दिदै आईएको छ ।
प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकाको वडा नं ६ हरेवामा एक स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन गरिएको छ , भने गाउँपालिकाको मुख्य बजार क्षेत्र शान्तिपुर तथा मजुवामा एक/एक वटा हाटबजारहरु स्थापना गरिएको छ । कृषकहरुको उत्पादनलाई मूल्य निर्धारण गरी कृषि संकलन केन्द्रबाट गाउँपालिका बाहिर निर्यात गर्ने व्यवस्था मिलाउनको लागि आवश्यक प्रवन्ध गरिएको छ । कोभिड-१९ लक्षित कार्यक्रम अन्तर्गत किसानको लागी विभिन्न अनुदानमुलक कार्यक्रम संचालन गरिएको थियो । किसानलाई लक्षित गरि कृषिमा आत्मनिभर भई उत्पादकत्व बढाउनको लागि व्यवसाय अनुसारको तालिम कार्यक्रमहरु संचालन गरिएको पाइन्छ ।

अर्गानिक खेती प्रणालीबाट कृषकलाई परामर्ष प्रदान गर्दै बिस्तारको लागि प्रोत्साहन गरिएको छ भने रासायनिक मललाई न्यूनीकरण गर्दै जैविक मल उत्पादन तथा प्रयोगलाई बढी प्राथमिकता दिईएको तथा किसानले सुपथ मुल्यमा मल प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न र बजार मुल्यमा एकरुपता कायम राख्न अनुदानमा रासायनिक मल वितरण निर्देशिका अनुरुप सेवाप्रदायक छनौट गरी आवश्यक कार्य गरिएको छ । एक गाउँ एक प्राविधिक को व्यवस्था गरी किसानहरुबाट आउने समस्या समाधान गर्न वडा तहबाटै आवश्यक ब्यावस्था मिलाईएको छ । एक घर एक टनेल प्रबिधिलाई ध्यानमा राखी तरकारी खेतीमा आत्मनिर्भर गराउन क्रमश बार्षिक नीति तथा बजेटमा समावेश गरी आधुनिक टनेल खेतीमा कृषकलाई अनुदान उपलब्ध गराई कृषि पेशालाई आधुनिकता तर्फ आकर्षित गरिएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत ज्ञान केन्द्रबाट संचालित वडा नं. ७ र ८ मा धान ब्लक क्षेत्रलाई कृषकहरुको लागि बीउ,प्रविधि तथा सिंचाई लगायतका सुविधा प्रदान गरिएको छ ।प्रधानमन्त्री आधुनिकीकरण परियोजना अन्तर्गत कार्यक्रम संचालनको लागि वडा नं. ७ र ८ मा कफि सुपरजोन र मकै जोन तथा वडा नं. ५ र ६ मा सुन्तलाजोन कार्यक्रम संचालन भएको छ ।गाउँपालिकाको विभिन्न स्थानमा लगाइएको फलफूल, किवी, उत्पादनको अध्ययन गरी विभिन्न वडाहरुमा विस्तार गरिएकोछ ।आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादनमा वृद्धि तथा कृषि कार्यमा सरलता ल्याउन मिनिटिलर, च्यापकटर लगायतका अन्य उपकरणहरु खरिद गरी वितरण गरिएको छ ।कृषिमा भैपरी आउने प्राकृतिक प्रकोप तथा कृषिमा भित्रि नसक्ने विभिन्न किसिमका रोग किरा तथा बालीमा हानी नोक्सानी गर्ने जनावर (बाँदर,दुम्सी,चौगडा,मृग आदि) लाई मध्यनजर गर्दै पूर्व तयारीका साथ कृषि उत्पादनको ह्रासलाई न्यूनीकरणका लागि पालिका तथा वडा तहबाट विभिन्न योजनाहरु संचालन गरिएको छ ।किसानलाई लक्षित गर्दै कृषि सम्बन्धी विभिन्न कार्यक्रमहरु वृद्धि गरी आत्मनिर्भर बनाई उत्पादकत्व वृद्धि गर्नका लागि व्यवसायिक तालिमको व्यवस्था गरिएको। अर्गानिक खेती प्रणालीको बारेमा कृषकलाई परामर्श दिदै कृषकहरुको माग, उत्पादन क्षेत्र

तथा बाली लगाउने समयलाई मध्यनजर गर्दै मौसमी तथा बेमौसमी बीउबिजन वितरण गरिएको छ ।रैथाने बालीलाई संरक्षण गर्दै उन्नत जातका बालीहरुको विकास गरिएको। साथै गाउँपालिकाको भौगोलिक अवस्थाको अध्ययन गरी सोही किसिमका फलफूल तथा बालीहरुको लागि वडा नं ४ मा एक हाईटेक नर्सरी स्थापना गरिएको साथै उक्त नर्सरीलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि बिरुवा उत्पादन लगायतका आवश्यक सुविधा प्रदान गरिएको छ । कृषकलाई नीजि बाँझो जग्गा तथा खेतबारीका काल्नामा समेत दलहन बाली, तरकारी, फलफूल, बिरुवाहरू लगाउन आम कृषकलाई अभिप्रेरित गर्ने कार्यक्रम संचालन गरिएको छ ।उन्नत बीउ उत्पादनलाई दिगो बनाउने दृष्टिकोणले कृषक सहकारी, समूहलाई सीप विकासका कार्य, उपकरणमा अनुदान, सिंचाई लगायतका क्रियाकलापमा जोड दिइएको छ ।कृषि वाताबरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्धन गरिएको छ ।कृषिहरुको क्षमता अभिबृदी, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण सम्बन्धी क्रियाकलापहरु संचालन गरिएको छ । उपरोक्त कार्यहरुको पृष्ठभूमिलाई ध्यानमा राखी यस आवधिक योजनामा नीति, कार्यक्रम बनाइएको छ ।

### कृषि कार्यक्रम तथा उन्नत बीउ वितरण

कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्नका लागि उत्पादनका साधनहरु गुणस्तरीय मलखाद, उन्नत बिउवीज, कृषि औजार, कृषि ऋण आदिको सर्वसुलभ रुपमा उपलब्ध हुनु आबश्यक हुन्छ । जनताको आर्थिक स्थिति सुधार गर्नको लागि कृषि विकास कार्यालयले धान, गहुँ, मकै, दलहन, तेलहन, आलु आदि बालीको बीउ उपलब्ध गराउने, प्रदर्शन कार्यक्रम (उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन तथा अन्य), उन्नत सीड कीट बितरण (धान, गहुँ, मकै आदि), बीज वृद्धि ( धान, गहुँ, मकै आदि) जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्ने हुन्छ ।

**वीज वृद्धि कार्यक्रमः** खाद्यान्न उत्पादन वृद्धिका लागि खाद्यान्न वीजको महत्वपूर्ण स्थान रहेको हुन्छ ।
**रासायनिक मल वितरण स्थितिः** कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नको लागि गुणस्तरीय रासायनिक मलको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।
**कृषि ऋण परिचालन:** कृषिलाई आधुनिकीकरण गर्नका लागि आवश्यक पर्ने आधुनिक औजार, उन्नत मल बीउ, उन्नत जातका पशुपंक्षी आदि खरिद गर्न पूँजीको आवश्यकता पर्दछ । सामान्यतयाः नेपालमा कृषकहरु पुँजीको अभावका कारणले कृषिलाई आधुनिकीकरण गर्न सकिरहेका छैनन् ।

### कृषि उपजको भण्डारण

कृषकलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन उनीहरुले उत्पादन गरेको वस्तुहरु उपर्युक्त समयमा विकी गर्न भण्डारणको सुविधा हुनु पर्दछ । यसले कृषकको उत्पादित तरकारी, फलफुल दुधलाई भण्डारण, दुधको बजार विकास विस्तार गरी विक्री वितरण गर्न सघाउ पुऱ्याउँदछ ।

### २. प्रमुख समस्याः

कृषि विकासमा सामान्यतया भौगोलिक बनावट, स्रोत साधन र सामाग्रीको न्युन उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरु जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, संकलन केन्द्र आदि कृषि विकासको मुल समस्याको रुपमा लिइन्छ ।
यस गाउँपालिकाको मुख्य समस्या निर्वाहमुखी कृषि उत्पादन खाद्य सुरक्षाको अभाव न्यून उत्पादन उन्नत जात, जातको पशुपालन तथा व्यवसायिक पशुपालन को अवस्था न्यून आयातमुखी हाम्रो सोच, व्यवहार तथा संस्कृति सिंचाईको अभाव जैविक मल उन्नत जात बीऊ उत्पादन आधुनिक प्रविधि प्राविधिकको अभाव कृषिजन्य उत्पादनको संकलन केन्द्र भण्डारण तथा बजार व्यवस्थापनको कमजोरी सुचनाको पहुंचको कमी सामुहिक खेती किसानको वर्गीकरण नहुनु आदि हुन् ।

### ३. चुनौती तथा अवसर

यस गाउँपालिकाको कृषक साना र मझौला स्तरका रहेका छन् । उनीहरुको दक्षता वृद्धि गरी व्यावसायीकरण गर्न एवम् वजारको सुनिश्चितता दिलाउने काम चुनौतीपूर्ण छ । यसका साथै वहुसंख्यक उत्पादनशील जनशक्ति तुलनात्मक लाभका आधारमा वैदेशीक रोजगारीका लागि बाहिर गएकाले बाँझो जमीन राख्ने प्रबृत्तिलाई कम गर्न पनि चुनौतीपूर्ण छ । साना किसानले उत्पादन गरेको वस्तुले वजारमा प्रतिस्पर्धा गर्न सक्दैन । संविधान तथा कानुनमा उल्लेख भए अनुसार अन्तर सरकार सहकार्य र समन्वय स्थापित गर्नु चुनौतीपूर्ण कार्य हो ।
भौगोलिक विविधता र जैविक विविधता भएको नेपालको परिप्रेक्षमा यस गाउँपालिकाको अधिकांश भुभाग पहाडी भूगोलको चरित्र रहेको छ । तर पहाडका उत्पादन तराईमा निर्यात गरी लाभ लिन उत्तम अवसर छ । कालो बादलमा चाँदीको घेरा भने जस्तै यातायात विकास, सूचना प्रविधिको विकास, मानिसहरुमा भएको चेतनाको विकासले विदेशबाट फर्किएका युवाहरु कृषि व्यवसायमा आकर्षित हुँदै जानु, जैविक खेती प्रतिको आकर्षण, यातायातको विकासले वजारको पहुँच बढ्नु संस्थागत र निजी क्षेत्रको आकर्षण बढ्नुलाई अवसरको रुपमा लिन सकिन्छ ।
यस चन्द्रकोट गाउँपालिकाको कृषि विकासको चुनौती र अवसर निम्न रहेको पाइन्छ ।

**चुनौती**

- व्यवसायिक तथा जैविक कृषि उत्पादनको विकास गर्न
- उन्नत मल वीऊ प्रविधि प्राविधिक व्यवस्थापन
- कृषि पेशा तथा व्यवसायलाई एउटा मर्यादित पेशा वा व्यवसायका रुपमा विकास गर्न
- बाली विविधिकरण गर्न
- कृषि योग्य जमिनको चक्लबन्दीबाट खेती प्रणाली सिंचाईको सुविधा, जग्गा भाडामा लिंदा वा दिंदा अनुदानको व्यवस्थ गर्न
- आम नागरिकमा स्थानीय उत्पादनको उपभोगमा आयको ह्रासलाई चेतना अभिवृद्धि गर्न
- कृषि पकेट क्षेत्र वा अन्य पकेट क्षेत्रका लागि सामान्य पूर्वाधार तयार गर्न
- सडक संजालको विकास भए पनि जसको कृषि क्षेत्रको प्रयोग र उपयोगिताका आधारमा वर्गीकरण गर्दा स्तरउन्नति गर्न ।

**अवसर**

- मकै, धान, गहुं, आलु, भटमास, तरकारी तथा फलफूल जडिवुटी जस्ता स्थानीय उत्पादनको वृद्धि गरी मुल्य श्रृखलामा आवद्ध गर्न सकिने ।
- सून्तला, कफि, लसुन, वेसार, कागती, ओखर जस्ता उत्पादनको व्यवसायिक सम्भावना
- कृषि स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहनु
- कृषि जन्य उत्पादनलाई वजार व्यवस्थापन गर्न सहजता हुनु ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१. सोचः

कृषिको विविधिकरणबाट जमीनको व्यवसायीक उपयोग, जनताको आर्थिक विकासमा सहयोग ।

### ४.२. लक्ष्यः

उत्पादकत्व र बजारको सम्भावनाको आधारमा जमिनको उपयोग गरी कृषि उत्पादन गर्ने ।

### ४.३. उद्देश्यः

- उत्पादन र उत्पादकत्वका आधारमा खेतीयोग्य जमीनको उपयोग गर्नु ।

- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु ।
- कृषि उत्पादनलाई व्यवसायीकरण गर्नु ।
- वन क्षेत्रलाई पनि कृषि उत्पादन संग जोड्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय कृषक र अन्य सरोकारवालाहरु संग समन्वय र सहकार्य गरी कृषि सम्बन्धि स्थानीय कानुन बनाइ योजनाबद्ध कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने । | नीजी तथा सरकारी जमीन संविधान तथा कानुन संग नबाझिने गरी आवश्यक कानुन बनाइनेछ ।<br>स्थानीय जनताको प्राथमिकतामा आधारित योजना कार्यान्वयन गर्न दोहोरोपन नहुने गरी प्रदेश र संघ संग आबश्यक समन्वय र सहजिकरण गरिनेछ । |
| कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रचार प्रसार प्रभावकारि बनाउने । | कृषि भूमीको अनुसन्धान गरी उत्पादकत्वको आधारमा कृषि खेतीलाई वर्गिकरण गरिनेछ ।<br>कृषि भूमीको अनुसन्धान गर्न आबश्यक साधन र स्रोतको व्यवस्था गरिनेछ ।<br>कृषि उत्पादनका साधन, मल, वीउको आबश्यक व्यवस्था गरिनेछ । |
| कृषि क्षेत्रमा लगानी बढाउन सहयोग र सहजीकरण गर्ने । | कृषि पेशामा संलग्न कृषकले व्यवसायीक कृषि गर्न चाहेमा बैक तथा वित्तिय संस्था संग मध्यस्थताको भूमिका निर्वाह गरिनेछ ।<br>कृषि सूचना प्रणालीको विकास र विस्तार गरी कृषि बजारको सुनिश्चिता गरिनेछ । |
| कृषि कार्यक्रम तथा उन्नत बीउ वितरण गर्ने | वास्तविक कृषकलाई उनीहरुको जमीनको माटोको परिक्षण गरी उन्नत बीउ वितरण गरिनेछ । |
| कृषि अनुदान उपलब्ध गराउने । | व्यावसायी कृषि गर्न चाहने कृषकलाई कृषि अनुदान उपलब्ध गराइनेछ । |
| कृषि उपजको भण्डारणको व्यवस्था गर्ने । | कृषि उत्पादनको समर्थन मुल्य तोकि खरिद र भण्डारणको व्यवस्था गरिनेछ । |
| संघ र प्रदेश संग समन्वय गरी उत्पादित वस्तुको वजारीकरण गरी आयआर्जन गर्ने । | संघ र प्रदेश संग समन्वय गरी उत्पादित वस्तुको वजार विकास र विस्तार गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

योजनाको अन्त्यसम्ममा परिमाणात्मक लक्ष्य हासिल भई गाउँपालिका कृषि उत्पादनको बृद्धिबाट गाउँबासीको आर्थिक समृद्धि भएको हुनेछ । कृषि क्षेत्रको लक्ष्य परिमाण देहाय बमोजिम निर्धारण गरिएको छ ।

| क. सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ३० | ३२ | ३५ | ३८ | ४२ | ४५ |

| क. सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| २. | वार्षिक खाद्यान्न उत्पादन | मे.टन | १४ | १४.१ | १४.४ | १५ | १५.४ | १६ |
| ३. | विनियोजित वजेट | रु लाख | ५०.४४ | ५५ | ६० | ६५ | ७२ | ८० |
| ४. | स्मार्ट कृषि संचालन परिवार | सख्या | २५ | २५ | २५ | ३५ | ३५ | ३५ |
| ५. | व्यवसायिक कृषि नर्सरी | संख्या | १ | | | | | १ |
| ६. | तरकारी वार्षिक उत्पादन | मे.टन | ०.७ | | | | | ०.९ |
| ७. | फलफूलका विरुवा वितरण | संख्या | २१६ | | | | | १२०० |
| ८. | कृषि पकेट ४,५,६,१ | संख्या | ८२ | ८२ | ९० | ९० | ९५ | १०० |
| ९. | मागमा आधारित अनुदान | किसान संख्या | १९ | | | | | ६० |
| १०. | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | प्रतिशत | ८ | | | | | २५ |
| ११. | आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषक | संख्या | १० | १२ | १५ | १७ | १९ | २३ |
| १२. | रैथाने वालि संरक्षित क्षेत्र (भट्टमास, सिलाम) | वडा | १ | | | | | १ |
| १३. | गैरकृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर जनसंख्या | प्रतिशत | २५.६ | | | | | ४० |
| १४. | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | २ | | | | | ८ |
| १५. | व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | १०२ | | | | | ५०० |
| १६. | सूचिकृत किसान | संख्या | १८०० | | | | | २२०० |
| १७. | कृषि उपकरण प्राप्त किसान | संख्या | ७१ | ७० | ७५ | ८० | ७५ | ९० |
| १८. | सञ्चालनमा रहेको कृषि पकेट, व्लक, जोन तथा सुपरजोन | संख्या | २ | | | | | ८ |
| १९. | कृषि उपजहरु विक्रीका लागि नजिकको वजार क्षेत्रमा पुग्न लाग्ने समयावधि | घण्टा | १ | | | | | ०.५ |
| २०. | कृषि उपज सङकलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | ० | | | | | २ |
| २१. | कृषि वीमा सेवावाट लाभान्वित कृषक | संख्या | ० | | | | | २५७ |

| क. सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| २२. | कृषि पेशामा संलग्न जनसंख्या | प्रतिशत | ७४.४ | | | | | ६५ |
| २३. | मौरी व्यवसायी तालिम विकास | संख्या | १०५ | | | | | ४३७ |
| २४. | कफि पकेट -वडा नं १,२,३,६,८) | संख्या | ० | | | | | ४० |
| २५. | प्रत्यक्ष लाभांवित किसान | संख्या | २११८ | | | | | २८७० |

## ४.३ पशुपन्छी विकास

### १. पृष्ठभूमि

चन्द्रकोट गाउँपालिका पशुपंक्षी पालनको लागि आवश्यक चरण क्षेत्र भएको पालिका हो । पशुपंक्षी उत्पादन आर्थिक विकासको एक महत्वपूर्ण क्षेत्र हो । यसको उत्पादन बृद्धिले दुध तथा दुग्ध जन्य पदार्थ, मल, मासु लगायत वहुआयामीक आर्थिक क्रियाकलापमा सघाउ पुग्दछ । अतः पशुपंक्षी एवं माछा उत्पादन आर्थिक दृष्टिले एक महत्वपूर्ण खाद्यान्न जन्य कृषि उत्पादन हो । यसले मानिसका लागि चाहिने पौष्टिक आहार प्रदान गर्ने भएकोले यसको उपभोगमा बृद्धि हुदै गएको पाइन्छ । यसबाट कृषकको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण स्थान ओगटेको पाइन्छ । यस अर्थमा पशुपंक्षी पालनमा योजनाबद्ध विकास हुन आवश्यक छ ।
यसका साथै कृषकहरुको खेती प्रणाली संग पशुपंक्षी पालनको अन्योन्यश्रित सम्बन्ध रहँदै आएको छ । पशुपंक्षीको मासु, दुध, घीउ, फुल, छाला आदि व्यवसायीक रुपमा उत्पादन गरी बिक्री गर्न यो गाउँपालिका उपर्युक्त ठाउँमा अवस्थित रहेको पाइन्छ । यी प्राणीहरुको पालन आर्थिक दृष्टिले लाभदायक हुने हुनाले पालिकाले आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धनबाट आर्थिक लाभ लिन सक्दछ । यसको विकास र विस्तारका लागि पशुस्वस्थ्य कार्यक्रम, पशुपालन कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
पशुपंक्षीको नश्ल सुधार, उत्पादकत्व वृद्धिको आधार" भन्ने मुल नारा को साथ चन्द्रकोट गाउँपालिकाका सम्पूर्ण वडाहरुमा पालिएका गाई र भैसी मा कृतिम गर्भाधान गरि दुध उत्पादनमा वृद्धि गर्नका लागि आवश्यक प्रबन्ध मिलाईएको छ । पशुधन संरक्षण,पशुपंक्षीलाई महामारी रोगहरुबाट बचाउनको लागि नियमित रुपमा निशुल्क खोपको व्यवस्था गरिएको छ ।कृषक समुदाय र उद्यमीहरुका लागि भरपर्दो सेवा उपलब्ध गराउने उद्देश्यले "किसानको साथि"का रुपमा पशु सेवा शाखालाई विकास गर्दै लगिएको र पशु सेवा शाखाको पहुच भन्दा टाढा रहेका वस्तीहरुमा निशुल्क पशु स्वास्थ्य शिविर, डिपीङ्ग, ड्रन्चीङ्ग कार्यक्रमहरु संचालन गरिएको पाइन्छ । व्यावसायिक रुपमा कुखुरापालन, बाखापालन गर्ने कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गरिएको छ ।
चन्द्रकोट गाउँपालिका भित्रका सम्पूर्ण गाई, भैसी, बाखाको बिमा गर्दा कृषकले तिर्ने प्रिमियमको ५० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्नको लागि पशु विमा कार्यक्रमलाई संचालन गरी पशुपालक कृषकहरुलाई पेशा प्रति आकर्षण बढाईएको छ ।प्रदेश सरकारको सहकार्यमा संचालन भएको मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमबाट उत्पादन लक्षित कार्यक्रम संचालन गरिएको छ ।पशुजन्य उत्पादनको उत्पादन लागत कम गर्न घासमा आधारित पशुपालन जोडदिईएको । पशुपालन क्षेत्रको विकासका लागि यान्त्रिकरण, आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणलाई विशेष ध्यानमा राखी कार्यक्रम संचालन गरिएको छ ।

### २. प्रमुख समस्याः

- वास्तविक कृषकको पहिचान गरी पशुपालन व्यवसायमा संलग्न गर्न नसकिएको ।

- उत्पादित पशुपंक्षीको बजारीकरण गर्न नसकिएको ।
- उत्पादित पशुपंक्षीकों उचित मूल्यमा विक्रि वितरण नभएको ।

**३. चुनौती तथा अवसर**

**चुनौती**

- पशु स्वास्थ्यको बीमा गरी वास्तविक कृषकलाई पशुपंक्षी पालनमा आकर्षित गर्न ।
- उत्पादित पशुपंक्षीको वजारीकरण गर्न ।
- पशुपंक्षीको उपचारमा पहुँच पुऱ्याउन ।
- पशु आहार सुनिश्चित गर्न ।
- उन्नत जातको पशुपंक्षी उपलब्ध गराउन ।

**अवसर**

- पशुपंक्षी व्यवसाय संचालनका लागि पर्याप्त घाँसे क्षेत्र हुनु
- पशुपंक्षीको मलबाट अर्गानिक तरकारी उत्पादन गरी सिजनमा बेमौसमी तरकारी बाहिर निर्यात गर्न सक्ने राम्रो अवसर भएको ।
- पशुपालनका लागि पशु आहार जस्तै घाँस, पराल, दाना आदि आवश्यक पर्ने भएकोले ती आहारका श्रोत भएको स्थानमा पशुपालन गर्दा बढी फाइदा लिन सकिन्छ ।
- भौगोलिक सम्भाव्यताको आधारमा क्षेत्र छनौट गरी बाली विशेषको पटके प्याकेजको आधारमा गाउँ स्तरिय जैविक खेती कार्यक्रम संचालन गर्न सकिन्छ ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोच**

व्यवसायीक पशुपालनको सुरुवात, गाउँबासीको आय आर्जनको आधार ।

**४.२ लक्ष्य**

पशुपंक्षीको विकास गरी व्यवसायीकरणबाट रोजगारी र आय आर्जन बढाई गरिबी कम गर्ने ।

**४.३ उद्देश्य**

क. गाउँ भित्र मासु, दुध तथा दुग्धजन्य पदर्थ उपभोगमा आत्मनिर्भर बनाउनु ।
ख. पशुपंक्षी उत्पादनको विकास र विस्तार गरी निर्यातमा प्रवर्धन गर्नु ।
ग. पशुपंक्षी उत्पादनका पूर्वाधारको विकास र विस्तार गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| पशु उत्पादन तथा उत्पादकत्व बढाई वजारीकरण गर्न सहजीकरण गर्ने । | व्यवसायीक रुपमा पशुपालन गर्ने कृषकलाई उन्नत जातको गाई, भैसी उपलब्ध गराउन आवश्यक सहजीकरण गरिनेछ । पशु स्वास्थ्य वीमा गर्न निश्चित प्रतिशत अनुदान दिइनेछ । |
| कुखुरा लगायतका पंक्षीपालन व्यवसायलाई प्रवर्धन गर्ने । | कुखुरापालन व्यवसायीलाई व्यवसायीक लगानीको ब्याजमा निश्चित प्रतिशत अनुदान दिइनेछ । |
| स्थानीय जातको कुखुराको बजार विकास र विस्तार गर्ने । | नजीकको सहरी क्षेत्रमा स्थानीय कुखुराको निर्यातमा सहजीकरण गरिनेछ । |

| | |
|---|---|
| कोल्ड स्टोर, चरन क्षेत्र लगायतका पूर्वाधारको विकास र विस्तार गर्ने । | स्थानीय जनताको माग र आवश्यकताका आधारमा पूर्वाधार निर्माण गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

योजनाको अन्त्यसम्ममा परिमाणात्मक लक्ष्य हासिल भई गाउँपालिको मासु, दुध तथा अण्डाको उत्पादनमा बृद्धिभई गाउँबासीको आर्थिक समृद्धि भएको हुनेछ । पशुपंक्षी क्षेत्रको लक्ष्य परिमाण देहाय बमोजिम निर्धारण गरिएको छ ।

| क.सं | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८० /८१ | २०८१ /८२ | २०८२/ ८३ | २०८३/ ८४ |
| १. | कुल विनियोजित बजेट | रु करोडमा | ०.५८ | ०.६० | ०.६४ | ०.६८ | ०.७० | ०.७५ |
| २. | पशुपंक्षी वीमा सेवावाट लाभान्वित कृषक | संख्या | १०४ | ११० | ११५ | ११० | ११६ | ११८ |
| ३. | नश्ल सुधार तथा प्राथमिक उपचारकेन्द्र | संख्या | ४ | | | | | ४ |
| ४. | पशुपंक्षीपालनसम्बन्धी उपलब्ध प्रविधि खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने कृषक | संख्या | ८० | | | | | ३२० |
| ५. | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | २ | | | | | २ |
| ६. | बाखा पकेट वडा २,३,७,८ | संख्या | ७३ | | | | | ८० |
| ७. | भकारो सुधार | संख्या | ३० | | | | | १२० |
| ८. | क्रियाशील ग्रामीण पशु स्वास्थ्यकार्यकर्ता | संख्या | ५ | | | | | ८ |
| ९. | दुग्ध सङकलन केन्द्र तथा चिस्यान केन्द्र | संख्या | २ | | | | | २ |
| १०. | पशुपंक्षी वस्तु विक्रीका लागि नजिकको वजार क्षेत्रमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | १ | | | | | ०.३० |
| ११. | कुल लाभांवित | घरधुरी | २२९४ | | | | | २९०० |

## ४.४ सिँचाई

### १.पृष्ठभूमि

कृषि बस्तुको उत्पादनका लागि पानी एक महत्वपूर्ण उत्पादनको साधन हो । पानी विना कृषि उत्पादन सम्भव छैन । पानी उपलब्धताको श्रोतमा आकाशे पानी र सिँचाइ प्रणाली पर्दछ । नेपालमा आकाशे पानी नियमित रुपमा नपर्ने हुनाले र आवश्यक मात्रामा पानी उपलव्ध नहुनाले कृषि उत्पादनको विकास र विस्तारमा नकारात्मक असर परिरहेको छ । तसर्थ कृषि उत्पादनको विकास र विस्तारका लागि सिँचाई अति आवश्यक पक्ष हो ।

खाद्यान्न, तरकारी, फलफुल तथा नगदे वालीको उत्पादन प्रक्रियामा सिँचाई जोडिएको हुन्छ । सिँचाईको अभावमा कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न सकिदैन । त्यसैले सिँचाइ कृषि विकासको एक महत्वपूर्ण पक्ष हो । कृषि

विकासको महत्वपूर्ण आधार कृषि भूमीमा बाह्रै महिना सुविधा पुग्नु हो । यस गाउँपालिकाको कृषि विकासको लागि सिँचाई क्षेत्रको विकास र विस्तार गर्न आवश्यक छ ।

**पानीको स्रोत** : खेती योग्य जमीनलाई बढी उर्वर बनाई बाह्रै महिना खेती गर्न सकिने बनाउनको लागि सिँचाइको आवश्यकता पर्दछ । सिँचाईको निम्ति पानीको स्रोत हुनु अनिवार्य हुन्छ । पानीको स्रोत आकाशे, सतहमा बहने, जमीनमुनि हुन सक्दछ यद्यपि सतहको पानीको स्रोत अन्य स्रोत भन्दा बढी महत्वपूर्ण मानिन्छ ।

चन्द्रकोट गाउँपालिकाले गाउँपालिका अन्तर्गत वडा नं ३,४,७ र ८ मा पर्ने हुग्दीखोला, बडीगाड, कालीखोला नदीले क्षेती पुराएको बिभिन्न स्थानमा थप क्षेती हुन नदिन २२५० घ.मि नदी तटबन्धन गरिएको छ र सो कार्यलाइ निरन्तरता दिईएको छ । वडा नं ४,६,७, र ८ का विभिन्न सिंचाई कुलोको बाँध संरक्षणको लागी तटबन्ध गरिएको छ साथै निरन्तरता दिईएको छ ।चन्द्रकोट गाउँपालिका अन्तर्गत वडा नं ८ रामपुर फाँट सिंचाई को लागी ३० हजार लिटरको सिंचाई पोखरी निर्माण गरिएको छर हाल सम्म २० कि.मि सिंचाई कुलो को स्तरोन्नती गरिएको छ।

**२. प्रमुख समस्याः**

नेपालमा प्राकृतिक प्रणालीमा आधारित नदी (रन अफ द रिभर) भएकोले वर्षैभरि भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउन नसक्नु, प्राकृतिक मुल तथा मुहानहरु सुक्दैजानु, नदीजन्य निर्माण सामाग्रीको अत्यधिक दोहन हुनाले नदीको बेड लेभल घट्दै जानु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

**३. चुनौती तथा अवसर**

खर्च क्षमतामा बृद्धि, तोकिएको समय र लागतमा आयोजना सम्पन्न गर्नु, प्रदेश र संघ संग पर्याप्त समन्वय, सिँचाई सम्बन्धी दीर्घकालीन नीति बनाउनु, प्राकृतिक स्रोतको जोखिम व्यवस्थापन आदि यस क्षेत्रका चुनौती हुन् ।

तुलनात्मक रुपमा पानीको स्रोत हुनु, सिँचाई सम्बन्धी नयाँ प्रविधिको विकास, युवाहरुमा कृषि प्रतिको आकर्षण बढी सहभागीतामा आधारित सिँचाई विस्तारका लागि कृषकहरुको माग बढ्दैजानु यस क्षेत्रका अवसर हुन् ।

**४.१ सोचः**

दिगो सिँचाई सुबिधाबाट कृषि उत्पादनमा बृद्धि, कृषकको आर्थिक समृद्धि ।

**४.२ लक्ष्यः**

कृषि योग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउने ।

**४.३ उद्देश्यः**

क.उपयुक्त प्रविधि मार्फत थप कृषि योग्य भूमिमा सिँचाई सेवा उपलब्ध गराउनु ।

ख. नगदे तथा खाद्यान्नमा आत्मनिर्भर भई बजार योग्य उपजको वृद्धि गर्नु ।

ग. पूराना सिँचाई प्रणालीमा मर्मत सम्भार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई दिगो बनाउनु ।

**४.४ रणनीति तथा कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| कृषि गुरुयोजना बनाई सिँचाई योजनाहरुको विकास एवम् विस्तार गर्ने । | सतह सिँचाई,आयोजना प्राथमिकीकरणमा राखी निर्माण तथा विस्तार गरिनेछ । |
| स्थानीय तह, संघ र प्रदेश संगको समन्वयमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुने आयोजनालाई प्राथमिकताका | आकाशे पानी संकलन, तथा पोखरीमा भण्डारण गरी थोपा वा फोहोरा प्रविधिबाट प्राथमिकता साथ सिँचाई |

| | |
|---|---|
| आधारमा निर्माण गर्ने । | सेवा उपलब्ध गराइनेछ । |

## ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

सिँचाई सेवाको विकास र विस्तार भई सम्पुर्ण खेतीयोग्य जमीनमा सिँचाई सुविधा उपलब्ध भएको हुनेछ । सिंचाई क्षेत्रको लक्ष्य परिमाण निम्न बमोजिम रहेको छ ।

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८० /८१ | २०८१ /८२ | २०८२/ ८३ | २०८३/ ८४ |
| १. | खेतीयोग्य जमिन मध्ये सिंचित क्षेत्र | प्रतिशत | ६० | ६२ | ६६ | ७० | ७५ | ८० |
| २. | आकाशेपानीमा निर्भर सिंचाइ भूमि | प्रतिशत | ५५ | ५४ | ५३ | ५२.५ | ५१ | ५० |
| ३. | खोला तथा मुहानवाट सिंचित भूमि | प्रतिशत | ४५ | ४६ | ४७ | ४७.५ | ४९ | ५० |
| ४. | वर्षभरी नियमित सिंचित क्षेत्र | प्रतिशत | ४५ | ४६ | ४७ | ४७.५ | ४९ | ५० |
| ५. | स्तरोन्नति तथा मर्मत संभार भएका पानी कूल लम्वाइ | किमि | २० | २५ | ३२ | ४० | ४९ | ६० |
| ६. | प्रयोगमा आएका प्रयोगमा आएको आकासे पानी सङकलन तथा प्लाष्टिक पोखरी) | सख्यां | ० | ० | ० | ८ | ८ | ८ |
| ७. | प्रयोगमा आएका सिंचाइ प्रविधि ( सतह पोखरी, ड्रिप, स्पिडक्लर) | संख्या | १ | ० | ० | १ | १ | ३ |

## ४.५ खनिज सम्पदा, उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

**खनीज**

यस गाउँपालिका अन्तर्गत रहेका खनीज सम्पदा रहेका छन् । ती खनिज सम्पदाको पर्याप्त मात्रामा उपयोग हुन नसक्दा खनिज सम्पदालाई आर्थिक विकास संग जोड्न सकिएको छैन । पालिकाले दिगो रुपमा खनिजको उपयोग बढाई आय आर्जन गर्न आवश्यक छ ।

**उद्योग**

नेपाली जनतामा पर्याप्त मात्रामा उद्योग क्षेत्रमा लाग्ने प्रबृत्तिको विकास हुन सकेको छैन । उद्योगको विकास र बिस्तार विना व्यापार व्यवसाय लगायत आर्थिक विकास हुन सक्दैन । स्थानीय तहले स्थानीय जनतालाई उद्यमशील बनाई घरेलु, साना तथा मझौला उद्योगको विकास र विस्तारमा संलग्न गराएर गाउँपालिकाको आर्थिक विकासलाई गतिशील बनाउन सक्दछ । उद्योगको विकासले रोजगारीको अवसरमा बृद्धि हुनुका साथै स्थानीय स्रोत साधनको उच्चतम परिचालन हुन आवश्यक छ ।

कुनै निश्चित अर्थतन्त्र भित्र कुल गार्हस्थ उत्पादनमा उत्पादनशील उद्योग (Manufacturing Industries) को योगदान केवल १० प्रतिशत मात्र छ भने यसले लगभग ३ प्रतिशत मात्र रोजगारी प्रदान गरेको मानिन्छ । अतः स्थानीय उद्योग रोजगारीको मुख्य आधार हो ।

**प्रमुख समस्या**

स्थानीय जनतामा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्रमा स्थानीय पूँजी परिचालन हुन नसक्नु, साना उद्यमीको उत्पादन बाहिरी ठूला उद्योगको उत्पादन संग बजारमा प्रतिस्पर्धा गर्न नसक्नु, स्थानीय तहमा निजी क्षेत्र आकर्षित हुन नसक्नु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधि संयोजन गर्न स्थानीय तहको निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, कृषि संग अन्य क्षेत्र जस्तै वन, खानि जोडिन नसक्नु यस क्षेत्रका समस्या हुन् ।

**चुनौती तथा अवसर**

लगानीमैत्री वातावरण सृजना गरी लागत लाभका आधारमा उद्यमीलाई आकर्षित गर्नु, पूर्वाधारको विकास गर्नु, कच्चा पदार्थको उपलब्धता, भरपर्दो श्रम नीति नहुनु आदी यस क्षेत्रको विकासको चुनौती हुन् ।

संवैधानिक हक सहित स्थानीय तहको गठन, आर्थिक समृद्धि सबै राजनीतिक दलको साझा विषय बन्नु, उर्जा क्षेत्रको विकास र विस्तार हुनु, वैदेशीक रोजगारीबाट फर्किएका युवाहरु स्वदेशमा उद्योग गर्ने सोचको विकास हुनु आदि यस क्षेत्रको विकासका अवसरहरु हुन् ।

**सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**सोच**

गाउँपालिकामा उद्योगको संख्यामा बृद्धि, रोजगारीबाट गाउँबासीको समृद्धि

**लक्ष्य**

घरेलु तथा साना उद्योगको विकास र विस्तारबाट गाउँबासीको आर्थिक विकासमा योगदान गर्ने ।

**उद्देश्य**

घरेलु उद्योगको विकास गरी स्थानीय जनताको आधारभुत आवश्यकताको परिपूर्तिमा टेवा पुऱ्याउनु ।

घरेलु तथा साना उद्योगको क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गरी रोजगारीका थप अवसर सिर्जना गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको विकास र विस्तारमा प्रवर्द्धन गर्ने । | स्थानीय जनताले घरेलु उद्योग सञ्चालन गर्नका लागि मागको वातवरण निर्माण गरी आवश्यकता अनुसार सहजीकरण गरिनेछ । |
| रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण गर्ने । | रोजगारमुलक उद्योग व्यवसाय गर्न चाहने उद्यमीहरुलाई लगानीको आवश्यकता परेमा बैंक तथा वित्तिय संस्था मार्फत नियमानुसार लगानी रकमको व्यवस्था गरिनेछ । |
| औद्योगीक प्रदर्शनी गर्ने । | प्रत्येक वर्ष औद्योगीक प्रदर्शनी गर्नको लागि आवश्यक जमीनको व्यवस्था गरी बहुआयामीक प्रयोग हुन सक्ने स्टल निर्माण गरिनेछ । |
| सरकारी, नीजी, सहकारी क्षेत्रको संलग्नतामा उद्योगको विकास गर्ने । | सरकारी, नीजी, सहकारी क्षेत्रको संलग्नतामा लाभको आधारमा उद्योग सञ्चालन सञ्चालन गरिनेछ । |

**वाणिज्य**

**व्यापार, पर्यटन तथा सेवाक्षेत्रको विकास**

स्थानका आधारमा बजारलाई स्थानीय बजार, जिल्ला स्तरीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ। यस गाउँपालिकामा यी क्षेत्रको विकास गर्न आबश्यक छ।

**प्रमुख स्थानीय उत्पादनको बजारीकरण स्थिति**

स्थानीय तहमा उत्पादित बस्तुको बजारीकरण हुनुका साथै उत्पादकहरुलाई बस्तु उत्पादन गर्ने हौसला प्रदान गर्न आवश्यक छ।

**स्थानीय उत्पादनको बाह्य उत्पादनसँग गर्नुपर्ने प्रतिस्पर्धाको स्थिति**

विश्व अर्थतन्त्रको विश्वव्यापीकरण सँगसँगै विश्व बजारीकरणले महत्वपूर्ण स्थान ओगटेको छ। तसर्थ बाह्य बजारका बारे सोचि आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउनु पर्छ भन्ने मान्यता स्थापित भएको पाइन्छ। यद्यपि नेपाल जस्तो मुलकको स्थानीय बजारले बाह्य बजारसँग प्रतिस्पर्धा गर्न नसक्ने भएको हुँदा आन्तरिक बजारलाई प्रतिस्पर्धी बनाउनका लागि तुलनात्मक लागत लाभको दृष्टिले फाइदा हुने खालको बस्तु तथा सेवा उत्पादनमा जोड दिई आयात प्रतिस्थापनको नीति अवलम्वन गर्नु पर्दछ।

**उद्यमशीलता, सीप विकास, बजारीकरण सेवा, कर्जा, बजार सूचनामा उद्यमीको पहुँचको स्थिति**

स्थानीय तहमा बसोबास गर्ने उद्यमशील जनताको सीप विकास गरी उनीहरुबाट उत्पादन भएका बस्तुको बजारीकरणबाट औद्योगिक विकासमा टेवा पुऱ्याउनका लागि घरेलु तथा साना उद्योग कार्यालयले विभिन्न समयमा विभिन्न स्थानमा विभिन्न प्रकृतिका तालिम तथा सूचना उपलव्ध गराउँदै आएको छ। त्यस्ता सीप विकास सम्बन्धी तालिमहरुलाई व्यापारीक आधार बनाउने, सिलाई कटाई, टिभी रेडियो साइकल मोटरसाइकल मर्मत, हेयर कटिङ्ग आदि बनाउने आदि पर्दछन्।

**पर्यटन**

नेपालको आर्थिक विकासका प्राथमीकताका क्षेत्रहरुमध्ये पर्यटन एक महत्वपुर्ण क्षेत्र हो। आफूसँग भएको भौतिक तथा प्राकृतिक सम्पदा, धार्मिक तथा पर्यटकीय स्थल, आफ्नो सामाजिक, भाषिक, साँस्कृतिक जीवन पद्दति आदि सम्बन्धी विषयबारे अरुलाई जानकारी गराई ती स्थानहरुमा भ्रमण गराई आय आर्जन गर्न सकिने व्यवसाय पर्यटन उद्योग हो। चन्द्रकोट गाउँपालिका पहाडी भूभागमा पर्ने भएकोले आर्थिक लाभ लिन सकिने हुनाले पर्यटन सम्बन्धी योजना बनाउन आबश्यक छ। यस पालिकाले पर्यटन व्यवसायलाई विशेष महत्व दिएको छ।

यस गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्र टिमुरे ताल, अर्जेवा झरना, दिव्रुङ्ग दह, चन्द्रकोट मन्दिर संरक्षणलाई पहिचान गरी संरक्षणका निम्ति विभिन्न योजनाहरु संचालन गरिएको छ। गाउँपालिका भित्र होमस्टे संचालन र त्यसलाई प्रभावकारी बनाउन प्रोत्साहन तथा सामाग्रीहरु प्रदान छ। गाउँपालिकाको आन्तरिक पर्यटन प्रवर्धन गर्न गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रमा निःशुल्क प्रवेशको व्यवस्था मिलाईएको छ। गाउँपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक स्रोतहरुको संरक्षण, संवर्धन तथा विकासमा स्थानीय सरोकारवालाहरुको साझेदारीमा विकास तथा प्रवर्धन कार्यलाई अगाडि बढाई आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्धन गरिएको र टिमुरे ताल क्षेत्र, हरेवा झरना, झुलेनी, ऐतिहासिक चन्द्रकोट मन्दिर, दिव्रुङ्ग मन्दिर चण्डिस्थान मन्दिर, सिद्दबाबा मन्दिर, चक्रेश्वर मन्दिरको संरक्षण तथा प्रचारप्रसारका लागि विभिन्न योजनाहरु संचालन गर्दै आएको छ। गाउँपालिका भित्र पर्यटन प्रवर्धन र साँस्कृतिक संरक्षणको लागि हरेक बर्ष संचालन हुने चक्रेश्वर मेला तथा दिर्ब्ङ्ग शिवालयमा हुने शिवरात्री मेला व्यवस्थापनको लागि आर्थिक सहयोग प्रदान गरिएको छ।

**प्रमुख समस्या**

गाउँपालिका भित्र आबश्यक मात्रामा स्तरीय होटल हुन नसक्नु, यस क्षेत्रको धार्मिक, ऐतिहासीक, मनोरम क्षेत्रको महत्व बारे पर्याप्त मात्रामा प्रचार प्रसार हुन नसक्नु, यस क्षेत्रमा उत्पादन हुने खाद्यान्न आदिको पहिचान हुन नसक्नु पर्यटन विकासको समस्या हो भन्न सकिन्छ ।

**चुनौती तथा अवसर**

लुम्बिनी भ्रमणमा आएका पर्यटक, गर्मी मौसममा तराई लगायत भारतका समेत पर्यटक यस क्षेत्रमा आकर्षित हुने वातावरण निर्माण गर्नु चुनौतीपूर्ण रहेको छ ।

लुम्बिनी क्षेत्रमा पर्यटकको व्यापक आकर्षण भएकोले यसको विकास र विस्तार गरी आकर्षण बढाउने अवसर हुनु, स्थानीय खाना, भाषा संस्कृतिमा आकर्षण हुनु, मानिसहरुमा मौसम अनुसार भ्रमणमा रुची हुनु पर्यटन विकासको लागि महत्वपूर्ण अवसर हो ।

**चुनौती**

नयाँ गन्तव्यको पहिचान र त्यस विकास पर्यटकिय पूर्वाधारको विकास

चन्द्रकोट गाउँपालिका विविधता र विशिष्टता बारेमा प्रचार प्रसार गर्न

स्थानीय संस्कृति र स्थानीय उत्पादनलाई पर्यटनसंग जोड्न

**अवसर**

सांस्कृतिक विविधता पर्यटकीय गन्तव्य स्थान

आतिथ्य सत्कार तथा मौलिक कला संस्कृतको संरक्षण प्रवर्द्धनमा स्थानीय सरकारको वढ्दो रुची

**सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**सोच**

पर्यटन क्षेत्रको विकास र विस्तार, गाउँपालिकाको आर्थिक विकासको आधार ।

**लक्ष्य**

मनोरञ्जनका लागि नेपाल आएको वाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्ने ।

**उद्देश्य**

पर्यटकको आकर्षण बढाउनका लागि होटल तथा होमस्टेको व्यवस्था गर्नु ।

स्थानीय कृषि तथा पशुपंक्षी उत्पादकलाई उक्त व्यवसाय प्रति आकर्षित गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| होटल तथा होमस्टे निर्माणमा सहजीकरण गर्ने । | होटल तथा होमस्टे व्यवसायीलाई स्थापना तथा सञ्चालनमा नियम अनुसार सहयोग गरिनेछ ।<br>स्थानीय भाषा संस्कृति संरक्षणमा आबश्यक सहयोग गरिनेछ । |
| स्थानीय कृषि तथा पशुपंक्षी उद्यमशीलतामा प्रबर्द्धन गर्ने । | स्थानीय कृषि तथा पशुपंक्षी उद्यमीको अर्गानीक उत्पादन स्थानीय होटलमा खपत गराई व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

| क. सं. | सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | ० | | १ | १ | | २ |
| २. | चालु मझौला उद्योग (रु.१५ करोड सम्मको) | संख्या | ० | | | | | ० |
| ३. | कानुन अनुसार सम्वन्धित निकायमा कर चुक्ता गर्ने उद्योग | प्रतिशत | ८० | ८५ | ९० | ९० | ९५ | १०० |
| ४. | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | संख्या | ० | | | | | २ |
| ५. | महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय | संख्या | ० | | | | | २ |
| ६. | सुचारु औद्योगिक ग्राम | संख्या | ० | | | | | १ |
| ७. | पालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयात : निर्यात) | अनुपात | १:९ | १:९ | | | | २:८ |
| ८. | सहकारी संस्था मार्फत सञ्चालित सुपथ मूल्यका पसलहरु | सख्यां | १ | | | | | २ |
| ९. | मूल्य सूची सहित व्यवस्थित रुपमा सञ्चालित पसल व्यवसायहरु | प्रतिशत | ७० | ८० | ९० | १०० | १०० | १०० |
| १०. | नियमित वजार अनुगमन तथा नियमन वाट दण्डित पसल व्यवसायहरु | संख्या | ० | २ | २ | २ | २ | २ |
| क. सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | धार्मिक पर्यटन सञ्चालन स्थान | संख्या | ५ | | | | | ५ |
| २. | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल यातायात, सुरक्षा, होटेल आदि) | संख्या | १ | ० | ० | १ | १ | ३ |
| ३. | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु | संस्था | २ | १ | | १ | १ | ५ |
| ४. | व्यवस्थित,सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीयगन्तव्य | संख्या | ७ | | १ | १ | १ | १० |
| ५. | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (पर्यटकीय क्षेत्र, सूचना केन्द्र, गाइड, सुरक्षा, मुद्रा सटही, होमस्टे, होटेल रेष्टुरेण्ट, यातायात, सपिङ, एजेण्ट, आदि) | संख्या | १ | | | | १ | २ |
| ६. | कृषि पर्यटन सञ्चालन स्थान | संख्या | १ | | १ | | | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | | | १ | | २ |
| ८. | व्यवस्थित वनभोज, पार्क | संख्या | ३ | | | | | ५ |
| ९. | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटकको | संख्या हजारमा | १३ | | १५ | | १८ | २० |
| १०. | सालभरी भ्रमण गर्ने वाह्य पर्यटकको | संख्या हजार | ४ | | ५ | | ६ | ७ |
| ११. | भ्रमण गर्ने पर्यटकहरु को औषत वसाई | दिन | १ | | | | | २ |
| १२. | पर्यटकको औषतमा दैनिक खर्च प्रति व्यक्ति | रु.हजार | १ | | १.५ | २ | २.५ | ३००० |

## ४.६ श्रम तथा रोजगारी

### १. पृष्ठभूमि

श्रम तथा रोजगारीको अवसर प्रदान गर्नु स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी हो । गरिबी निवारण र आर्थिक विकासमा श्रम तथा रोजगारीको महत्वपूर्ण अन्तरसम्बन्ध रहेको हुन्छ । यसका लागि श्रम बजारको आवश्यकता अनुसार सीपमूलक श्रमशक्तिको विकास गर्नु पर्दछ ।

### २. प्रमुख समस्याः

बजारको माग अनुसारको श्रमशक्ति स्थानीय तहमा उपलब्ध नहुनु, श्रम, सीप र उत्पादन बीच सम्बन्ध नहुनु, श्रम प्रतिको सम्मानको कमी, उद्यमशीलता विकास नहुनु आदि मुख्य समस्या हुन् ।

### ३. चुनौती तथा अवसरः

श्रम तथा रोजगारीको हक कायम गर्नु, श्रमीकलाई उत्पादन क्षेत्र संग जोड्नु चुनौतीपूर्ण कार्य हुन् ।
विश्व बजारबाट घर फर्केका मानिसको ज्ञान, आफ्नो घर आगनमा काम गर्ने लालसा बढ्नु, श्रमको न्युनतम ज्याला निर्धारण हुनु आदि अवसर हुन् ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

बेरोजगार गाउँबासीलाई रोजगारीको सीप सिक्ने अवसर, गाउँबासीको रहर ।

#### ४.२ लक्ष्यः

श्रम गर्न चाहने सबै नागरिकलाई रोजगारीको अवसार प्रदान गर्ने ।

#### ४.३ उद्देश्यः

उद्यमशीलताको विकास गरी स्थानीय श्रमीकलाई रोजगारीको अवसर प्रदान गर्नु ।
उत्पादन र बजारको सम्बन्ध जोड्न आवश्यक सहजीकरण गर्नु ।

#### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय श्रमीकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमिकता दिने । | स्थानीय श्रमीकको श्रम र सीपमा आधारित रोजगारी दिन सक्ने उद्योगलाई नियमानुसार अनुदान प्रदान |

| | |
|---|---|
| | गरिनेछ । |
| उत्पादकलाई प्रोत्साहित गर्न बजारको विकास र विस्तार गर्ने । | उत्पादित वस्तुको बिक्रीको सुनिश्चितता गर्न तराई मधेस सम्म बजारको विकास र विस्तार गर्न अधिकतम पहल गरिनेछ । |
| संघ र प्रदेश सरकार संगको समन्वयमा गाउँबासीलाई अधिक रोजगारीको अवसर उपलब्ध गराउने । | संघ र प्रदेश सरकारले उपलब्ध गराउने रोजगारीमा दोहोपन नहुने गरी स्थानीय रोजगारीको अवसर सृजना गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

| क. सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | रोजगार सूचना प्रणालीवाट लाभान्वितहरु | संख्या | ४०० | | | | | ९०० |
| २. | उत्पादन (कृषि एवं उद्योग) एवं पूर्वाधार निर्माण क्षेत्रमा रोजगारीता श्रृजना | संख्या | २११८ | | | | | २९०० |
| ३. | सिटिइभिटी वाट प्राविधिक, सीपमूलक, व्यवसायिक तालिम लिएका दक्षजनशक्ति | संख्या | ४१ | | | | | २४१ |
| ४. | उत्पादकत्व अभिवृद्धिकालागि परम्परागत तरिका र औजार, उपकरणको आधुनिकी करण भएका पेशागत क्षत्रहरु | संख्या | १ | | | | | ८ |
| ५. | रोजगारीताका आधारमा पालिकाले प्रदान गर्ने सेवा सुविधावाट लाभान्वित उद्योग व्यवसायहरुको संख्या | संख्या | २ | | | | | १० |

# परिच्छेद - पाँच
# सामाजिक क्षेत्र

## ५.१ पृष्ठभूमि

सामाजिक विकास विकासको दोस्रो आधार स्तम्भ हो । स्थानीय अर्थतन्त्रको तीव्र गतीशीलताका लागि सामाजिक विकासको आवश्यकता पर्दछ । त्यसैले विकास योजनामा सामाजिक विकासको महत्वपूर्ण स्थान हुन्छ । सामाजिक क्षेत्रको विकास र विस्तार गर्न सामाजिक विकासको पूर्वाधार हुन आबश्यक हुन्छ । मानिसको ज्ञान तथा चेतना, सवलता तथा क्षमता अभिवृद्धि गरी कार्यक्षमता बढाउन चाहिने शिक्षा, स्वास्थ्य, विकासमा समावेशीकरण, खेलकूद आदिको सुबिधा वा सो मा सर्वसाधारणको पहुंच पुग्ने भौतिक वस्तु स्कुल, स्वास्थ्य सेवा उपलब्ध गराउने भवन, खेल मैदान वा सामाग्रीको निर्माण सामाजिक विकासका पूर्वाधार हुन् । ती भौतिक वस्तुको निर्माणले मानिसलाई उक्त सेवाहरु लिनका लागि अवसर प्रदान गर्दछ । मानिसलाई उपलबध गराइने शिक्षा तथा स्वस्थताका साथै स्फूर्तिबाट उत्पादनशील क्षमतामा अभिवृद्धि हुन गै उत्पादकत्व वृद्धि हुने हुनाले मानिसलाई संमृद्धशाली बनाउन सघाउ पुऱ्याउँदछ ।

## ५.२ शिक्षा

### १. पृष्ठभूमि

शिक्षा मानिसको परिदृष्टि, ज्योति हो । यसले मानिसको चेतनालाई अभिवृद्धि गराई समस्याको पहिचान गर्न र लिपिवद्धरुपमा भविष्यमा चाहेको स्थिति निर्माण गर्न सघाउ पुऱ्याउँदछ । तसर्थ शिक्षा एक महत्वपूर्ण सामाजिक विकासको पूर्वाधार हो । शिक्षालाई राष्ट्रले अनिवार्य सामाजिक पूर्वाधारको रुपमा लिएकोले सबैका लागि शिक्षा भन्ने नारालाई यथार्थमा परिवर्तन गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाको गुणात्मक विकासका लागि उपयुक्त शैक्षिक वातावरण आवश्यक पर्दछ । त्यस्तो वातावरण निर्माणका लागि आवश्यक पर्ने मुख्य तत्वहरुमा उपर्युक्त भौतिक पूर्वाधार, क्षमतावान शिक्षक/शिक्षिका, शिक्षण संस्थाको सर्वसुलभता, उपयुक्त शैक्षिक नीति तथा कार्यक्रमका साथै प्रभावकारी अनुगमन तथा मूल्याङ्कन, कक्षागत विद्यार्थी-शिक्षक/शिक्षिका अनुपात, विद्यार्थीको भर्ना स्थिति आदि पर्दछन् ।

नेपालमा शिक्षालाई औपचारिक र अनौपचारिक शिक्षा गरी मुलतः दुई भागमा विभाजन गरिएको छ । औपचारिक शिक्षा अन्तर्गत तहगत कक्षा सञ्चालन विधि पर्दछ भने अनौपचारिक शिक्षा अन्तर्गत सामान्य लेखपढ गर्न सक्ने बनाई सूचनाको आदान प्रदान गर्न सक्ने साक्षर नागरिक बनाउने विधि पर्दछ । औपचारिक शिक्षालाई विद्यालय शिक्षा र उच्च शिक्षा गरी दुई भागमा विभाजन गरिएको छ ।

(१) विद्यालय शिक्षा : विद्यालय तहको शिक्षालाई प्राथमिक, माध्यमिक र उच्च माध्यमिक तह गरी विभाजन गरिएको छ । कक्षा १ देखि ८ सम्मलाई प्राथमिक तह, कक्षा ९ देखि १० सम्मलाई माध्यमिक र कक्षा ११ देखि १२ सम्मलाई उच्च माध्यमिक शिक्षामा विभाजन गरिएको छ । जसलाई विद्यालय तहको शिक्षा भनिन्छ ।

(२) उच्च शिक्षा : उच्च शिक्षालाई स्नातक तह, स्नातकोत्तर तह, विद्यावारिधी गरी विभाजन गरिएको छ ।
नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा तथा संस्कृति सम्बन्धी हकको जर्गेना गर्दै प्रविधि मैत्री, गुणस्तरिय, उत्पादक वृद्धि गर्ने र आत्मनिर्भरता तर्फ उन्मुख जनशक्ति उत्पादनमा जोड दिने यस गाउँपालिकाको उद्देश्य

रहेको छ । गाउँपालिका भित्रका बालबालिकाहरुलाई शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित हुन नदिन गाउँपालिका अग्रसर रहेको देखिन्छ । यस सन्दर्भमा पालिकाको निर्णय तल साभार गरिएको छ ।

**२ मुख्य समस्याहरु**

यस चन्द्रकोट गाउँपालिका गुल्मीमा शैक्षिक क्षेत्रमा देखिएका प्रमुख समस्याहरुमा शिक्षक दरबन्दी अपुग तथा विषयगत शिक्षक दरबन्दीको अभाव रहनु,बसाइसराइको कारणले विद्यालयमा विद्यार्थीहरुको कमी हुदै जानु, प्रयाप्त भौतिक पूर्वाधार जस्तै भवन, शौचालय, घेरावार, खेलमैदान आदिको अभावहुनु, प्रशासनिक कार्यव्यस्तताका कारण निरीक्षण/अनुगमन प्रभावकारी हुन नसक्नु,निरन्तर विद्यार्थी मूल्याकंनको कार्यान्वयनमा समस्या हुनु,विद्यालय शिक्षालाई पूर्ण रुपमा प्रविधिमैत्री बनाउन कठिन हुनु जस्ता समस्याहरु रहेका छन्।

**३ चुनौती / अवसर**

चुनौती यस पालिकामा गुणस्तरीय शिक्षा प्रदान गर्न मुख्य गरी निम्नानुसारका चुनौती रहेका छन्

- विद्यालय शिक्षामा सामुदायिक तथा संस्थागतको खाडल (पहुँच, गुणस्तर, वर्गीयता) हटाउनु,
- विद्यार्थी शिक्षक अनुपातको आधारमा विद्यालय एकीकरण तथा समायोजन एवम् दरबन्दी मिलान गर्नु,
- राज्यको लगानी रहेको सामुदायिक विद्यालयमा बसाइसराइ, शहर केन्द्रित शिक्षा प्रति मोह, भौगोलिक विकटता आदिका कारण विद्यार्थी संख्या कम हुदै जानु,
- प्रधानाध्यापक तथा वि.व्य.स., शि.अ.स.का पदाधिकारीको क्षमता विकास गर्नु एवम् प्रधानाध्यापकको शैक्षिक नेतृत्वलाई सबल बनाउनु,
- प्रशासनिक काममा समेत व्यस्त रहनुपर्ने भएकोले शिक्षा शाखाबाट नियमित अनुगमन तथा सुपरिवेक्षण गर्न समय दिन नसकिनु,
- जनप्रतिनिधिसँग प्रभावकारी समन्वय एवम् समझदारी गर्नु,
- सामुदायिक विद्यालयलाई विद्यार्थी तथा अभिभावकको रोजाइको केन्द्र बनाउनु,
- आधारभूत तथा माध्यमिक तहमा विषयगत दरबन्दी अपुग हुदा गुणस्तरीय सिकाइमा समस्या हुनु,
- विद्यालय तहबाट समय समयमा माग भएका विवरणको प्राप्ति र संकलनमा समस्या हुनु, आदि।

**अवसर**

- संवैधानिक रुपमा शिक्षाको साझा तथा एकल अधिकार स्थानीय तहको हुनाले कार्यान्वयनको अवसर प्राप्त भएको,
- स्थानीय निकायमा माध्यमिक तहसम्मको शिक्षा आफ्नो अधिकारभित्र परेसँगै विद्यालय सुधारको जिम्मेवारी र अपनत्व प्राप्त भएको।
- स्थानीय आवश्यकता अनुरुपमा विषयहरु समेटी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सकिने।
- शैक्षिक सुधार तथा विकासको लागि स्थानीय स्तरतथा बाह्यस्तरबाट समेत प्राथमिकता पाएको।

**४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि**

**सोच**

उत्पादनमूलक, जीवनोपयोगी, प्रविधिमैत्री र गुणस्तरीय शिक्षामा पहुँच र सुनिश्चितता।

**लक्ष्य**

बालबालिकामा शैक्षिक पहुँच र सहभागिता सुनिश्चितता गरी व्यवसायिक, प्रविधिमैत्रि तथा व्यवहारिक शिक्षाको माध्यमबाट योग्य जनशक्तिको उत्पादन गर्ने।

**उद्देश्य**

३.१अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।

३.२आधुनिक प्रविधिको प्रयोग गरी पठनपाठनलाई प्रभावकारी बनाउनु।

३.३व्यवसायिक तथा प्राविधिक शिक्षा उपलब्ध गराउनु।

**४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.शिक्षामा सबै बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने। | १.१ विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने अभियान संचालन गरिनेछ। |
| | १.२ कक्षा छाड्ने समस्या समाधान गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहका बालबालिका लक्षित प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ। |
| | १.३ न्यून शिक्षक दरवन्दी भएका विद्यालयमा शिक्षक व्यवस्थापनका लागि पालिकाबाट थप आर्थिक स्रोत व्यवस्थापन गरिनेछ। |
| प्रविधिमैत्रि पठनपाठनलाई प्रभावकारी बनाउने | २.१ प्रविधिको पँहुच नपुगेका विद्यालयमा इन्टरनेट लगायतको व्यवस्था गरिनेछ। |
| | २.२ शिक्षकलाई सूचना प्रविधिसम्बन्धी तालिमको व्यवस्था मिलाइनेछ। |
| | २.३ पुस्तकालयमा इन्टरनेटको व्यवस्था गरिनेछ। |
| प्रविधिमैत्रि शिक्षा प्रदान गर्ने | २.४ कक्षाकोठालाई प्रविधि मैत्री बनाइनेछ। |
| १.व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्ने | ३.१ विद्यार्थीलाई व्यवसायिक तथा प्राविधिक शिक्षामा आकर्षण गराउन प्रवर्धनात्मक कार्यक्रम संचालन गरिनेछ। |
| २. सीपयुक्त दक्ष जनशक्तिको विकास गर्ने। | ३.२ साधारण एवम् प्राविधिक दुवै धारका कक्षा संचालन गर्ने विद्यालयहरुलाई आवश्यक स्रोतको व्यवस्था गरिनेछ। |
| | ३.३ गाउँपालिकामा कम्तिमा तीन वटा माध्यमिक विद्यालयमा प्राविधिक धारको शिक्षा संचालन गरिनेछ। |

**५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण**

- भौगोलिक क्षेत्रभित्र विद्यालय भन्दा बाहिर बालबालिका नभएको घोषणा भएको हुनेछ ।
- प्रारम्भिक बालविकासमा खुद भर्ना दर शत प्रतिशत पुगेको हुनेछ ।
- सम्पूर्ण विद्यालयमा प्रविधिमैत्रि पठनपाठन संचालन भएको हुनेछ ।
- सम्पूर्णमाध्यमिक विद्यालयमा इन्टरनेटको सुविधा सहितको पुस्तकालय संचालन भएको हुनेछ ।
- पालिकाका कम्तिमा तीन वटा विद्यालयमा प्राविधिक धारको शिक्षा संचालन भएको हुनेछ ।
- प्राविधिक ज्ञान, सीप सहितको दक्ष जनशक्ति उत्पादन भएको हुनेछ ।

- विद्यालयको नियमित रुपमा अनुगमन र सुपरीक्षण भएको हुनेछ ।

## : परिमाणत्मक लक्ष्य र सूचक

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | ९५ | | | | | ९७ |
| २. | विद्यालय वाहिरका ५-१५वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | १.७ | १.५ | १.३ | १ | ०.८ | ०.५ |
| ३. | छात्रवृत्ती पाउने विद्यार्थी | संख्या | ११० | | | | | २०० |
| ४. | दिवा खाजा खुवाउने विद्यालय | संख्या | ४० | | | | | ४० |
| ५. | आधारभूत तह (कक्षा ८) सम्मको उत्तिर्ण दर | प्रतिशत | ९० | | | | | ९८ |
| ६. | माध्यामकि तह (९-१२) को खूद भर्नादर (२०७५/७६ अनुसार संघ ६०.६% लुम्विनी प्रदेश ७४.७%) | प्रतिशत | ८९.१३ | | | | | ९५ |
| ७. | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९५ | | | | | १०० |
| ८. | कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ८८ | | | | | ९५ |
| ९. | सिकाइ उपलब्धि दर (आधारभूत तह) | प्रतिशत | ९० | | | | | ९८ |
| १०. | सिकाइ उपलब्धि दर (माध्यामिक तह) | | ८० | | | | | ९० |
| ११. | विद्यालय छाडने दर (आधारभूत तह) | प्रतिशत | ४.३९ | | | | | ० |
| १२. | विद्यालय छाडने दर(माध्यामिक तह) | प्रतिशत | १०.८७ | | | | | ५ |
| १३. | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय | प्रतिशत | ५१ | | | | | ५१ |
| १४. | विषयगत तालिम प्राप्त शिक्षक | प्रतिशत | ६० | | | | | ९० |
| १५. | शिक्षक विद्यार्थी अनुपात ( आधारभूत र माद्यामिक) ( शिक्षक : विद्यार्थी) | संख्या | १:२८ | | | | | १:२० |
| १६. | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ४१ | ५० | ६० | १०० | १५० | २०० |
| १७. | सिटिइभिटिवाट सम्वर्द्धनमा सञ्चालित प्राविधिक विद्यालय | संख्या | १ | | | | | १ |
| १८. | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यायपन गराउने विद्यालय | संख्या | १ | | | | | २ |

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १९. | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | ४४ | | | | | ५१ |
| २०. | वालवालिकामैत्री, अपाङगता मैत्री र भूकम्प प्रतिरोधात्मक संरचना भएको विद्यालय | संख्या | १० | | | | | १५ |
| २१. | आइसिटि सेवा उपलब्ध विद्यालय | संख्या | १२ | | | | | १८ |
| २२. | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | | १२ | | | | | १८ |
| २३. | व्यवस्थित विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | १२ | | | | | १८ |
| २४. | सेनीटरी प्याड सहित नर्स सेवा उपलब्ध विद्यालय | संख्या | ० | | | | | २ |
| २५. | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ११० | | | | | |
| २६. | वालक्लव क्रियाशील भएका विद्यालय | संख्या | १२ | | | | | १८ |
| २७. | विपद, महामारी लगायत विविध कारणवाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमवाट अध्यापन गर्न सक्ने विद्यालय | संख्या | १२ | | | | | १८ |
| २८. | उच्च शिक्षा अध्यायपन गर्ने ( क्याम्पस) शिक्षण संस्था | संख्या | १ | | | | | १ |
| २९. | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय | संख्या | ९ | | | | | ११ |
| ३०. | पालिका स्तरीय विज्ञान मेला, प्रर्दशनी एवं श्रृजनात्मक प्रतियोगिता | संख्या | ० | | | | | ५ |
| ३१. | विद्यालय स्तरमा विज्ञान र प्रविधि सम्वन्धित विविध कियाकलापहरु सञ्चालन गरी पालिकावाट पुरष्कृत उत्कृष्ट विद्यालय | सख्यां | ० | | | | | ५ |

## ५.३ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

स्वास्थ्यलाई मानव धन पनि भनिन्छ । स्वास्थ्य मानव विकास सुचांकको एक महत्वपूर्ण आधार हो । विकास प्रक्रियालाई गतीशील बनाउनको लागि स्वस्थ मानिसको आवश्यकता पर्दछ । मानिसलाई स्वस्थ बनाई राख्नका लागि स्वास्थ्य संस्था, स्वास्थ्य कर्मचारी, स्वास्थ्य पूर्वाधारको आबश्यकता पर्दछ । नेपालको संविधान तथा कानुनले मानिसको आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । यही आधारमा यस पालिकाले आवधिक योजना बनाएको हो । यस सम्बन्धमा पालिकाले गरेको काम साभार गरिएको छ ।

शान्तिपुर स्वास्थ्य चौकीमा स्तरीय सेवा प्रदान गर्नको लागि मेडिकल अफिसरको व्यवस्था गरिएको छ ।स्वास्थ्य संस्थामा पुग्न एक घण्टाभन्दा बढी समय लाग्ने विकट बस्तीहरुमा स्वास्थ्य सामुदायिक इकाई गठन गरी पहिले ४ वटा वर्थिङ्ग सेन्टर मात्र भएकोमा २ वटा थप गरी ६ वटा वर्थिङ्ग सेन्टर बनाइएको छ ।बिरामीको उपचारको लागि सहज होस् भनी विशुखर्क, शान्तिपुरर तुराङ्ग स्वास्थ्य चौकीमा ल्याव स्थापना गरिएको छ । गर्भवती महिलालाई १००० दिनको महत्वको लागि ४ पटक गर्भ जाच्न आए वापत पोसिलो झोलाको व्यवस्थापनको साथै निःशुल्क एम्बुलेन्स सेवा, पि.एन.सी. जाँचको व्यवस्थापन गरिएको छ ।शान्तिपुर स्वास्थ्य चौकीमा सादा एक्सरे मेसिन इ.सि.जि. मेसिन, यु.एस.इ. मेसिनको व्यवस्थापन गरिएको छ ।

- गाउँपालिका अन्तर्गत वडा नं २,३ र ८ को वडामा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- गाउँपालिका अन्तर्गत वडा नं ७ को स्वास्थ्य चौकी भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- गाउँपालिका क्षेत्र भित्रका स्कुल र सार्बजनिक स्थान गरि १० शौचालय निर्माण गरिएको छ ।
- गाउँपालिकाको १५ शैयाको हस्पिटल निर्माण कार्य निर्माणाधिन् अवस्थामा छ ।

**२. प्रमुख समस्याः**

- स्वास्थ्य केन्द्रहरुमा प्रसुति सेवाको कमी
- सरुवा रोगको प्रकोप बढ्दै जानु
- स्वास्थ्य केन्द्रमा आवश्यक उपकरणको अभाव
- दक्ष जनशक्ति तथा चिकित्सकको कमी
- निःशुल्क उपलब्ध गराइएका औषधी तथा अति आवश्यक औषधीको उपलब्धता र वितरणमा समन्वयको अभाव
- अति सम्बेदनशील औषधीहरु चिसियान केन्द्रमा राख्नु पर्ने, औषधीको व्यवस्थापनमा कमी
- अपाङ्ग तथा बालवालिका वृद्धा वृद्धको स्वास्थ्य संस्थामा पहुंचको अभाव
- गाउँघर क्लिनिकको व्यवस्थापकिय अवस्था कमजोर
- स्वास्थ्य तथा पोषण आहार सम्बन्धि जनचेतनाको अभाव

**३. चुनौती तथा अवसरः**

**चुनौती**

- खोपको पुर्ण कार्यान्वयन
- स्वास्थ्य सेवालाई सबैको पहुंच भित्र ल्याउन
- प्रसुति सेवालाई संस्थागत दायरामा ल्याउन
- निःशुल्क स्वास्थ्य केन्द्रमा आधारभुत तथा अति आवश्यक औषधी सर्वसुलभ गराउन

- स्वास्थ्य संस्थामा औजार, आवश्यक उपकरण, दक्ष जनशक्तिको व्यवस्थापन गर्न
- खाद्य सचेतना तथा खाद्य सुधार व्यवहारलाई स्वास्थ्य प्रणालीका रुपमा विकास गर्न
- सम्वेदनात्मक, निरोधात्मक तथा उपचारात्मक स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्न

**अवसरः**

- आधारभुत स्वास्थ्य स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्नु
- १५ सैया देखि ३५ सैया सम्मको अस्पताल स्थानीय तहमा संचालन गर्ने राष्ट्रिय नीति हुनु
- जिल्ला अस्पताल तथा अन्य अस्पतालसंगको नागरिक पहुंच हुनु
- स्वास्थ्य बीमा कार्यक्रम संचालन हुनु
- ग्रामीण स्वास्थ्य स्वयम् सेविका तथा आमा समुहमा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि हुनुका साथै उनीहरुमा क्रियाशिलता बढ्नु

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

गाउँबासीको स्वास्थ्यमा सुधार, गाउँ विकासको आधार ।

### ४.२ लक्ष्यः

गाउँबासीको स्वस्थ्य तथा पोषणमा सुधार गरी सक्षम जनशक्ति अभिबृद्धि गर्ने ।

पालिकाको विशेष थप रणनीति प्रत्येक वडामा स्वास्थ्यको पहुँच कम भएको ठाउँमा स्वास्थ्य इकाई स्थापनाको साथै वर्थिङ सेन्टरको स्थापना गर्ने, वर्थिङ्ग सेन्टरहरुमा गर्भवती महिलाको लागि बच्चा र आमाको अवस्था जानकारीको लागि USE मेशिन र ल्यावको स्थापना गर्ने साथै १५ बेडको अस्पताल बनाई स्वास्थ्य सेवा प्रदान गर्ने।

### ४.३ उद्देश्यः

- स्वास्थ्य संस्थाहरुको विकास र विस्तार गर्नु ।
- निशुल्क रुपमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- पोषणयुक्त खानाको बारे व्यापक रुपमा प्रचार प्रसार गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिका भित्रका सबै वडामा स्वास्थ्य संस्थाहरुको विकास र विस्तार गर्ने । | सबै वडामा स्वास्थ्य भवन तथा अन्य भौतिक विकास गरिनेछ ।<br>सबै स्वास्थ्य संस्थामा स्वास्थ्य कर्मचारी व्यवस्था गरिनेछ । |
| आधारभुत स्वास्थ्य सेवा असहाय गरीब जनतालाई उपलब्ध गराउने । | असहाय गरीब जनतालाई औषधी तथा अन्य स्वास्थ्य सेवा निशुल्क रुपमा उपलब्ध गराइनेछ ।<br>निम्न आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।<br>- प्रवर्द्धनात्मक स्वास्थ्य सेवा<br>- प्रतिकारात्मक स्वास्थ्य सेवा<br>- उपचारात्मक स्वास्थ्य सेवा<br>- पुनःस्थापनात्मक स्वास्थ्य सेवा |

| | |
|---|---|
| | - प्रशात्मक स्वास्थ्य सेवा<br>- मातृ नवशिशु बालबालिका मृत्युलाई शुन्य पुर्‍याइनेछ । |
| गाउँबासीलाई पोषणयुक्त खानाको बारे सुसुचित गर्ने । | गाउँबासीलाई स्थानीय तहमा उपलब्ध पोषणयुक्त खानाको बारे प्रचार प्रसार गरी सुसुचित गरिनेछ । |
| यौन तथा प्रजनन् स्वास्थ्य सेवा उपलब्ध गराउने । | प्रजनन उमेरका सबैलाई यौन तथा प्रजनन् स्वास्थ्य सेवा दिइनेछ ।<br>- पाठेघरको समस्या भएको<br>- पाठेघर खसेका का लागि विशेष<br>- असुरक्षित गर्भपतन |
| आधारभूत स्वास्थ्य सेवा उपलब्ध गर्ने । | निम्न आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।<br>- हरेक वडामा घुम्ति स्वास्थ्य शिविर<br>- वृद्धवृद्धाको स्वास्थ्य परीक्षण<br>- ६ महिना सम्मका सुत्केरीलाई पोषण |
| स्वास्थ्य उपचारको व्यवस्था गर्ने । | विपन्न नागरिक स्वास्थ्य उपचार कोषको स्थापना गरिनेछ ।<br>स्वास्थ्य वीमालाई प्रभावकारी बनाइनेछ । |

## ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या | प्रतिशत | ९६ | | | ९८ | | १०० |
| २. | नजिकको स्वास्थ्य संस्थामा ( स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय | घण्टा | ०.२० | ०.१८ | ०.१६ | ०.१४ | ०.१२ | ०.१ |
| ३. | गाउँघर क्लिनिकको संख्या | संख्या | ११ | ११ | ११ | १२ | १२ | १२ |
| ४. | सञ्चालनमा रहेको पालिका स्तरीय<br>अस्पताल (जिल्ला अस्पता) मा उपलब्ध शैया संख्या | संख्या | २ | | | १ | | ३ |
| ५. | घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | १ | २ | | ४ | ४ | ४ |
| ६. | सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ९७.७ | | | १०० | १०० | १०० |
| ७. | आधारभूत स्वास्थ्य सेवा उपलब्ध भएका वडाहरु | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| ८. | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | ५.३ | | ४ | ३ | २.८ | २.५ |

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ९. | कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाहरुको पुडकोपन र उचाई अनुसार को कम तौल भएकाहरु २०७५/७६ अनुसार संघ २७%) | प्रतिशत | ४.१ | ४ | ३.७ | ३.३ | ३ | २.५ |
| १०. | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | संख्या | २४० | २५० | २६० | २७० | २८० | २९० |
| ११. | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्यसंस्थाहरु | संख्या | ६ | ६ | ६ | ७ | ७ | ८ |
| १२. | मातृमृत्यु दर (प्रतिलाख जीवित जन्ममा) २०७५/७६ अनुसार संघ २३९) | सख्यां | ० | ० | ० | ० | ० | ० |
| १३. | झाडापखालाको सङकमण दर( प्रति हजारमा) | संख्या | ४२३.८ | ४१२ | ४०३ | ३९८ | ३८५ | ३७० |
| १४. | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ६० | ६० | ६० | ६० | ६८ | ६८ |
| १५. | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १६. | ५ वर्ष मुनीको वाल मृत्युदर ( प्रतिहजार जीवित जन्ममा) ( २०७५/७६ अनुसार संघ ३९, लुम्विनी प्रदेश ४५) | दर | ३२ | ३० | २८ | २५ | २३ | २० |
| १७. | कूल प्रजनन दर (प्रति महिला शिशु जन्म) (२०७५/७६ अनुसार संघ २.३) | दर | २.१ | | | | | २ |
| १८. | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ७.५ | ९ | १२ | १३ | १४ | २० |
| १९. | स्वास्थ्य वीमामा आवद्ध जनसंख्या (२०७५/७६ अनुसार संघ ३.५%) | प्रतिशत | ०.०७ | ०.९ | ४ | ७ | ९ | १२ |
| २०. | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ६ | ६ | ६ | ७ | ७ | ८ |
| २१. | क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ८७ | ८७ | ८७ | ८८ | ८८ | ८८ |
| २२. | महामारी, भाइरसको सङकमण, आपतकालीन उपचारको अभाववाट मृत्यु | संख्या | ५ | ० | ० | ० | ० | ० |
| २३. | महामारी, भाइरसको सङकमण, आपतकालीन उपचारका लागि उपकरण एवं जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थाल | संख्या | १ | | | | | १ |

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| २४. | नागरिक आरोग्य कार्यक्रम सञ्चालन | संख्या | १ | | | | | १ |
| २५. | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति सञ्चालन गर्ने संस्था | सख्या | १ | | | | | १ |

## ५.४ खानेपानी तथा सरसफाई

### १. पृष्ठभूमि

विश्व स्वास्थ्य संघका अनुसार वातावरण सरसफाई मानिसको शारीरिक विकास, स्वास्थ्य तथा जीवनयापनमा नकारात्मक असर पार्ने तत्वहरुको नियन्त्रण गर्नु हो । त्यस्ता तत्वहरुलाई आन्तरिक तथा बाह्य गरी २ भागमा विभाजन गरिन्छ । आन्तरिक तत्वहरुमा कोष, तन्तु, अंग तथा प्रणालीहरुको सम्बन्धलाई जनाउँदछ भने बाह्य वातावरणमा भौतिक आधार, जैविक आधार, सामाजिक आधार पर्दछन् । स्वस्थ्य जीवनका लागि सरसफाई अनिवार्य हुन्छ । सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन् । यी पक्षहरुको स्वस्थताका लागि शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ ।
नागरिकले स्वच्छ खानेपानी सुबिधा जनक रुपमा प्राप्त गर्नुपर्छ भन्ने नीतिलाइ व्यवहारत गर्दै एक घर एक धारा नीतिलाई निरन्तरता दिदै यस गाउँपालिका भित्रका तपशिल बमोजिम वडाहरुको घरमा व्यवस्थित तरिकाले धारा पुर्याउने काम सम्पन्न गरिएको छ ।

| वडा नं | सम्पन्न भएका घर संख्या | यस आ.व. मा सम्पन्न हुने | बाकि घर संख्या |
|---|---|---|---|
| १ | १९३ | २५८ | ० |
| २ | ३७० | १४८ | १९ |
| ३ | ४७६ | १० | ० |
| ४ | ६५५ | १८४ | ७१ |
| ५ | १८६ | २०९ | ४१ |
| ६ | २८५ | १४० | ० |
| ७ | ३८० | ४२५ | ७३ |
| ८ | ४२८ | | १९४ |

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गुल्मी तथा गोर्खा ब्रिटिश वेलफेयर द्वारा संचालित विभिन्न खानेपानी योजनाहरुमा यस गाउँपालिकाले लागत साझेधारी गर्दै आएको छ र एक घर एक धारा नीतिलाइ व्यवस्थित गर्न यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत धारा, मिटर, गेटबल्ब बितरण गरी व्यवस्थित गरिएको छ र हाल संचालित योजनाको लागि निरन्तरता दिइएको छ ।

### २. प्रमुख समस्याः

- प्राकृतिक तथा मानवजन्य कारणले पानीका मुहान स्रोतमा ह्रास आउनु
- जनचेतनाको अभाव

- स्वच्छ खानेपानी व्यवस्था नहुंदा पानीजन्य सरुवा रोगको प्रकोप बढ्नु
- प्राकृतिक तथा मानव जन्य कारणले क्षति भएका पानीका स्रोतको व्यवस्थापन नहुनु

**३. चुनौती तथा अवसरः**

आवश्यक स्रोत साधनको उपलब्धतामा कमी र छरिएको वस्ती चुनौती हुन् भने मानिसहरुको बसोबास एकीकृत हुँदै जानु र पानीको श्रोतहरुको उपलब्धता एक घर एक धाराको राष्ट्रिय नीति रहनु अवसर हो।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

स्वच्छ र सुन्दर गाउँ, घर घरमा पानीको धारा पुऱ्याइ सधै बस्ने बनाउँ ।

**४.२ लक्ष्यः**

स्वच्छ खानेपानी भएको सफाईयुक्त गाउँ निर्माण गर्ने ।

**४.३ उद्देश्यः**

- गाउँबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउनु ।
- सफाई युक्त हराभरा गाउँपालिका निर्माण गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| एक घर एक धारा नीति व्यवस्थीत गर्ने । | परम्परागत पानीको स्रोतलाई एकिकृत र व्यवस्थित गरी सबै घरमा पानी वितरण गरिनेछ |
| नयाँ पानीको स्रोतको पहिचान गरी आधुनिक प्रविधिबाट स्वच्छ खानेपानी उपलब्ध गराउने | पहिचान भएका पानीको स्रोतलाई आधुनिक प्रविधिबाट संकलन गरी गाउँबासीलाई उपलब्ध गराइनेछ ।<br>पानीका मूलहरुलाई संरक्षण गरिनेछ । |

**५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण**

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | सुरक्षित खानेपानीमा पहुँच भएको जनसंख्या | प्रतिशत | ८९ | ९२ | ९२ | ९५ | ९८ | १०० |
| २. | घरको कम्पाउण्ड भित्र खानेपानी भएको घर धुरी | प्रतिशत | ५२.९ | ५५ | ६० | ६५ | ७० | ७५ |
| ३. | घरको कम्पाउण्ड बाहिर खानेपानी भएको घर धुरी | प्रतिशत | ४१.६ | ३८ | ३३ | ३४ | २९ | २४ |
| ४. | कुवा, मुल, ढुङ्गेधारा को पानी उपभोग गर्ने घरघुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५. | नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ० | ० | ० | ० | ० | ० |
| ६. | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | ०.१२ | | | | | ०.०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति | संख्या | १७ | | | | | २२ |
| ८. | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| ९. | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ८४ | ८६ | ८९ | ९२ | ९३ | ९६ |
| १०. | खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | ११.२ | १० | ८ | ६ | ५ | ३ |
| ११. | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | १२ | १२ | १३ | १५ | १८ | २० |

## ५.५ लक्षित क्षेत्र महिला, वालवालिका, जेष्ठ नागरिक

### १. पृष्ठभूमि

नेपालमा कुल जनसंख्याको पचास प्रतिशत भन्दा बढी जनसंख्या महिला रहेका छन् । तसर्थ महिलाको सामाजिक तथा आर्थिक विकास विना देशको विकासले पूर्णता प्राप्त गर्न सक्दैन । अतः महिला शिक्षालाई सामान्य अर्थमा पथप्रदर्शक पनि भन्न सकिन्छ किनभने शिक्षाको अभावमा मानिसको गन्तव्य अनिश्चित प्रायः हुन्छ । नेपालको शैक्षिक स्थितिलाई हेर्ने हो भने महिलाको शिक्षा स्थिति पुरुषको तुलनामा कमजोर रहेको देखिन्छ । सामुदायिक तथा राजनीतिक क्षेत्रमा महिलाको सहभागिता र प्रतिनिधित्व पुरुषको दाँजोमा न्यून रहेको पाइन्छ । सामाजिक सशक्तिकरणको अभाव, साँस्कृतिक, धार्मिक, पारिवारिक वञ्चितिकरणको प्रभावले महिलाहरु पिछडिएको अवस्थामा जीवनयापन गरिरहेका छन् । नेपालमा मानव विकास, लैङ्गिक विकास, गरीबी सूचकाङ्क जस्ता अधिकांश सूचकाङ्कहरु पुरुषको दाँजोमा महिलाको कम रहेको छ ।

### ५.१.१ महिला

लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानका अवसरमा विभिन्न कार्यक्रम सहित अभियान प्रत्येक वर्ष मनाउने गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरुको हित तथा आवश्यक कार्य गर्नका लागि चन्द्रकोट गाउँपालिकामा अपाङ्गता समन्वय समिति गठन गरिएको। उक्त समितिले चन्द्रकोट गाउँपालिकाबाट अपाङ्गता परिचयपत्र वितरण तथा नवीकरण सम्बन्धी घुम्ती सेवा प्रदान गरियो । अन्तर्राष्ट्रिय अपाङ्ग दिवशको अवसरमा प्रत्येक वर्ष अपाङ्गता भएका व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम गर्ने गरिएको छ ।

**२. प्रमुख समस्याः**

क. शाखा व्यवस्थापन नहुने, महिलाहरुको समस्या सम्बोधन गर्न नसक्नु ।

ख. लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु ।

**३. चुनौती तथा अवसरः**

महिलाहरुको समस्या सम्बोधन गर्ने कानुनी अधिकार भएता पनि कार्यान्वयन पक्ष र सामाजिक सुधार चाहेजति हुन सकेको छैन । महिला अधिकार सम्बन्धी जनचेतनामा बृद्धि हुनु अवसर हो ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

समता मुलक समाज निर्माण, सन्तुलित विकासको आधार ।

### ४.२ लक्ष्य:

महिलाहरुलाई मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने ।

### ४.३ उद्देश्य:

आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक सशक्तिकरण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| महिलाहरुलाइ आय आर्जनको क्षेत्रमा संलग्न गराउने । | महिला समूह निर्माण गरी वचत, रोजगारी, उद्यमशीलतामा लाग्न महिलाहरुलाई प्रोत्साहित गरिनेछ । |
| महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिलाहरुलाइ गोलबद्ध गर्ने । | सबै वडामा महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिला समूह गठन गरिनेछ । |
| महिला स्वास्थ्य सेवा उपलब्ध गराउने । | आमा समूह सुदृढीकरण १००० दिनको सञ्चालन गरिनेछ । |

## ५.१.२ बालबालिका तथा किशोरकिशोरी

### १. पृष्ठभूमि

बालबालिकालाई देश विकासको कर्णधारको रुपमा लिइन्छ । उनीहरुको समुचित विकास विना भावी पुस्ताले अपेक्षित विकास गर्न सक्दैन । बालबालिका भविष्यको कर्णधार भएको हुनाले उनीहरुको स्वास्थ्य, शिक्षा, पौष्टिक आहार, वातावरण जस्ता पक्ष गाउँपालिकाले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । यसबाट गाउँपालिका भित्र असल संस्कार भएको भावी समाजको निर्माणमा सघाउ पुग्दछ ।

### २. प्रमुख समस्या:

क. बालवालिका मैत्री वातावरण निर्माण गर्न नसक्नु ।
ख. बाल अधिकार सम्बन्धी चेतना बृद्धि गर्न नसक्नु ।

### ३. चुनौती तथा अवसर:

आर्थिक विपन्नता भएको घर परिवारका बालबालिकालाई पोषणयुक्त खाना, वाल शिक्षा दिनु चुनौतीपूर्ण रहेको छ । सूचना तथा प्रविधिको माध्यमबाट वस्ती तह सम्म विभिन्न चेतना मुलक कार्यक्रम प्रवाह हुन थालेकोले वाल विकास केन्द्र मार्फत बालबालिका मैत्री वातावरण निर्माण गर्न र चेतना विकास गर्ने अवसर बढेको छ ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

शिक्षा र स्वास्थ्यमा बााल अधिकार, गाउँ विकासको आधार ।

### ४.२ लक्ष्य:

वालवालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने ।

### ४.३ उद्देश्य:

बाल शिक्षा प्रदान गर्नु ।
बालबालिकाको स्वास्थ्यमा टेवा पुऱ्याउनु ।
४.४ **रणनीति तथा कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| शिशु स्याहार केन्द्र स्थापना गर्ने । | गाउँपालिकाको अगुवाइमा सबै वडामा क्रमश शिशु स्याहार केन्द्र स्थापना गरिनेछ । |
| बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गर्ने । | गाउँपालिकामा बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गरी नियमित रुपमा वालवालिकाको स्वास्थ्य परिक्षण गराइनेछ । |
| किशोर किशोरी विशेष कार्यक्रम सञ्चालन गर्ने । | निम्न कार्यकम सञ्चालन गरिनेछ ।<br>- सुपोषित किशोरी कार्यक्रम<br>- किशोरी शुन्य गर्भधारण कार्यक्रम<br>- बाल विवाह शुन्य कार्यक्रम<br>- सेनेटरी प्याड वितरण कार्यक्रम |
| पोषण विशेष कार्यकम सञ्चालन गर्ने । | निम्न कार्यकम सञ्चालन गरिनेछ ।<br>- २४ पटक तौल<br>- किशोरी आइरन<br>- गर्भवती आइरन folic acid<br>- भिटामिन ए जुकाको औषधि |

### ५.१.३ ज्येष्ठ नागरिक

**१. पृष्ठभूमि**

मानव मात्रको मानवोचित जीवनयापनका निम्ति कठिनाई भोगिरहेका जेष्ठ नागरिक, विधवा, अनाथ, अपाङ्ग आदिको जीवन रक्षाको निम्ति गरिने सेवाहरु, उपलब्ध गराइने सुविधाहरु समाजकल्याण अन्तर्गत पर्दछ । नेपालमा त्यस्ता मानिसहरुका निम्ति विभिन्न किसिमका सेवा सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ । जेष्ठ नागरीकको जीवन यापनमा सहयोग पुऱ्याउनु स्थानीय सरकारको पनि कर्तव्य हो ।
यस  चन्द्रकोट गाउँपालिकामा गरिएको सर्वेक्षण अनुसार ज्येष्ठ नागरिक २६७७ जना रहेका छन् ।

**२. प्रमुख समस्याः**

ज्येष्ठ नागरिकको स्वास्थ्य सेवा सुनिश्चितताको अभाव ।

**३. चुनौती तथा अवसरः**

स्वास्थ्य सेवा उपलब्ध गराउनु हो भने यातायत सुविधा र स्वास्थ्य जनशक्ति पालिका मातहत हुनु अवसर हो ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

४.१ **सोचः**

सर्वसुलभ स्वास्थ्य सेवा, सुखी ज्येष्ठ नागरीक

४.२ **लक्ष्यः**

ज्येष्ठ नागरीकको आधारभुत स्वास्थ्य हेरविचारमा संरक्षण गरी भ्रष्टाचारमा दुरुत्साहीत गर्ने ।

४.३ उद्देश्यः

स्वास्थ्य सेवा उपलब्ध गराउनु ।

स्थानीय सरकारप्रति जनविश्वास बढाउनु ।

४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| घुम्ती स्वास्थ्य सेवा उपलब्ध गराउने । | गाउँपालिकाको स्वास्थ्य सेवा शाखाको नेतृत्वमा मासिक रुपमा सबै वडामा घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ । |
| जीवीकोपार्जन सहज बनाउने । | गरिबीको रेखामुनी रहेका ज्येष्ठ नागरिकलाई आबश्यकता अनुसार न्यूनतम सेवा उपलब्ध गराइनेछ ।<br>प्रत्येक वडामा कम्ती एउटा जेष्ठ नागरीक मञ्च बनाई उनीहरुको आबश्यकता र चाहना अनुसार भेट भेला स्थान, मनोरञ्जनको अवसर उपलब्ध गराइने छ । |
| जेष्ठ नागरीकको विचार संकलन गर्ने । | जेष्ठ नागरीकको महत्वपूर्ण विचार, अभिलेख, अनुभव संकलन गरी अध्यावधिक गर्न आबश्यक व्यवस्था जस्तै रेकर्डीङ्ग, फाइल आदि मिलाइनेछ । |

## ५.१.४ अपांगता भएका व्यक्तिहरु

### १. पृष्ठभूमि

अशक्तता एक शारीरिक वा मानसिक दुर्बलता (समस्या) हो जुन व्यक्तिलाई हिंड्न, हेर्न, सुन्न, बोल्न, सिक्न, वा अन्य महत्वपूर्ण कुराहरू गर्न गाह्रो वा असंभव वा कठिन बनाउँछ। केही अशक्तता स्थायी हुन्छन्, वा सदाका लागि रहन्छन् । अशक्तता कोहिमा जन्मजात हुन सक्छ जुन एक व्यक्तिसँग जन्मेको थियो, वा यो बिरामी वा दुर्घटनाको नतिजा हुन सक्छ। एक अशक्तता शरीर वा दिमाग (कमजोरी) को कुनै पनि अवस्था हो जुन सर्तको साथ व्यक्तिलाई केहि निश्चित गतिविधिहरू (गतिविधि सीमा) गर्न र उनीहरूको वरिपरिको अन्तरक्रिया (सहभागिता प्रतिबन्ध) लाई अझ गाह्रो बनाउँदछ । शारीरिक अङ्गहरूको बनौटको (शरीर सञ्चालन सम्बन्धी, दृष्टि सम्बन्धी, स्वर र सुनाइ सम्बन्धी, मानसिक, मांसपेशी र स्नायु सम्बन्धी र अन्य प्रणालीका अङ्ग) कारण नियमित दिनचर्याका कार्यहरु तथा सामाजिक जीवन क्षेत्रमा (व्यक्तिको सिकाइ, दैनिक काम, सञ्चार, चलफिर, स्वयं हेरचाह, घरेलु जीवन अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रका कार्यहरू) सहभागिता जनाउन गाह्रो वा असंभव वा कठिन जीवन विताउन बाध्य मानिसलाई सहयोग पुऱ्याउनु गाउँपालिकाको कर्तव्य हो ।

२. प्रमुख समस्याः

क. अपांगता भएको व्यक्तिको समस्या आबश्यकता अनुसार सम्बोधन गर्न नसक्नु ।

३. चुनौती तथा अवसरः

गाउँपालिका भित्र हिंड्न, उठाउन, सुन्न, वा सिक्न बनाउनु चुनौतिपूर्ण कार्य हो । पालिकाले स्वतन्त्र रुपमा अपाँगता भएको व्यक्तिको जीवनयापनमा सहयोग गर्ने अधिकार हुनु ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोचः

अपाङ्गहरूको सम्मान पालिकाको सान

४.२ लक्ष्यः
अपाङ्गहरूलाई आर्थिक तथा सामाजिक रुपमा सम्मानपूर्ण जीवन यापनको लागि सहयोग गर्ने ।
४.३ उद्देश्यः
अपाङ्गहरूलाई आर्थिक सहयोग प्रदान गर्नु ।
अपाङ्गहरूलाई सुखको अनुभव प्रदान गर्न सामाजिक सम्मान प्रदान गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| अपाङ्गहरूको आर्थिक तथा सामाजिक जीवन यापनमा सहयोग पुर्‍याउने । | पालिका भित्रका अपाङ्गहरूलाई आर्थिक सहयोग प्रदान गरिनेछ । |
| अपाङ्गहरूलाई सुखको अनुभव प्रदान गर्न सामाजिक सम्मान प्रदान गर्ने । | अपाङ्गहरूलाई विशेष कार्यक्रमहरुमा सामाजिक सम्मान प्रदान गरिनेछ । |
| अपाङ्गहरूलाई सहयोग प्रदान गर्ने । | अपाङ्गहरूलाई आवश्यकता अनुसार बैसाखी, व्हील चेयर, छडी जस्ता भौतिक सामाग्री प्रदान गरिनेछ । |

५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

| क.सं. | सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | लक्षित वर्गका लागि वजेट विनियोजन महिला वालवालिका, पिछडिएका, विपन्न वर्ग) | प्रतिशत | १० | | | | | १५ |
| २. | सामाजिक सुरक्षावाट लाभान्वित जनसंख्या | प्रतिशत | ३०३० | | | | | ३५०० |
| ३. | सुरक्षित तथा सम्माजनक जीवन यापन गर्ने ज्येष्ठ नागरिक | संख्या | १९९१ | | | | | १५०० |
| ४. | अन्य क्षेत्रहरुमा वसाइ सराई गर्ने घरपरिवार | संख्या | २४० | | | | | १५० |
| ५. | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ८६९ | | | | | २१२३ |
| ६. | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि वजेट व्यवस्था | रु. लाख | ९ | १० | १० | १५ | १५ | २० |
| ७. | महिला सञ्जाल तथा आमा समूहहरु | संख्या | ८ | | | | | ८ |
| ८. | अपाङगतको शिक्षा, स्वास्थ्य, सीप तथा ्‌ क्षमता विकास र रोजगारी वृद्धिमा रकम विनियोजन | रु. लाख | ५.५ | १० | १० | १५ | १५ | २० |
| ९. | व्यवसायिक सीप तथा क्षमता विकास भएका अपाङगत् | संख्या | २३१ | | | | | २३१ |
| १०. | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (कूल वार्षिक घटनाको) | प्रतिशत | ९० | ८० | ७० | ६५ | ५७ | ५० |

## ५.२ युवा तथा खेलकुद

### १. पृष्ठभूमि

युवा देश विकासको महत्वपूर्ण उमेर समूहको जनशक्ति हो । युवा जनशक्तिलाई उद्यमशील कार्यमा आकर्षित गर्न सकेको खण्डमा मात्र आर्थिक क्रियाकलाप बढ्न गई गाउँपालिकाले चाहेको विकास गर्न सक्दछ । त्यसैले युवा उद्यमीको विकास आजको आवश्यकता हो ।

यस चन्द्रकोट गाउँपालिकामा रहेका खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थलहरूमाः चौरपोखरा, बाँझोवारी चौर, सराई फुटबल मैदान, लखन पार्क, आनन्दनगर, बगैंचा, पोखरा, बाँसघारी, मौलाथर, बगरखोला, खवौरी गौंडा, धोलिखरक, तिनकन्या खेल मैदान आदिको विकास र विस्ता गरी खेलकुदमा सुधार आवश्यक छन् ।

### २. प्रमुख समस्याः

**क.** युवा श्रमिकले प्रतक्ष्य रुपमा देखिने गरी प्रतिस्पर्धात्मक बजारमा पाएको ज्यालाका आधारमा स्थानीय तहमा श्रमको मुल्य पाउन नसक्नुका कारण वैदेशीक रोजगारीमा आकर्षित हुनु ।

**ख.** युवा उद्यमीले उत्पादन गरेको वस्तु तथा सेवा प्रतिस्पर्धाका आधारमा बजारमा बिक्रि गर्न नसक्नु ।

### ३. चुनौती तथा अवसरः

स्थानीय तहमा उत्पादित वस्तु तथा सेवाको मुल्य कम हुनु, स्थानीय युवामा आवश्यक मात्रामा ज्ञान सिप नहुनु, स्थानीय तहमा आधुनिक प्रविधि उपलब्ध नहुनु आदि मुख्य चुनौती हो । यद्यपी मानिसहरुमा आफ्नो मातृभूमी प्रतिको प्रेम बढ्दै जानु, सूचना प्रविधिको माध्यमबाट स्थानीय तहमा नै नयाँ ज्ञान सीप प्रबर्द्धन हुँदै जानु, चेतनामा विकास र अर्गानीक वस्तु उत्पादनको त्यसको बजार विस्तार हुदै जानु आदि महत्वपूर्ण अवसर हो ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

उद्यमशील युवाहरुको विकास, चन्द्रकोटको विकासको आधार ।

#### ४.२ लक्ष्यः

युवा वर्गलाई स्थानीय तहमै बसी उद्यमशील कार्यमा संलग्न हुन आकर्षित गर्ने ।

#### ४.३ उद्देश्यः

युवाहरुलाई उद्यमशील कार्यमा आकर्षित गर्न सहजीकरण गर्नु ।

उद्योग व्यवसायका लागि नियमानुसार ऋण उपलब्ध गराउनु ।

#### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्योग तथा व्यवसायको क्षेत्र पहिचान गरी युवाहरुलाई लगानीको लागि उत्प्रेरी गर्ने । | • स्थानीय तहमा सञ्चालन हुन सक्ने उद्योग तथा व्यवसायको क्षेत्रमा लाग्ने युवाहरुलाई सरल प्रक्रिया अवलम्वन गरी लगानीको लागि आकर्षित गरिनेछ ।<br>• उत्पादी वस्तुको बजारको सुनिश्चितता गरिनेछ । |
| युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था मार्फत ऋण उपलब्ध गराउने । | युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था संग ऋण उपलब्ध गराउन आवश्यक सहजीकरण |

| | |
|---|---|
| | गरिनेछ । |

**खेलकुद**

## १. पृष्ठभूमि

खेलकूद मानव स्वास्थ्यलाई स्वस्थ र तन्दुरुस्त राख्नको लागि गरिने एक महत्वपूर्ण पक्ष हो । यसले मानिसको मानसिक तथा शारीरिक स्फूर्ति बढाउन सघाउ पुर्‍याउँदछ । स्थानीय वासिन्दाहरुको स्वास्थ्य र मनोरञ्जनका लागि निश्चित क्षेत्रफलको खुल्ला जमीन स्थानीयस्तरमा हुन आवश्यक पर्दछ । विश्व खाद्य संगठनले निर्धारण गरेको स्तर - FAO Standard) अनुसार प्रति एक हजार जनसंख्याको लागि ०.५ देखि ३ हेक्टर सम्म खुल्ला जमीन आवश्यक पर्दछ ।

## २. प्रमुख समस्याः

क. स्तरीय खेल मैदानको अभाव ।

ख. खेल प्रति युवा वर्गको आकर्षण नहुनु ।

## ३. चुनौती तथा अवसर

खेलकुदमा संलग्न युवा युवतीको भविष्यको सुनिश्चितता गर्नु ।

खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

प्रतिस्पर्धात्मक खेलकुदको विकास, स्वस्थ र अनुशासीत नागरिक अवसर

### ४.२ लक्ष्यः

युवा वर्गलाई खेल प्रति आकर्षित गरी गाउँपालिकाको साख बृद्धि गर्ने ।

### ४.३ उद्देश्यः

खेलकुदबाट स्वस्थ नागरिक बनाउनु ।

अनुशासीत समाज निर्माण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| प्रत्येक वडामा खेल मैदान निर्माण गर्ने | स्थानीय युवाहरुको सहभागीतामा प्रत्येक वडामा खेल मैदान निर्माण गरिनेछ । |
| उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने । | पालिकाबाट अन्य तहको खेलकुदमा पुरस्कृत युवालाई एकमुष्ट रकम दिई पुरस्कृत गरिनेछ । |
| खेल प्रशिक्षक उत्पादन तथा आपूर्ति गर्ने । | खेल प्रशिक्षक उत्पादन गरी माध्यामिक तथा उच्च माध्यामिक विद्यालयमा खेल प्रशिक्षक तालिका अनुसार उपलब्ध गराइनेछ । |

## ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | शिक्षित युवा वेरोजगारी (एइइ वा सो भन्दा माथिको शिक्षा आर्जन) | प्रतिशत | ०.६५ | | | | | ० |
| २. | युवाका लागि विनियोजित बजेट | लाखमा | २.५ | १० | १० | १५ | १५ | १५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | आयमूलक व्यवसायिक सीप विकास<br>तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा | प्रतिशत | २.७ | ३ | ४ | ६ | ९ | १४ |
| ४. | आयमूलक व्यवसायिक सीप विकास तालिमवाट स्वरोजगार तथा रोजगार | प्रतिशत | २ | २.५ | ३ | ५ | ७ | १२ |
| ५. | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवा | संख्या | १६६ | २०० | २०० | २०० | ३०० | ३०० |
| ६. | स्थानीय तहको संरचना मा युवाहरुको<br>सलग्नता | प्रतिशत | ९८ | | | | | |
| ७. | युवा क्लव, तथा संस्था | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| ८. | व्यवसायिक युवा खेलाडी | संख्या | २ | | | | | २ |
| ९. | युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र | संख्या | ३ | | | ८ | ८ | ८ |
| १०. | कवर्डहल तथा खेलकुद मैदान | संख्या | ४ | | | | | ८ |
| ११. | पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | १ | | | | | १ |

# परिच्छेद - छ
# पूर्वाधार क्षेत्र

## ६.१ पृष्ठभूमि

पूर्वाधार मानिसको सामाजिक तथा आर्थिक कार्यमा सरलता प्रदान गर्ने पूँजीगत साधान हो । यसले मानिसको सामाजिक तथा आर्थिक जीवनयापन प्रकृयालाई सरल रुपमा सञ्चालन गर्न र औद्योगीक विकास प्रक्रियालाई लागत प्रभावकारी संचालनका आधारमा गति प्रदान गर्नका लागि महत्वपूर्ण सहयोग प्रदान गरेको हुन्छ । यस अन्तर्गत सार्वजनीक वस्तु जस्तै सडक, टेलिफोन, बिजुली, खानेपानी, ढल आदि पर्दछन् । व्यक्ति विशेषले यस्ता भौतिक तथा सार्वजनिक क्षेत्रको विकास गर्न कठिन हुने भएको र त्यसको उपभोग समग्रतामा हुने भएकोले कुनै पनि तहको सरकार ती क्षेत्रहरुको विकासका लागि कार्यजिम्मेवारीका आधारमा जिम्मेवार हुन्छन् । स्थानीय विकास योजना स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउन महत्वपूर्ण हुन्छ । स्थानीय सरकार योजना कार्यान्वयन क्षमताको आधारमा भौतिक पूर्वाधार बनाउन जिम्मेवार हुनु पर्दछ ।

## ६.२ यातायात पूर्वाधार

### ६.२.१. सडक

**१. पृष्ठभूमि**

सडक आर्थिक विकासको मेरुदण्ड हो । सडक योजना आर्थिक विकासको सम्भावनाको आधारमा बनाउनु पर्दछ । सामान्यतया सडक यान्त्रिक साधनहरु बस, मोटरसाइकल आदि गुड्ने बाटो भन्ने बुझिन्छ । ती साधनहरुको प्रयोग मानिस वा अन्य बस्तु बोकी चालकको सहायताले एक ठाउँ बाट अर्को ठाउँमा पुग्दछन् । यातायात भन्नाले सडकमा गुड्ने यान्त्रिक साधनहरु जस्तै बस, ट्रक, कार, मोटरसाइकल आदि भन्ने बुझिन्छ । तसर्थ सडक र यातायात बीच अन्योन्याश्रित परिपूरक सम्बन्ध रहेको हुन्छ । अर्थात सडक नभएको यान्त्रिक गाडी र गाडी नभएको सडकको कुनै अर्थ रहदैन । तसर्थ सडक योजनामा यी दुई विषयमा विशेष ध्यान दिनु पर्दछ ।

सडक विकासको पूर्वाधारहरुमध्ये एक महत्वपूर्ण सार्वजनिक पूर्वाधार भएकोले योजना प्रक्रियाको पहिलो स्थानमा राखिएको हो । सार्वजनिक क्षेत्रले पूँजीलाई स्थिर जेथामा परिवर्तन गऱ्यो भने त्यसलाई पूर्वाधार भनिन्छ । सडकको निर्माणबाट एक ठाउँको मानिस वा बस्तु अर्को ठाउँमा पुग्न वा पुऱ्याउनको लागि सहयोग पुग्नुको साथै तुलनात्मक रुपमा यातायात खर्च कम हुन्छ । सामान्यतया सडकलाई कालोपत्रे, ग्राभेल र कच्ची गरी तीन भागमा विभाजन गरिएको हुन्छ । कालोपत्रे तथा ग्राभेल सडकमा बाह्रै महिना यातायातका साधन सञ्चालन गर्न सकिने हुन्छ भने कच्ची सडकमा त्यस्तो सुविधा उपलव्ध नहुन सक्दछ । नेपालमा यस्ता सडकहरुलाई उपभोगको दृष्टिले कृषि सडक, ग्रामीण सडक तथा राजमार्ग गरी विभाजन गरिएको छ ।

सामान्यतया प्रत्येक मानिस आफू बसेको स्थानबाट अर्को स्थानमा पुग्नको लागि यातायात सुविधा चाहन्छन् । यद्यपि विकासको तह अनुसार यसको आवश्यकतालाई मापन गर्ने गरिन्छ । स्थानीय क्षेत्रको जनतालाई यातायातको आवश्यकता कति छ भन्ने कुरा विश्लेषण गर्नाको लागि औसत रुपमा कुनै निश्चित स्थानमा बसोबास गर्ने मानिसलाई सडक यातायातसम्म पुग्नाको लागि कति समय लाग्दछ भन्ने आधारमा मापन गरिन्छ । यस पालिकाको सडक स्थिति निम्न रहेको छ ।

चन्द्रकोट गाउँपालिका अन्तर्गत भुग्दी खोला, किउ खोला, हरेवा खोलामा मोटरेबल कल्बर्ट निर्माण कार्य गरिएको छ भने विभिन्न वडा गरि ११ साना कल्बर्ट निर्माण गरिएको छ ।वडा नं ३,४ र ८ को भुग्दीखोला, हुग्दी खोलामा क्रमस

१६,३२,३२ मिटर लामो Steel स्टल ट्रस पुल निर्माण गरिएको छ ।वडा नं ६ र वडा नं ४ जोड्ने गरि ९६ मि लम्बाई भएको झोलुंगे पुलको सामाग्री खरिद प्रक्रिया अगी बढाइएको र अब आउने आ.व मा निर्माण कार्य सम्पन्न गरि संचालन मा ल्याइने छ ।गाउँपालिका स्तरमा नियमित यातायात सहज बाताबरणमा सुचारु गर्न प्रत्यक आ.व. मा सडक सफाई गर्ने कार्य गरिएको छ ।चन्द्रकोट गाउँपालिका अन्तर्गत वडा नं १ देखि ८ सम्मको वडामा क्रमश, १२,२०,४,१०,२१,१०,११,२० गरि ११० कि.मि नया ट्र्याक खोल्ने काम गरिएको र क्रमश २,१०,१४,१६,८,२०,२१,१५ गरि १०६ कि.मि स्तरउन्नती गरिएको छ ।प्रदेश र संघको लगानीमा ६ कि.मि सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ र विभिन्न वडा गरि २५ कि.मि सडक स्तरुन्नती भएको छ ।

## २. प्रमुख समस्या

- चन्द्रकोट गाउँपालिका भित्रका सडक अधिकांश कच्ची तथा मौसमी सडक रहनु
- प्रारम्भिक अध्ययन बिना नै सडक निर्माण हुनु
- सडक निर्माण गर्दा सडक निर्माणको मापदण्ड पालना नगर्नु
- सडक संजालको उचित व्यवस्थापन नहुंदा ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलापमा सिथिलता

## ३. चुनौती तथा अवसर

यस गाउँपालिकाको धेरैजसो भूभाग पहाडले ढाकेको हुनाले सबै ठाउँमा सडक पुऱ्याउन प्राविधिक, आर्थिक, वित्तिय, प्रशासनीक दृष्टिले चुनौतिपूर्ण छ ।विद्यमान संविधान, कानुन अनुसार स्थानीय सरकारलाई धेरै अधिकार भएको हुँदा गाउँपालिका स्वयंको पहलमा लागत लाभको आधारमा सडक बाटो निर्माण गर्न सकिने अवसर छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

दिगो सडक पूर्वाधार, गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासको आधार ।

### ४.२ लक्ष्यः

आर्थिक तथा सामाजिक विकासका आधारमा सडक बाटो निर्माण गर्ने ।

### ४.३ उद्देश्यः

- आर्थिक क्रियाकलापलाई बढावा दिने स्थानमा सडक बाटो निर्माण गर्नु ।
- शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी बनाउन घना वस्ती भएको ठाउँमा व्यवस्थित सडक निर्माण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि तथा गैर कृषि उद्योग व्यवसाय सञ्चालन भएको र हुन सक्ने स्थानमा सडक निर्माण गर्ने । | लागत लाभको आधारमा फाइदा देखिने स्थानमा आर्थिक क्रियाकलापलाई बढावा दिन सडक निर्माण गरिनेछ । |
| मानव वस्ती भएको स्थानमा व्यवस्थित रुपमा कमशः सडक सञ्जाल जोड्न े र सामुदायको सहभागिता गराउने । | शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी हुने स्थानलाई सडक सञ्जालले जोडिनेछ ।<br>हरेक योजनामा कम्तीमा १० प्रतिशत सामुदायको लागत सहभागिता गराइनेछ । |
| निश्चित मापदण्डका आधारमा सडक निर्माण गर्ने । | सडक मापदण्ड पूरा भएको ठाउँमा मात्र सडक निर्माण गरिनेछ । |

### ६.१.२ केबलकार, रज्जुमार्ग तथा अन्य यातायात

पहाडमा यातायातलाई सरल र सर्वसुलभ बनाउन रोपवे, केवलकार आवश्यक छ ।

### ६.१.३ यातायात व्यवस्थापन

#### १. पृष्ठभूमि

सडक निर्माण हुनु आफैमा पूर्णता होइन । सडक भएपछि यातायातका साधनहरु जस्तैः बस, ट्रक, कार, जीप, मोटरसाइकल, टेम्पो, बयलगाडा, साइकल आदि सञ्चालन आबस्यक हुन्छ । यातायातका साधनको सञ्चालन स्थितिले सडक निर्माणको औचित्य पुष्टि हुन्छ । गाउँपालिकाभित्र ती मध्ये कुन साधन के कति मात्रामा कुन कुन क्षेत्रमा सञ्चालन गर्न सकिन्छ भन्ने कुराले यातायात सुविधा स्थितिलाई बुझाउँदछ ।

#### २. प्रमुख समस्या

सडक निर्माण भए अनुसार सबै स्थानमा नियमित रुपमा यातायात सञ्चालन हुन सकेको छैन ।

#### ३. चुनौती तथा अवसर

गाउँपालिका भित्र यातायात व्यवसायीहरु यातायात सञ्चालन गर्न आकर्षित नहुनु मुख्य चुनौती भएको देखिन्छ । यसका साथै छरिएर रहेको बस्तिका कारण मानिसको आवत जावतको संख्या पनि कम देखिन्छ । सडक यातायता उपभोगको बानी परेकोले यसको सञ्चालन गर्न सकिने प्रचुर सम्भावना छ ।

#### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

##### ४.१ सोचः

नियमित सर्वसुलभ यातायात सेवा, गाउँबासीको आर्थिक तथा सामाजिक विकासमा टेवा ।

##### ४.२ लक्ष्यः

नियमित तथा सर्वसुलभ रुपमा यातायात सेवा सञ्चालन गर्ने ।

##### ४.३ उद्देश्यः

- स्थानीयबासीलाई सहयोग पुग्ने गरी नियमित रुपमा यातायात सेवा सञ्चालन गर्नु ।
- स्थानीय यातायात व्यवसायीलाई यातायात सेवा सञ्चालन गर्न अभिप्रेरित गर्नु ।

##### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सबै वडाहरु बीच बस्ती भएको ठाउँबाट अन्तरयातायात सञ्जाल विकास गर्ने । | यातायात व्यवसायी संग समन्वयमा वडाहरु बीच सम्भावित यातायात सेवा सञ्चालन गरिनेछ । |
| बसपार्कलाई व्यवस्थित गर्ने । | लामो र छोटो दुरीको सवारी साधन पार्कको व्यवस्थाको लागि शान्तिपुरको वस पार्कलाई व्यवस्थित गरिनेछ । |

#### ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

| क.सं. | सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार (२०७५/७६ अनुसार संघ ७८.९) | प्रतिशत | ९० | ९२ | ९५ | ९६ | ९७ | ९८ |
| २. | कालोपत्रे सडकको लम्वाइ | किमि | ६ | | | | | १७ |
| ३. | ग्राभेल सडकको लम्वाइ | किमि | २५ | | | | | ५० |
| ४. | धुले सडक लम्वाइ | किमि | ११० | | | | | ७५ |
| ५. | सहायक नदीमा झोलुङ्गे पुल | संख्या | ४ | | | | | ७ |
| ६. | स्थानीय स्तरमा सञ्चालित ४ पाङ्गे सार्वजनिक यातायात सेवा | संख्या | २ | | | | | ३ |
| ७. | पालिका केन्द्र वाट वडा कार्यालय सम्म जोडिएको सडक | संख्या | ८ | | | | | ८ |
| ८. | सडक सञ्जालवाट नजोडिएका वस्तीहरु | प्रतिशत | ४ | | | | | ० |
| ९. | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | १ | | | | | ०.५ |
| १०. | वार्षिक सडक दुर्घटनाका संख्या | संख्या | ० | | | | | ० |
| ११. | सडक नालीको सडक लम्वाइ | किमि | ०.९ | १ | १ | १ | १ | ४ |
| १२. | नियमित मर्मत संभार भएको सडकको लम्वाइ | किमि | २५ | २७ | २९ | ३३ | ३६ | ४० |
| १३. | वायो इन्जिनियरिङ प्रविधि र सडक साइड वृक्षारोपण | किमि | ० | | | | | १ |
| १४. | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल | संख्या | २१ | | | | | ४० |
| १५. | अन्तरपालिका सडक सञ्जाल संख्या | संख्या | ६ | | | | | ६ |

### ६.२.२ शहरीकरण तथा वस्ती विकास

#### १. पृष्ठभूमि

विकासको महत्वपूर्ण सूचक शहरीकरण हो । अतः शहरी विकास गर्नु पालिकाको महत्वपूर्ण काम हो । शहरीकरणका लगि योजनाबद्ध संरचनाहरुको निर्माण गर्नु पर्दछ । यसमा सुरक्षा, सुविधा, वातावरण, विपद व्यवस्थापन, सुन्दरता जस्ता विषय व्यवस्थीत हुनु पर्दछ । यस पालिकाको विकास स्थिति निम्न रहेको देखिन्छ ।

बिपत न्यूनीकरण जनता आवास कार्यक्रम, खरको छाना बिस्थापन कार्यक्रम अन्तर्गत यस गाउँपालिकाले खरको छाना भएका करिब तपशिल बमोजिम घर संख्यालाइ जस्ता पाता वितरण गरेको छ । यस गाउँपालिका अन्तर्गत वडा नं २,३,४,८ का कतिपय टोलमा भल तथातर ७०० मि ढल निकासका लागी नाली निर्माण गरिएको छ भने बाकीमा निर्माण कार्यलाइ निरन्तरता दिईएको छ । यस पालिकामा खरका छाना विस्थापनको अवस्था निम्नानुसार रहेको छ ।

| वडा नं. | खरका छाना विस्थापन घर संख्या | खरका छाना विस्थापन गर्न वाँकी घर संख्या |
|---|---|---|
| १ | ६९ | ० |

| | | |
|---|---|---|
| २ | ४८ | ० |
| ३ | ५३ | ० |
| ४ | ७२ | ० |
| ५ | १२१ | ३० |
| ६ | ७५ | ० |
| ७ | ९० | २० |
| ८ | ९० | ३० |
| जम्मा | ६१८ | ८० |

**२. प्रमुख समस्या**

सरकारी निकाय बीच पूर्वाधार निर्माणमा समन्वय हुन नसक्नु, पर्याप्त अध्ययन विना संरचना निर्माण गरिनु जस्ता विषय शहरी विकासका प्रमुख समस्या हुन् ।

**३. चुनौती तथा अवसर**

**चुनौती**

- जोखिम युक्त क्षेत्रको वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न
- महिला, अपाङ्ग तथा वालवालिका मैत्री भौतिक संरचना निर्माणमा
- भवन निर्माणमा आचारसंहिता कार्यान्वयन गर्न कठिनाई
- नयाँ भौतिक संरचना निर्माणमा मौलिकता कायम राख्न कठिनाई

**अवसर**

- यातायात पूर्वाधारको विकास र विस्तारले शहरीकरण गर्न सहजता ।
- एकीकृत वस्ती विकाससंगैं आधारभुत आवश्यक शिक्षा, स्वास्थ्य, सडक, विद्युत संचार खानेपानी वितरण तथा व्यवस्थापन पहिले भन्दा बढी स्थानीय सरकारलाई अधिकार प्राप्त हुनु ।
- पालिका भित्र जनचेतनाको विकास भएको हुँदा नागरीक समाजबाट नै सहरको संरचना बारे व्यापक जिज्ञासा बढ्न सुन्दर सहर निर्माण गर्ने अवसर हो ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

सुरक्षित र सुन्दर शहर, चन्द्रकोटको रहर ।

**४.२ लक्ष्यः**

सुरक्षित, सुन्दर व्यवस्थित शहर निर्माण गर्ने ।

**४.३ उद्देश्यः**

- बाटाको चौडाईको मापदण्ड निर्धारण गरी खानेपानी, ढल, विजुली लगायतका संरचना एकिकृत रुपमा निर्माण गर्नु ।
- निजी घर, सार्वजनिक संस्था तथा अन्य भवन निर्माण मापदण्ड अनुसार बनाउन कडाई गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| दिगो, सुरक्षितर सुन्दर भौतिक पूर्वाधार निर्माण गर्ने । | • निजी घरहरु सुरक्षित स्थानमा मात्र निर्माण गर्न सरकारी सुविधालाई एकिकृत प्रणालीमा जोडी घर बनाउन सहजीकरण गरिनेछ ।<br>• परम्परा झल्कने घरहरु सुरक्षित गरिनेछ ।<br>• बाक्लो वस्ती भित्र विन्दु निर्धारण गरी त्यसको निश्चित क्षेत्र भित्र भवन, पार्क आदि निर्माण गरिनेछ ।<br>• खरका छाना घर शुन्य वनाइनेछ । |
| प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र विकास गर्ने | • प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र निर्धारण गरिनेछ ।<br>• वस्ती र आर्थिक क्रियाकलाप बीच अन्तरसम्बन्ध जोडिनेछ । |
| नमूना पार्क निर्माण गर्ने । | सबै वडाको मुख्य स्थान भित्र १।१ वटा पार्क निर्माण गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८० /८१ | २०८१ /८२ | २०८२/ ८३ | २०८३/ ८४ |
| १. | एकीकृत भौतिक सेवा सुविधा उपलव्ध वजार क्षेत्र | संख्या | २ | २ | २ | ३ | ३ | ४ |
| २. | सुविधा सम्पन्न उद्यान सहित को खुल्ला पार्क क्षेत्र | संख्या | २ | २ | ३ | ३ | ३ | ३ |
| ३. | व्यवस्थित वसपार्क तथा वस स्टेशन | संख्या | १ | १ | १ | १ | २ | २ |
| ४. | वजार क्षेत्रमा वसोवास गर्ने जनसंख्या | प्रति शत | १२ | १२ | १२ | १२.३ | १२.६ | १३ |
| ५. | सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, सञ्चार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल | संख्या | २ | | | | | ३ |
| ६. | जोखिमयुक्त वस्तीहरु | संख्या | १६ | | | | | ८ |
| ७. | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | १३ | | | | | २० |
| ८. | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | प्रति शत | १२.१ | | | | | १५ |
| ९. | खरका छानामुक्त घर | बाँकी घर | ८० | | | | | ० |

### ६.२.३ जल विद्युत तथा वैकल्पिक उर्जा

उर्जा शक्ति उत्पादन तथा उपभोगका अधिकांश क्षेत्रमा सरल रुपमा प्रयोग गर्न सकिन्छ । उर्जा भन्ना साथ मानिस विद्युत शक्ति भनी बुझ्दछन् । वर्तमान समयमा विद्युतको प्रयोगको आधारमा विकास स्थिति मापन गर्न थालिएको छ । तसर्थ ग्रामीण तथा शहरी क्षेत्रमा आर्थिक, सामाजिक, शैक्षिक आदि क्षेत्रको विकासका लागि विद्युतीकरण गर्न आबश्यक छ ।

उर्जाका स्रोतमा जलविद्युत, सौर्य, गोबर तथा एलपी ग्याँस, दाउरा आदि पर्दछन् । नेपालमा जलविद्युतको उत्पादन पर्याप्त मात्रामा भइ सकेकोले यसैको उपभोग बढाउने गरी स्थानीय तहले योजना बनाउँदा उपर्युक्त हुने देखिन्छ । यद्यपि सौर्य उत्पादनलाई पनि सापेक्षताका आधारमा उपभोग गर्न सकिन्छ ।

### ६.२.४ जलविद्युत

**१. पृष्ठभूमि**

चन्द्रकोट गाउँपालिकाको लागि उर्जा वा इन्धन एक महत्वपूर्ण आवश्यकता हो । उर्जाको विविध प्रयोजन मध्ये बत्ती बाल्न, खाना पकाउन प्रयोग गरिएको हुन्छ । यस गाउँपालिकामा पूर्ण विद्युतिकरण गर्ने, विद्युतको गुणस्तरमा सुधार गर्ने जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ । यस पालिकाको उर्जा स्थितिः

- चन्द्रकोट गाउँपालिका अन्तर्गतका बाक्लो बस्तीभएका क्षेत्रमा सडक बत्तिको व्यवस्था गरिएको छ र निरन्तरता दिईएको छ ।
- चन्द्रकोट गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा व्याकअप जडान गरिएको छ ।

**२. प्रमुख समस्याः**

- विद्युतको गुणस्तरिय आपूर्ति हुन नसक्नु मुख्य समस्या हो ।

**३. चुनौती तथा अवसरः**

- मुख्य चुनौती विद्युतको गुणस्तर र Reliability मा सुधार गर्ने ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिः**

**४.१ सोचः**

गुणस्तरिय विद्युत सेवा प्रसार, आर्थिक विकासको आधार ।

**४.२ लक्ष्यः**

आबश्यकता अनुसार विद्युतिकरणका लागि सव स्टेशन संचालन गर्ने ।

**४.३ उद्देश्यः**

विद्युत सेवा सबै उपभोक्तामा सर्वसुलभ रुपमा उपलब्ध गराउनु ।
गुणस्तरिय विद्युत सेवा उपलब्ध गराउनु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| Electrification, Voltage improvement | Lt wire extension (एल.टी. लाइन विस्तार) |
| | एच.टी. लाइन निर्माण, ट्रान्सफर्मर जडान |
| विद्युत खपत बृद्धि गर्ने । | उद्योग तथा व्यवसाय क्षेत्रमा विद्युतको विकास र विस्तार गरी विद्युत खपत बृद्धि गरिनेछ । |

| | |
|---|---|
| | इन्डक्सन चुलो वितरण गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८० /८१ | २०८१ /८२ | २०८२/ ८३ | २०८३/ ८४ |
| १. | केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | प्रतिशत | ९८.५ | ९९ | ९९ | ९९.५ | १०० | १०० |
| २. | विद्युत सेवावाट लाभान्वित हुन नसकेका घरधुरी | प्रतिशत | १.५ | १ | १ | ०.५ | ० | ० |
| ३. | सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी | प्रतिशत | १९.४ | | | | | २२ |
| ४. | सुधारिएको वा धुँवा रहित चुल्हो जडान भएका घरधुरी | प्रतिशत | ६५ | | | | | ७० |
| ५. | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९८.५ | ९९ | ९९ | ९९.५ | १०० | १०० |
| ६. | विद्युतिय चुलोको प्रयोग | परिवार | ० | ५०० | ५०० | ६०० | ८०० | १००० |
| ७. | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | वडा | ५ | | | | | ८ |
| ८. | स्थानीय स्तरमा विद्युत उत्पादन | कि.वा | ५००० | | | | | ५००० |
| ९. | स्थानीय स्तरमा जल विद्युत र लघु जल विद्युतको उत्पादन गर्ने संस्था | संख्या | १ | | | | | १ |
| १०. | वैकल्पिक उर्जा प्रयोग गर्ने घरघुरी | प्रतिशत | ०.६ | | | | | १ |
| ११. | प्रतिव्यक्ति प्रति वर्ष विद्युत उपभोग (२०७५/७६ अनुसार संघ २४५, किलोवाट प्रति घण्टा) | किलोवाट घण्टा | १६५ | | | | | २२५ |

## ६.२.५ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

### १. पृष्ठभूमि

सञ्चार विकास पूर्वाधारको महत्वपूर्ण साधन हो । कुनै एक ठाउँमा भएको सूचना अर्को ठाउँमा पुऱ्याउनका लागि प्रयोग गरिने विभिन्न तरीका वा माध्यमहरु जस्तैः टेलिफोन, हुलाक, रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट आदि सञ्चार प्रणाली अन्तर्गत पर्दछन् । यी माध्यमहरुको सहायताले छिटो र भरपर्दो रुपमा सूचनाहरुको आदानप्रदान गरी कार्यादेशलाई कार्यान्वयन गर्न, नवीनतम ज्ञान, सीप प्राप्त गर्न सकिन्छ । तसर्थ यसले सूचनाको माध्यमबाट सामाजिक तथा आर्थिक विकासका विकासका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

आधुनिक सञ्चार जगतमा द्रुत सूचना आदान प्रदानका लागि एक महत्वपूर्ण माध्यमको रुपमा स्थापित भएको छ । यसले प्रत्येक मानिसलाई आवश्यक परेको समयमा तत्काल एकबाट अर्कोमा सूचना पुऱ्याउन सक्दछ ।

### २. प्रमुख समस्या :

सबै वडा मा इन्टरनेट पहुँच नभएको आइटी जनशक्तीको कमी तालिमको अभाव, वषैभरी इन्टरनेट संञ्चालनमा समस्या,टावर सबै ठाउमा नपुगेको अबस्था छ ।

**३. चुनौती तथा अवसर**

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोचः

सञ्चार पूर्वाधारको विकास, आर्थिक विकासको आधार

४.२ लक्ष्यः

विद्युतीय विकास र विस्तार गरी सफ्टवयरमा आधारीत सञ्चार विकास गर्ने ।

४.३ उद्देश्यः

- विद्युतिय सञ्चार सेवाको विकास र विस्तार गर्ने ।
- हुलाक सेवालाई आधुनिकीकरण गर्ने ।

४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सबै वडामा इन्टरनेट सेवा पुऱ्याउने | टेलिकम संग समन्वय गरी ,प्रदेश र संघिय सरकारको सहयोगमा इन्टरनेट सेवा विस्तार गरिनेछ । |
| सुविधा युक्त सेवा प्रदान गर्ने | सफ्टवेयर परिचालन गर्ने तालिम प्रवाह गरिनेछ ।, |
| डाटा सेन्टर निर्माण गर्ने | डाटा व्याकअप  गर्ने र इर्मजेन्सी सर्भिस दिने व्यवस्था मिलाइनेछ । |

**५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण**

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८० /८१ | २०८१ /८२ | २०८२/ ८३ | २०८३/ ८४ |
| १. | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ० | | | | | ० |
| २. | सञ्चार सेवावाट वञ्चित घरधुरी | प्रतिशत | ० | | | | | ० |
| ३. | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | १०० | | | | | १०० |
| ४. | स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था | संख्या | २ | | | | | २ |
| ५. | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलब्ध भएका क्षेत्रहरु | संख्या | १ | | | | | ८ |
| ६. | स्थानीय स्तरमा सञ्चालित एफएम रेडियो | संख्या | ० | | | | | १ |
| ७. | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | संख्या | २८ | | | | | ५१ |
| ८. | सार्वजनिक स्थाल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | २ | | | | | ८ |
| ९. | इन्टरनेटको पहुच | प्रतिशत | ६२ | | | | | ७५ |

# परिच्छेद - सात
# वातावरण तथा विपद व्यवस्थापन

## ७.१ वातावरण

वातावरण भन्नाले पृथ्वीको आवरण अर्थात पृथ्वीमा रहेका हावा, पानी, माटो, वन जंगल, पुशपंक्षी तथा मानिसबीचको सम्बन्ध वा अवस्था भन्ने बुझिन्छ । वातावरणले मानिसको सामाजिक, आर्थिक, भौतिक तथा मनोवैज्ञानिक रुपमा स्वस्थ राख्न महत्वपूर्ण भूमिका खेल्दछ । वातावरणीय सन्तुलन भनेको चर अचर जगतमा रहेका वा निर्माण भएका ध्वनि, हावा, पानी आदि ठिक्क अबस्थामा रहि रहनु हो । यस अर्थमा वन तथा वातावरण एक आपसका परिपूरक छन् भन्न सकिन्छ किनकी एकको अभावमा अर्कोको अस्तित्व लोप हुँदै जान्छ । यी दुवैको समुचित व्यवस्थापन विना मानव तथा अन्य जीव जन्तुको अस्तित्वमा समेत नकारात्मक असर पर्दछ । तसर्थ वन तथा वातावरणको उचित व्यवस्थापन विना मानिसको सामाजिक तथा आर्थिक विकास कठिन र अपुर्ण हुन जान्छ ।

**ढल निकास र फोहरमैला प्रदुषण**

यस संग सम्बन्धित विषय तल उल्लेख गरिएको छ ।

| वडाहरु | सार्वजनिक ढल | सेफ्टी ढल | साधारण | खुल्ला | नभएको | |
|---|---|---|---|---|---|---|
| वडा.न .१ | ३७ | ४२ | ४५४ | ५१ | ३८ | ६२२ |
| वडा.न .२ | ७१ | ३९७ | ८५ | ६९ | १९१ | ८१३ |
| वडा.न .३ | ११६ | ९५ | १४६ | १५७ | २०७ | |
| वडा.न .४ | १८९ | ९०४ | २२७ | १८३ | १९३ | ७२१ |
| वडा.न .५ | २४ | ४३१ | ३९ | २० | २० | १६९६ |
| वडा.न .६ | १७ | ३७८ | ६० | १८ | २१ | ५३४ |
| वडा.न .७ | १२१ | ४१० | ५१८ | १५३ | १२१ | ४९४ |
| वडा.न .८ | २३७ | ३४९ | ६०० | ६० | २२३ | १३२३ |
| जम्मा | ८१२ | ३००६ | २१२९ | ७११ | १०१४ | १४६९ |
| प्रतिशत | ११ | ३९ | २८ | ९ | १३ | ७६७२ |

माथिको तालिका अनुसार २२ (९+१३) प्रतिशत सौच खुल्ला भएको देखिन्छ ।

**सवल पक्ष**

स्थानीय तहको निर्वाचन पछि गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था भई केन्द्रिकृत राज्य संरचनाबाट विकेन्द्रिकृत संरचनामा पुगेको र जनताको नजिकको सरकारको रुपमा स्थापित भएको स्थानीय तह अन्तर्गतको चन्द्रकोट गाउँपालिकाको समग्र वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रलाई प्रभावकारी बनाउन र विपद् परेका नागरिकलाई राहत तथा अन्य व्यवस्था गर्न सिफारिस गराउनका लागी यस समितिको माध्यमबाट मार्गदर्शन प्रदान भैरहेको अवस्था छ। यस कार्यालयको वातावरण तथा विपद् व्यवस्थापन तर्फ बजारको फोहोर व्यवस्थापनको लागि प्रत्येक दिन शान्तिपुर बजार र मजुवा बजारको संकलन गरी गाउँपालिकाको फोहोर ल्यान्डफिल स्थलको व्यवस्थापन गरीएको छ यसका विकल्पमा मनसुन जन्य विपद् तथा प्राकृतिक प्रकोपहरु कोभिड-१९ जस्ता महामारीजन्य रोगलाई व्यवस्थित गरी रोकथाम नियन्त्रण गर्नको लागी प्रभावकारी संयन्त्र मार्फत काम गर्ने गरिएको छ ( यस समितिबाट भए गरेका कार्यहरुको तपशिल बमोजिम रहेको छन् ।

**फोहोरमैला व्यवस्थापन सम्बन्धमा :-**

शान्तिपुर बजार क्षेत्र र तुराङ्ग मजुवा बजारक्षेत्रको फोहोर व्यवस्थापनको लागी सामुदायिक वनसँग समन्वय गरी खसीमारे वनको निश्चित क्षेत्रमा (तोकिएको स्थानमा) फोहोरको उचित व्यवस्थापन गरिएको छ ।
पुराना तथा कवाडी जन्य सामानहरुको संकलन गरी उचित व्यवस्थापन गरिएको ।

**वन वातावरण सम्बन्धमा;-**

यस चन्द्रकोट गाउँपालिका स्थापना भएदेखि हालसम्म सामुदायिक वनलाई नवीकरण तथा सामुदायिक वन दर्ता गर्ने प्रक्रिया अगाडी वडाईएको छ । साथै वडा नं. ६ मा २५० रोपनी खाली चौर क्षेत्रमा बृक्षरोपण गरिएको छ साथै वार्ड नं. ४ को टिमुरे क्षेत्रमा लगभग ४० रोपनी जग्गामा बृक्षरोपण गरिएको छ । यस कार्यमा प्रधान मन्त्रि रोजगार कार्यक्रमका सर्मिकहरुबाट सहयोग भएको संरक्षणको सम्बन्धमा समेत सहभागीता रहेको छ । साथै वार्ड नं. ४ मा २ रोपनी निःशुल्क जग्गा प्राप्त गरी चन्द्रकोट गाउँपालिकाको सलगानीमा वन नर्सरी स्थापना गरी विरुवा उत्पादन गरिएको छ ।

**भुमि व्यवस्थापन सम्बन्धमाः-**

चन्द्रकोट गाउँपालिकाको स्थापना कालदेखि हालसम्म चन्द्रकोट वार्ड नं. २ मा स्वास्थ्य चौकी भवन निर्माण गर्नको लागी ७ रोपनी जग्गा र सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गर्नको लागि ५ रोपनी जग्गा उपलब्ध गराइएको छ । वार्ड नं. ४ मा प्रशासनिक भवन निर्माणको लागी ९ रोपनी नेत्र ज्योति संघ र पशु सेवा शाखाको लागी २ रोपनी र रेमी सामुदायिक स्वास्थ्य इकाईका लागि २ रोपनी जग्गा उपलब्ध गराइएको छ। यसै गरी वार्ड नं. ५ को स्वास्थ्य चौकी निर्माणको लागी ५ रोपनी जग्गा उपलब्ध गराइएको छ। वार्ड नं. ६ मा शान्तिपुर अस्पताल १५ बेडको लागी ९.५ रोपनी जग्गा उपलब्ध गराइएको छ। वार्ड नं. ७ रुपाकोट स्वास्थ्य चौकी निर्माणको लागी ५ रोपनी जग्गा उपलब्ध गराइएको छ। वार्ड नं. ८ पिपलपाटा सामुदायीक स्वास्थ्य इकाई भवन निर्माणको लागी ३ रोपनी जग्गा उपलब्ध गराइएको छ। वार्ड नं. १ मा ५ रोपनी जग्गा उपलब्ध गराई भवन निर्माणको लागी प्रक्रिया अगाडी बढाउने क्रममा छ।

**विपद् व्यवस्थापन सम्बन्धमा :-**

यस क्षेत्रमा संचालित कार्यक्रमहरुमा वडीघाट खोला तटबन्धको लागी वार्ड नं. ७ को सोता र वोटेगाउँ ३०० घ.मी. वार्ड नं. ८ को वडीघाट क्षेत्र ४५० घ.मी., वार्ड नं. ३ र ४ को भुग्दी र हुग्दी खोला क्षेत्रमा १५०० घ.मी. तटबन्ध गरिएको छ ।
विपद्मा परी घर परिवार बिहिन भएका यस गाउँपालिका अन्तर्गतका १३ घर धुरी परिवारलाई जनता आवास अन्तर्गत घर निर्माण गरी हस्तान्तरण गरिएको छ वार्ड नं. ८ मा ३ रोपनी जग्गा उपलब्ध गराई घरबार बिहिनलाई हस्तान्तरण गरिएको छ । मनसुन जन्य विपद् अन्तर्गत २६ घर धुरीलाई आवास निर्माणको लागी सम्झौता गरी आवास निर्माण कार्य अगाडी बडाइएको छ । यसै गरी यस गाउँपालिका अन्तर्गतका प्रत्येक वडामा सामान्य क्षेती भएकोमा विपद् समितिको निर्णय अनुसार सहयोग उपलब्ध गराइएको छ ।

**रणनीतिः-**

यस गाउँपालिकाले फोहोर व्यवस्थापनमा कुहुने र नकुहुने फोहोरलाई छुटाएर कुहुनेलाई कम्पोस्ट मल बनाई किसानहरुलाई वितरण गर्ने र नकुहुने लाई उचित व्यवस्थापन गरिनेछ ।
यस चन्द्रको गाउँपालिकामा रहेका खाली चौरहरुमा बृक्षरोपण गरी वन जङ्गललाई हराभरा गराई सामुदायिक वनमा हस्तान्तरण गर्ने नीति लिइएको छ ।

गाउँपालिका भित्र निर्माण गर्ने भवनहरुलाई जग्गा उपलब्ध गराई भवन निर्माण गर्ने नीति लिइएको छ ।
विपद् व्यवस्थापनका लागि आवश्यकता अनुसार विपद् व्यवस्थापन समितिको निर्णय अनुसार व्यवस्थापन गरिने नीति लिइएको छ।

**२. प्रमुख समस्याः**

वन तथा वातावरण सम्बन्धी अधिकारमा दोहोरोपन हुनु, वनको उपभोग र राजस्वमा स्थानीय तह संलग्न हुन नसक्नु आदि ।

**३. चुनौती तथा अवसरः**

वन क्षेत्रको विकास संग स्थानीय सरकारलाई जोड्नु चुनौतीपूर्ण कार्य हुन् । स्थानीय जनचेतना बढाउनु चुनौतीपूर्ण रहेको छ ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

वन तथा वातावरणको संरक्षण, गाउँबासीको कल्याण ।

**४.२ लक्ष्यः**

वन तथा वातावरणको संरक्षण गर्ने ।

**४.३ उद्देश्यः**

वन क्षेत्रको संरक्षण गर्नु ।
भूमीको संरक्षण गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| वनको संरक्षणमा प्राथमिकता दिने । | वन क्षेत्रको संरक्षणमा नियमानुसार प्राथमिकता प्रदान गरिनेछ । |
| भूमीको संरक्षणको लागि तटबन्ध निर्माण गर्ने । | भूमीको संरक्षणको लागि तटबन्ध निर्माण गर्न आबश्यक पहल गरिनेछ । |

**५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण**

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | प्रयोगमा आएको फोहोर व्यवस्थापन प्रणाली | संख्या | ० | | | | | १ |
| २. | निष्काशित फोहोरको औषत वार्षिक परिमाण | मे.टन | ३८.४ | ३८.४ | ३८.४ | ४० | ४० | ४० |
| ३. | नियमित सरसफाइ को अभ्यास गर्ने घरधुरी | प्रतिशत | ४० | ४५ | ५० | ५० | ५५ | ६० |
| ४. | व्यवस्थित ढल निकास भएको वजार क्षेत्र | संख्या | २ | | | | | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८०.२ | | | | | | ६५ |
| ६. | घरभित्रको धुवाँवाट मुक्त घरधुरी ( सुधारिएको चुल्हो समेत) | प्रतिशत | ६५ | | | | | | ७५ |
| ७. | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ७ | | | | | | १० |

**वायु तथा जलीय प्रदुषण**

उद्योग कलकारखाना तथा बस्तीबाट निस्कने फोहरमैलाको उचित व्यवस्थापन हुन नसकेको खण्डमा जलीय दृष्टिले गौर नगरपालिका नजिक बहने नदीमा हुन सक्ने जलीय प्रदुषण प्रभाव नियन्त्रण गर्नु पर्ने हुन्छ ।

**ध्वनि प्रदुषण**

ध्वनि प्रदुषणको दृष्टिले यस नगरपालिकाको बसहरुको ध्वनि प्रदुषण प्रभाव पर्दछ ।

**अन्य प्रभाव**

अन्य वातावरणीय समस्याहरुमा जनसमुदाय भित्र वातावरण प्रदुषण हुने खालको उद्योग खोल्नु, सडकमा यातायातको चाप बढ्नु, पुराना यातायातका साधनहरु सञ्चालन गरिनु, मिसावट तेल प्रयोग भएका यातायात सञ्चालनमा आउनु, अत्यधिक मात्रामा वन फँडानी हुनु, कलकारखानाबाट निस्केको फोहर सीधै नदीमा मिसाउनु, घर घरमा शौचालयको निर्माण नहुनु आदि पर्दछन् ।

**डढेलो**

गर्मी मौसममा हुने आगलागी तथा डढेलो पनि एक प्रमुख वातावरणीय समस्या हो । नेपाल ग्रामीण जनताको चेतनाको कमी तथा हेलचेक्र्याईबाट आगो लागेर वर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ । गर्मी मौसममा हावाहुरी चल्ने भएकोले आगोको सानो झिल्कोले पनि ठूलो विनाश गर्दछ । धुम्रपान गर्न बालेको सलाईको काँटी वा चुरोट विडी राम्रोसँग ननिभाई वन जंगलको सुकेको पात पतिंगरतिर जथाभावी फाल्नाले त्यसैबाट जंगलमा आगलागी वा ढडेलो लाग्ने गर्दछ । यसको नियन्त्रणको लागि पालिकाले आबश्यक जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नेछ ।

## ७.२ जलवायु परिवर्तन

**भू-क्षय तथा बाढीपहिरो**

नेपालको ग्रामीण भेगमा भूक्षय तथा बाढीपहिरो पनि प्रमुख समस्याको रुपमा रहेका छन् । यसबाट ग्रामीण जनताको जनजीवन मात्र नभई राष्ट्रकै आर्थिक तथा सामाजिक अवस्थामा प्रश्न चिन्ह खडा हुने गर्दछ । ग्रामीण भेगमा जथाभावी कृषि सडक खन्नु, बन/खोरिया फँडानी हुनु, आचारसंहिता विपरीत पूर्वाधार निर्माण हुनु, नदी खोला वरिपरिका जग्गाहरु मिचेर घर बनाउनु आदि यसका प्रमुख कारणहरु हुन् । यसको कारण गाउँपालिकाको विभिन्न भेगमा वर्षेनी हुनसक्ने धनजनको क्षति शून्य बनाउन आबश्यक कार्यक्रम सञ्चालन गर्ने ।
जलवायु परिवर्तनका कारण विश्वव्यापी रुपमा देखिएको अतिवृष्टि, अनाबृष्टिले नेपालमा ठूलो क्षती हुन थालेको छ । यसको असर यस पालिकामा पनि परेको छ ।

## ७.३ वन तथा वनस्पति सम्पदा

वन मानिसको सामाजिक तथा आर्थिक विकास एक महत्वपूर्ण पक्ष हो । मानिसका लागि आवश्यक पर्ने अक्सिजन, बासस्थानका लागि काठ, वालीका लागि मल, भूक्ष्यय नियन्त्रण, जमिनमा पानीको सञ्चय तथा पानि पार्न, मनोरञ्जन

आदिका लागि वनको महत्वपूर्ण स्थान रहेको छ । वनबाट उत्पादित बस्तु बिक्री गरेर प्रशस्त आय आर्जन गर्न सकिन्छ । वातावरण भूमण्डलमा रहेका जीव तथा निर्जिव वस्तुलाई नकारात्मक असर नपर्ने गरी सन्तुलनमा राखी राख्नका लागि आवश्यक पर्दछ ।

**१. पृष्ठभुमीः**

नेपाल सरकारको वन तथा वातावरण सम्बन्धी नीति तथा स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कार्यक्रमहरु सञ्चालन गर्ने, वन सम्बन्धी जनचेतना अभिवृद्धि गराउनका लागि वनको महत्व तथा आवश्यकता बारे प्रचार प्रसार गर्ने र वन व्यवस्थापनको लागि आवश्यक प्रविधि उपभोक्ता स्तरमा हस्तान्तरण गर्ने, वन पैदावरको चोरी निकासी, वन्यजन्तुको चोरी शिकारी, वन अतिक्रमण तथा अन्य प्रतिबन्धित कार्यहरुलाई व्यापक जनसहभागिता जुटाई नियन्त्रण गरी वन सम्पदाको संरक्षण गर्न आवश्यक छ ।

**२. प्रमुख समस्याः**

- सीमित जनशक्ति/उपभोगमुखी वन संरक्षण/साधन श्रोतको अभाव, ठुलाठालुको प्रभाव आदि ।
- सामुदायिक वन उपभोक्ता समुहहरुमा सुशासन कायम गर्न कठिनाई
- उपभोक्ता तहमा ज्ञान, सीपको कमी ।
- वन तथा स्थानीय सरकार बीचको कानूनी अस्पष्ठता ।

**३. चुनौती तथा अवसरः**

- नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्न चुनौती
- सीमित जनशक्तिबाट हस्तान्तरित सामुदायिक वनहरुको सुशासन सबलीकरण गर्नु चुनौतीपूर्ण
- सामुदायिक वनहरु आगलागी, चरिचरण, चोरी निकासी तथा अतिक्रमण, आदिबाट जोगिएका
- सामुदायिक वन उपभोक्ता समुहको आम्दानीलाई मुल प्रवाहीकरण गर्न सकिएमा विकास काममा तदारुकता ल्याउन सकिने ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

वन क्षेत्रको सुधार, आर्थिक संमृद्धि र भूक्ष्यय नियन्त्रणको आधार ।

**४.२ लक्ष्यः**

वन क्षेत्रको सघन व्यवस्थापन तथा विकास र वृद्धिबाट संरक्षण र समृद्धिमा बढोत्तरी गर्ने

**४.३ उद्देश्यः**

वन क्षेत्रबाट स्थानीय तहमा आय आर्जन र रोजगारी अभिवृद्धि गर्नु ।
वातावरण सन्तुलन, बाढी पहिरो संरक्षण, हरियालीको विकास गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| समुदायमा आधारित वन व्यवस्थापन लागु गर्ने । | सामुदायिक वन उपभोक्ता समुहलाई प्राविधिक सहयोग मार्फत वनको संरक्षण, संवर्द्धन, सदुपयोग र विकासका कार्यक्रम संचालन गर्न उत्प्रेरणा जगाउने व्यवस्था गरिनेछ । आर्थिक विकासका लागि वन पैदावार लगायत कृषिमा समेत वन क्षेत्रलाई जोडिनेछ । |
| नीजि तथा कृषि वन प्रवर्द्धन गर्ने । | नाङ्गा, खर्यान जग्गाहरुमा कृषि वन प्रवर्द्धनका क्रियाकलाप |

| | |
|---|---|
| | संचालन गरिनेछ । |
| वातावरणमैत्री पालिका निर्माण गर्ने । | गाउँपालिका भित्र निम्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१. वृक्षारोपण स्थान तोक्ने ।<br>२. कम्तीमा एउटा विरुवा रोपेको आधारमा जन्म दर्ताको प्रमाण पत्र दिने ।<br>३. मोटर बाटोको दायाँ वायाँ (व्यक्तिगत र सार्वजनीक) अनिवार्य रुपमा उपर्युक्त रुख रोप्न कानूनी व्यवस्थाका साथै विरुवा उपलब्ध गराइनेछ । |
| डढेलो माथि प्रतिबन्ध लगाउने । | डढेलो सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी कसुरदारलाई कडा कार्वाही गरिनेछ । |

**५. अपेक्षित उपलब्धि र लक्ष्य परिमाण**

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | १३३१.२ | | | | | १३५० |
| २. | सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य | संख्या | ३८४७ | | | | | ४००० |
| ३. | सामुदायिक वन उपभोत्ता समूह | संख्या | ३८ | | | | | ४० |
| ४. | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | २० | | | | | ५० |
| ५. | वन तथा जडीवुटीमा आधारित उद्योग | संख्या | ३ | | | | | ७ |
| ६. | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | हेक्टर | ० | | | | | ५० |
| ७. | जडीवुटीमा आधारित उद्योग, व्यावसाय वाट रोजगारी | संख्या | ० | | | | | ७ |
| ८. | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदी जन्य पदार्थको उत्खनन | संख्या | २ | | | | | ५ |

## भू संरक्षण तथा जलाधार व्यवस्थापन

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | संरक्षित पानी मुहान क्षेत्र | संख्या | १० | | | | | १५ |
| २. | वायोइन्जिनियरिङ प्रविधि प्रयोग संरचना को लम्बाइ | किमि | ० | | | | | १ |
| ३. | जलउत्पन्न प्रकोप वाट प्रभावित घरपरिवार | संख्या | २८ | | | | | १० |
| ४. | संरक्षित गल्छी, पहिरोहरु | संख्या | ० | | | | | ४ |
| ५. | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | १ | | | | | २ |

## विपद जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन उत्थानशीलता

| क.सं. | सूचक | इकाइ | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | विपदको समयमा आश्रय लिन सक्ने सुरक्षित खुल्ला स्थान | संख्या | ३ | | | | | ८ |
| २. | विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु.करोड | ०.२ | | | | | १.५ |
| ३. | विपद व्यवस्थापनमा कियाशील संघ/संस्था | संख्या | ९ | | | | | ९ |
| ४. | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | ८ | | | | | ८ |
| ५. | विपद प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास | संख्या | ० | १ | १ | १ | १ | १ |
| ६. | विपद व्यवस्थापन सम्वन्धी जनचेतना मूलक कार्यक्रमहरु संचालन | संख्या | २ | २ | २ | २ | २ | २ |
| ७. | आपतकालीन उद्धारका लागि एम्बुलेन्स तथा वरुणयन्त्रको व्यवस्था | संख्या | २ | २ | २ | २ | २ | २ |
| ८. | जलवायु परिवर्तन न्यूनीकरण सम्वन्धी सचेतना लगायतका कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १ |

# परिच्छेद - आठ
# लोकतन्त्र र सुशासन

## ८.१ पृष्ठभूमि

लोकतन्त्र र सुशासन जनताको आबश्यकता र चाहनाको आधारमा शासन सञ्चालन गरिने उच्चतम शासन प्रणाली हो । यसले जनतालाई सरकार प्रति विश्वासको वातावरण निर्माण गरी विकासमा अपनत्वको भावना विकास गराउँदछ । जनचेतनामा भएको विकास संगै लोकतन्त्रको विकास र विस्तार भई जनसहभागीताका आधारमा स्थानीय विकास भएको छ ।

वास्तवमा स्थानीय शासनलाई लोकतन्त्रको पाठशाला (School of Grass Root of Democracy) पनि भनिन्छ । यसलाई स्थानीय सरकारको कार्यप्रणालीको मुख्य आधार स्तम्भको रुपमा लिइन्छ । यसले स्थानीय जनताको आबश्यकता र चाहना अनुसार सेवा प्रवाह र विकासको काम गर्नु पर्दछ । स्थानीय सरकारले मानिसको जन्म देखि मृत्यु सम्म आइपर्ने काम गर्नु पर्दछ । स्थानीय सरकारको संस्थागत विकास विना यो कार्य गर्न कठिन हुन्छ । संस्थागत विकासमा अविछिन्न रुपमा गरिने राजनीतिक, आर्थिक र प्रशासनिक लगायतका कामहरु पर्दछन् । लोकतन्त्र र सुशासन भएमा यी कामहरु जनसहभागीताका आधारमा दक्ष र प्रभावकारी रुपमा सम्पन्न गर्न सकिन्छ । यही मान्यतालाई ध्यानमा राखी यो आवधिक योजनामा संस्थागत विकास योजनालाई योजना कार्यान्वयनको महत्वपूर्ण आधारको रुपमा लिइएको छ । यो एक रणनीतिक योजना हो यसको मुख्य उद्देश्य संस्थाको परिकल्पना अनुसारको सोच हासिल गर्नु रहेको हुन्छ । यसका लागि नगरपालिकाको क्षमता विकास (Capacity Building) र कार्य सम्पादन (Performance) योजना बनाउन आबश्यक हुन्छ । क्षमता विकास मापन गर्न संस्थाको संस्थागत विकास, सांगठनिक विकास, मानव संसाधन विकास, सूचना प्रविधिको विकास स्थितिलाई आधार मानिन्छ भने कार्य सम्पादन उपलब्धि वा प्राप्ति संग जोडिएको कुरा हो जसको मापन विषयगत र वस्तुगत आधारमा गरिन्छ । विषयगतमा अन्य संबन्धित संस्थाहरु (Vertical and Horizontal Organization)संग पालिकाको सम्बन्ध स्थिति पर्दछ भने बस्तुगतमा पालिकाले जनतालाई दिने सेवा पर्दछ ।

स्थानीय सरकारको संस्थागत विकास भनेको नियमिततामा आधारित कम खर्चिलो र कम समयमा लक्षित परिणाम निकाल्ने गरी संस्था सञ्चालनको विधि, प्रकृया र सरसुबिधा भएको स्थिति हो । यसमा स्थानीय सरकारले बनाएको योजना, त्यस अनुसारको काम कार्यवाहीहरु अद्यावधिक भएको हुन्छ । स्थानीय सरकारले कानुन अनुसार गरेको काम व्यवस्थित, पारदर्शी तरिकाले चाहेको अबस्थामा थाहा पाउन सकिन्छ । स्थानीय सरकार राष्ट्रिय एकता, सुरक्षा, शान्ति र सुव्यवस्था, नेतृत्व विकास जस्ता विषयमा पनि सहजीकरण गर्न सक्ने सवल र सक्षम हुन आबश्यक छ । यसपालिकाको सवल र दुर्वल पक्ष तल उल्लेख गरिएको छ ।

**सवल पक्ष**

स्थानीय तहको निर्वाचन पछि गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था भई केन्द्रिकृत राज्य संरचनाबाट विकेन्द्रिकृत संरचनामा पुगेको र जनताको नजिकको सरकारको रुपमा स्थापित भएको स्थानीय तह अन्तर्गतको चन्द्रकोट गाउँपालिकाको समग्र सुशासनको व्यवस्थालाई प्रभावकारी बनाउन र जनपक्षिय काम गर्दै प्रभावकारी संस्थागत विकास गर्नका लागि यस समितिको माध्यमबाट मार्गदर्शन प्रदान भैरहेको अवस्था छ।कार्यालयको उचित व्यवस्थापन तथा प्रविधिमैत्री नागरिक सन्तुष्टि सेवाप्रवाह लाई मुख्य ध्येय राखेर संचालित यस गाउँपालिकाले प्रदान गरेका सेवाहरुप्रति केहि छिटपुट बाहेक जनगुनासो नभेटिनु, गाउँपालिकाको मुख्य प्रशासकीय भवन व्यवस्थापन गरी विभिन्न कार्यलायगत सामाग्रीको व्यवस्थापन, खर्च गर्ने परिपाटीमा स्पष्टता गर्न सफ्टवेयर (SUTRA) को प्रयोग, गाउँपालिकाभित्र संचालनहुने विभिन्न योजनाहरुको स्थलगत अनुगमन पश्चात् भुक्तानी हुने व्यवस्था, गाउँपालिकाको

मुख्य भवन तथा हरेक वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था लगायतका यस गाउँपालिकाका विभिन्न सवल पक्षहरु रहेका छन् ।

**कमजोर पक्ष**

गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नहुनु, १ वटा वाहेक अन्य वडा कार्यालयका आफ्ना भवन नहुनु, पुँजीगत भन्दा चालु शीर्षकका बजेटहरु आकार ठुलो हुनु, भौगोलिक विकटताका कारण सार्वजनिक सेवा प्रवाहमा कठिनाई उत्पन्न भई सोचे अनुरुप सेवा दिन नसक्नु यहाँको कमजोर पक्षका रुपमा रहेका छन्। गाउँपालिकाभित्र नक्सापास जस्ता कुराहरु समयमै लागु गर्न नसक्दा आन्तरिक राजश्वमा केहि कमि आएको अवस्था छ यसका अलावा करका दायरा बढाउने स्पष्ट नीति गाउँपालिकाले अवलम्बन गर्न नसक्नु पनि अर्को कमजोरीका रुपमा रहेको छ। विषयगत समितिहरु समेत त्यति क्रियाशिल हुन नसक्नु पनि कमजोरीका रुपमा रहेको छ।

**अवसरहरुः**

गुल्मी जिल्लाको विकट पहाडी बस्तिमा रहेको यस गाउँपालिका सदरमुकाम देखि टाढा भएतापनि अर्को प्रदेशसँग सिमाना जोडिएको जिल्ला भएको कारणले यहाँका बजारक्षेत्रहरु शान्तिपुर तथा मजुवा क्षेत्रहरुको कारण यहाँको व्यापार तथा भौगोलिकतामा आधारित कृषि पेशा एबम् रैथाने बालीहरु (कालो भटमास, सिलाम आदि) को प्रबर्धन मार्फत यहाँका नागरिकको आम्दानीको श्रोत बढाउन सकिने अवस्था छ।यसका अलवा पशुपालन तथा मौरी पालनले समेत यहाँका नागरिकहरुलाई उद्यमशील बनाउन थप टेवा पुग्छ।पछिल्लो समयमा विकास भएको टनेल खेती तथा बेमौसमी खेतिका कारणले यहाँको कृषिजन्य अवस्थाबाट फाईदा लिन सकिने अवसर पनि रहेको छ ।वडा नं. ७ र ८ मा पर्ने वडिगाड नदि लगायत वडा नं. २ को खहरे खोलाबाट प्राप्तहुने नदिजन्य पदार्थको विक्रि वितरणबाट गाउँपालिकाले आन्तरिक आम्दानी बढाउन सक्ने अवसर रहेको छ। साथै विभिन्न पर्यटकीय स्थलहरु टिमुरे ताल, अर्जेवा झरना, झुलेनी पार्क जस्ता क्षेत्र तथा धार्मिक स्थल दिब्रुङ्ग शिवालय मन्दिर, चक्रेश्वर मन्दिर तथा चन्द्रकोट मन्दिर, कौडेको सत्यवती मन्दिर जस्ता क्षेत्रहरुको कारण पनि यस क्षेत्रमा धार्मिक तथा अन्य पर्यटन प्रबर्धन मार्फत यहाँको आन्तरिक आम्दानी बढाउन सकिने अवसर रहेको छ।

**चुनौतीहरु**

चन्द्रकोट गाउँपालिकाको उत्तरी दिब्रुङ्गदह तथा पूर्वि ग्वाघा क्षेत्र भुगोलको हिसावले विकट, जाडो मौसममा अत्यन्त चिसो तथा बाह्रै महिना हावा चलिरहने भएको कारण यहाँको जनजिवन केहि अप्ठ्यारो पनि रहेको छ।यसका अलावा यहाँका नागरीकहरु रोजगारीको सिलसिलामा भारत लगायत अन्य तेश्रो मुलुकमा जाने र बसाईसराईको दर पनि उच्च रहेको कारण यस क्षेत्रमा नागरिकहरुलाई टिकाई राख्न समस्या भएको छ। गाउँपालिका जोड्ने सडकको अवस्था कमजोर तथा हरेक वडाहरु कच्ची सडकको पहुँचमा रहेको कारण समेत बर्षायाममा आवतजावतमा निकै ठुलो समस्या आईरहेको छ।यहाँको वडा नं. ७ रुपाकोटको सोता क्षेत्र तथा वडा नं. ८ को मजुवा तथा वडा न ४ को शान्तिपुर क्षेत्रमा खेतियोग्य जमिनमा बस्तिहरु बसाईने कारणले गर्दा पनि उत्पादन तथा उत्पादकत्व वढाउन केहि समस्या आईरहेको छ।वडा नं. ७ र ८ मा पर्ने वडिगाड नदिमा बर्षा याममा आउने बाढीका कारण मजुवा क्षेत्रको तल्लो भाग र रुपाकोट क्षेत्रको बोटेगाउँ क्षेत्रलाई निकै प्रभाव पारिरहेको छ। यसका अलावा समय समयमा मनसुन जन्य विपदका कारण नागरिकहरु घरबार विहिन हुनुपर्ने अवस्था पनि यस गाउँपालिकाको लागि चुनौतीका रुपमा स्थापित भएको छ ।

## ८.२ राष्ट्रिय एकता

### १. पृष्ठभूमि

राष्ट्रिय स्वार्थका आधारमा गरिने कामले राष्ट्रिय एकता बलियो बनाउँदछ । यसका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमीका हुन्छ । विविधतामा एकरुपता, नेपालको राष्ट्रिय एकता भन्ने मान्यतामा स्थानीय तहलाई अधिकारह्रु बाँडफाँड गरिएको छ । नेपाल एक वहुभाषीक, वहुधार्मिक, वहुजातीय विविधतायुक्त मुलुक भएको हुनाले मानिसहरुका आफ्ना यी विविधताको सम्बोधन गर्न स्थानीय सरकारको महत्वपूर्ण स्थान रहेको हुन्छ । स्थानीय लोकतन्त्रले सरकारको काममा जनसहभागीत भई नेपालको राष्ट्रिय एकता बलियो हुने भएकोले राष्ट्रिय एकता बलियो हुने गरी योजना बनाउनु पर्दछ ।

### २. प्रमुख समस्याः

स्थानीय तहमा विकास गर्न नसक्दा समाजमा अशान्ति फैलाउने सक्ने र अविस्वासको वातावरण निर्माण हुन सक्दछ ।

### ३. चुनौती तथा अवसरः

सम्पूर्ण धार्मिक, जातिय, सम्प्रदायका मानिसलाई सहकारीता, सहअस्तित्व, समन्वयको आधारमा राष्ट्रिय एकताको वातावरण निर्माण गर्नु चुनौतीपूर्ण रहेको हुन्छ ।

नेपालको संविधानले राज्यशक्तिको अधिकार संघ, प्रदेश र स्थानीय सरकारले प्रयोग गर्ने गरी स्पष्ट संग विभाजन गरेकोले समुदाय देखि नै राष्ट्रिय भावनाको विकास गर्ने अवसर प्राप्त भएको छ ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

गाउँबासीमा राष्ट्रिय भावनाको विकास, राष्ट्रिय एकता अभिबृद्धिको आधार

#### ४.२ लक्ष्यः

गाउँबासीको राष्ट्रिय भावना गाउँको आर्थिक, सामाजिक, सांस्कृतिक विकास संग आबद्ध गर्ने ।

#### ४.३ उद्देश्यः

विविध जात, धर्म, लिंगका मानिसको राष्ट्रिय भावना विकास गर्नु ।

#### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सभ्य समाज निर्माण गर्न गाउँबासीलाई उत्प्रेरीत गर्ने । | गाउँबासीमा सूचना प्रविधिको विविध माध्यमबाट राष्ट्रिय भावनाको विकास गर्न उत्प्रेरीत गरिनेछ ।<br>विभिन्न धार्मिक स्थलहरुको संरक्षण तथा प्रबर्धन गरिनेछ । |
| समाजमा द्वेष र अन्तरद्वन्द फैलाउनेहरुलाई कानुनको दायरामा ल्याउने । | गाउँभित्र मेलमिलाप र समन्वय हुने कार्यक्रम सञ्चालन गरिनेछ । |

## ८.३ सुरक्षा

### १. पृष्ठभूमि

सुरक्षा आर्थिक क्रियाकलापको प्रमुख आधार हो । गाउँबासीको शान्ती सुरक्षा र विश्वसनीय वातावरण लोकतन्त्र र सुशासनको पूर्वशर्त हो । सरकारको मुख्य काम स्थानीय जनतालाई सर्वसुलभ सेवा प्रदान गर्ने र कानुनको परिपालना गराउनु हो । त्यसैले गाउँपालिकाको नीति, नियमको कार्यान्वयन, पालिकाको सम्पत्तिको सुरक्षा लगायत काम गर्न आबश्यकता अनुसार व्यवस्था गर्न सकिन्छ ।

### २. प्रमुख समस्याः

गाउँको वस्ती छरिएको र पहाडी धरातल भएको हुनाले शान्ति सुरक्षामा समस्या छ । सुरक्षा टोल, वस्ती, समुदाय सम्म पुऱ्याउन नसक्नु, सबै समुदायमा सर्वे भवन्तु **सुखीनको भावना जागृत गर्न नसक्नु आदि ।**

### ३. चुनौती तथा अवसरः

राजनीतिक, जातीय आदी जस्ता सवालमा सन्तुलित सुरक्षाको वातावरण निर्माण गर्नु चुनौतीपूर्ण रहेकोछ ।नेपालको संविधानले सबै जात, धर्म, समुदायका मानिसलाई पूर्ण स्वतन्त्राताको अधिकार प्रदान गरेको, मानिसमा स्वतन्त्रताको उपभोग गर्ने बानीको विकास हुँदै जानु र पालिकाको भौतिक तथा योजना कार्यान्वयनमा देखिने सुरक्षात्मक समस्या समाधान गर्न सुरक्षाकर्मी राख्न पाउने अधिकार महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**४.१ सोचः**

स्वतन्त्र, सुरक्षित गाउँ, गाउँबिकासको आधार बनाउँ

**४.२ लक्ष्यः**

सहज रुपमा आर्थिक तथा सामाजिक काम गर्न स्वतन्त्र, सुरक्षित गाउँ निर्माण गर्ने ।

**४.३ उद्देश्यः**

विविध जात, धर्म, लिंगका मानिसको राष्ट्रिय भावना विकास गर्नु ।
सहज रुपमा आर्थिक तथा सामाजिक काम गर्न सक्ने स्थिति निर्माण गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| सभ्य समाज निर्माण गर्न गाउँबासीलाई उत्प्रेरित गर्ने । | गाउँबासीमा सूचना प्रविधिको विविध माध्यमबाट राष्ट्रिय भावनाको विकास गर्न उत्प्रेरित गरिनेछ ।<br>विभिन्न धार्मिक स्थलहरुको संरक्षण तथा प्रबर्धन गरिनेछ । |
| समाजमा द्वेष र अन्तरद्वन्द फैलाउनेहरुलाई कानुनको दायरामा ल्याउने । | गाउँभित्र मेलमिलाप र समन्वय हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>नगर प्रहरीको व्यवस्था गरी सुरक्षाको प्रत्याभूति गरिनेछ । |

## ८.४ शान्ति र सुव्यवस्था

### १. पृष्ठभूमि

गाउँपालिकामा शान्ति र सुव्यवस्था कायम राख्नु पालिकाको महत्वपूर्ण काम हो । सुरक्षा नभएमा विकास अभियानले गति लिन सक्दैन । शान्ति र सुव्यवस्था परिपूरक छन् ।

**२. प्रमुख समस्याः**

गाउँभित्र बेरोजगारी, जाँडरक्सीको उपभोग आदि शान्ति र सुव्यवस्था कायम राख्न आइपर्ने समस्या हुन्।

**३. चुनौती तथा अवसरः**

राजनीतिक तथा सामाजिका स्थायीत्व, सम्बन्ध कायम राखि राख्नु पालिकाको लागि महत्वपूर्ण चुनौती हो । विद्यमान गरिबी र अशिक्षालाई जित्नु पनि शान्ति तथा सुव्यवस्था कायम राख्न चुनौतीपूर्ण रहन गएको छ । स्थानीय सरकार संविधानबाट बनेको र स्थायी सरकार हुने संवैधानिक तथा कानुनी व्यवस्था भएकोले स्थानीय तहको शान्ति र सुव्यवस्था कायम राख्ने महत्वपूर्ण अवसर हुन गएको छ ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

शान्त र सुव्यवस्थित गाउँ, गाउँविकासको आधार

**४.२ लक्ष्यः**

गाउँपालिकालाई शान्तिपूर्ण र सुव्यवस्थित गाउँ बनाइनेछ ।

**४.३ उद्देश्यः**

गाउँबासी भातृत्व विकास गरी शान्ति तथा मैत्रीपूर्ण वातावरण निर्माण गर्नु ।
पालिका भित्रको घर जग्गा धनीसंग समन्वय गरी सुव्यवस्थित गाउँ निर्माण गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
| --- | --- |
| गाउँबासीलाई विभिन्न धार्मीक, सामाजिक सांस्कृतिक विषयमा वोध गराई शान्ति तथा मैत्रीपूर्ण वातावरण बनाउन उत्प्रेरित गर्ने । | गाउँबासीलाई विभिन्न स्थानको अवलोकन भ्रमण गराइनेछ ।<br>पालिका भित्रका धार्मिक, सामाजिक सांस्कृतिक पक्षको संरक्षण र सम्वर्धन गरिनेछ । |

## ८.५ नेतृत्व निर्माण

**१. पृष्ठभूमि**

नेतृत्व उत्पादनका साधन परिचालन गरी आर्थिक विकास गर्न आबश्यक हुन्छ । मानिसको चेतनाको विकास संगै स्थानीय जनताले अधिकारको माग गर्न थालेपछि विकेन्द्रीकरण सिद्धान्तको विकास भएको हो । राज्य शक्तिको अधिकार स्थानीय तहमा हस्तान्तरण भए संगै त्यसको कार्यान्वयनको लागि सवल नेतृत्वको आवश्यकता पर्दछ । नेतृत्वको निर्माण एकै दिनमा हुने विषय होइन । नेपालमा भएका विभिन्न आन्दोलनहरुले मानिसको आबश्यकता र चाहना बढ्दै गएको छ । गाउँबासीको शान्ति, सुरक्षा र विश्वसनीय वातावरण लोकतन्त्र र सुशासनको पूर्वसर्त हो । यस सम्बन्धमा सरकारको मुख्य काम स्थानीय जनतलाई सर्वसुलभ सेवा प्रदान गर्ने र कानुनको परिपालना गराउनु हो । त्यसैले पालिकाको नीति, नियमको कार्यान्वयन, पालिकाको सम्पत्तिको सुरक्षा लगायत काम गर्न आबश्यकता अनुसार सुरक्षा दस्ता राख्न सकिन्छ ।

१. पृष्ठभूमि

सवल नेतृत्व विकासको मुख्य आधार हो । गाउँको योजना बनाउने, कार्यान्वयन गर्ने जस्ता कामका लागि सवल नेतृत्वको आवश्यकता पर्दछ ।

२. प्रमुख समस्याः

सक्षम क्षमतावान युवा गाउँमा वसी जीवनयापन गर्न कठिन ठानी पलायन हुँदा गाउँको विकासमा नेतृन्व गर्न सक्ने युवा युवतीको अभाव समस्याको रुपमा लिन सकिन्छ ।

३. चुनौती तथा अवसरः

राजनीतिक तथा सामाजिका स्थायीत्व कायम राखी नेतृत्व गर्न सक्ने युवाको प्राप्ती गाउँपालिकाको लागि महत्वपूर्ण चुनौती हो । विद्यमान गरिबी र अशिक्षालाई जित्नु पनि शान्ति तथा सुव्यवस्था कायम राख्न चुनौतीपूर्ण रहन गएको छ ।

स्थानीय सरकार संविधानबाट बनेको र स्थायी सरकार हुने संवैधानिक तथा कानुनी व्यवस्था भएकोले स्थानीय तहको भूमीका बढेको छ । स्थानीय तहमा सामाजिक सेवाभाव भएका युवाहरु गाउँमा वस्न थाल्नु गाउँ विकासको लागि महत्वपूर्ण अवसर हुन गएको छ । यसले नेतृत्व निर्माणमा सघाउ पुग्दछ ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

२. प्रमुख समस्याः

नेतृत्व सम्बन्धी ज्ञानको कमी, अविस्वासको वातावरण आदि नेतृत्व निर्माणको समस्या हुन् ।

३. चुनौती तथा अवसरः

राजनीतिक, जातीय आदि जस्ता सवालमा सन्तुलित वातावरण निर्माण गर्नु चुनौतीपूर्ण छ ।

नेपालको संविधानले सबै जात, धर्म, समुदायका मानिसलाई पूर्ण स्वतन्त्राताको अधिकार प्रदान गरेको, मानिसमा स्वतन्त्रताको उपभोग गर्ने बानीको विकास हुँदै जानु र विभिन्न तालिम, गोष्ठि नेतृत्व निर्माणको अवसर हो ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोचः

सवल र सक्षम नेतृत्व, गाउँको विकासमा  अपनत्व ।

४.२ लक्ष्यः

गाउँको विकासका लागि सवल र सक्षम नेतृत्व निर्माण गर्ने ।

४.३ उद्देश्यः

योजना तर्जुमा, कार्यान्वयनमा नेतृत्व विकास गर्नु ।

गाउँवासीलाइ नेतृत्व विकासमा आकर्षित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| नेतृत्व विकासमा लाग्न स्थानीय जनतालाई उत्प्रेरीत गर्ने । | गाउँबासीलाई विभिन्न तालीम, गोष्ठि गरी नेतृत्व विकासमा उत्प्रेरित गरिनेछ । |
| सृजनशीलताको विकास गर्ने । | गाउँभित्रका युवाहरुले गरेको सृजनात्मक कामलाई प्रचारमा ल्याउन कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| गाउँवासीमा विश्वासको वातावरण निर्माण गर्ने । | सत्यकुरालाई प्रकाशपारी विश्वासको वातावरण निर्माण गरिनेछ । |

## ८.६ न्याय प्रणाली

### १. पृष्ठभूमि

न्यायपूर्ण समाज विना दिगो विकास गर्न सकिदैन । वर्तमान संविधान २०७२ को धारा २१७ ले दिएको अधिकार बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७-१ र ४७-२ बमोजिम स्थानीय सरकारले न्यायीक निरोपण गर्न सक्ने व्यवस्था गरिएको छ । यो नेपालको सन्दर्भमा स्थानीय सरकारको लागि नयाँ किसिमको कार्य जिम्मेवारी हो ।

यस गाउँपालिकामा आ.व. २०७५/०७६ मा दर्ता हुन आएका मुद्धाहरु १२ वटा मध्ये चोरी १, गाली बेइजती १, व्यक्तिगत जग्गामा ढल निकास १, बोक्सी आरोप र यातना १, खानेपानी मुल ३, खानीको उत्खनन संचालन १, अंश बण्डा १, मिलपत्र गराई पाउँ १, अन्य २ जिल्ला प्रशासन मार्फत, आ.व २०७६/०७७ मा दर्ता भएका मुर्दा संख्या १, ज्याला मजदुरी नपाएको सम्बन्धी १ आ.व २०७७/७८ मा दर्ता भएका मुर्दा संख्या १, लेनदेन सम्बन्धी मुद्दा रहेका छन् । यस पालिकामा न्याय सम्बन्धी निम्न काम गरिएको छ ।

न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई न्यायिक कार्यसम्पादनका लागि सहयोगी हुने खालका तालिमहरु सञ्चालन गरिएको छ । हरेक वडामा रहेका मेलमिलाप केन्द्रहरुमा आवश्यक पूर्वाधारको हस्तान्तरण तथा व्यवस्थापन कार्यक्रम संचालन गरि मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाउदै लगिएको छ ।न्यायिक समितिको सहज कार्यसम्पादनका लागि इजलास कक्षको व्यवस्थापन गरिएको छ ।न्यायिक समिति र मेलमिलाप केन्द्रको न्यायिक कार्य सम्पादनलाई तादत्य गराउन समिति र केन्द्रमा रहने न्यायीक कार्यमा क्रियाशिल व्यक्तिहरुलाई विभिन्न तालिम तथा अन्य व्यवस्थाहरु गर्दै आईएको छ ।कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह तथा अन्य प्रशासनिक लगायतका काम कारवाहीलाई प्रभावकारी एवं समय सापेक्ष बनाउनका लागि आवश्यक कानुन तर्जुमा तथा संशोधन गर्दै लगिएको छ । कार्यालयलाई आवश्यक पर्ने विभिन्न ६९ वटा ऐन नियम कार्यविधि तथा मापदण्डहरु निर्माण गरि पारित गरी कार्यान्वयनमा ल्याईएको छ ।

### २. प्रमुख समस्याः

कतिपय न्यायिक समितिको क्षेत्राधिकार बाहिरको मुद्धाहरु निवेदन परेको र पर्याप्त तालिम नभएको आदि समस्या छन् ।

### ३. चुनौती तथा अवसर

स्थानीय तहमा ज्ञान तथा अनुभवको कमी भएको हुँदा न्याय प्रति विश्वास दिलाउनु चुनौतीपूर्ण छ । न्यायीक क्षेत्र पालिकाको नजरमा कम प्राथमिकतामा विवादलाई मेलमिलापबाट समाधान गरिने हुंदा अनावश्यक खर्च नहुनर दुबै पक्षको जित हुने ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**४.१ सोचः**

न्यायपूर्ण जनताको आवाज, सव्य अनुशासित समाज

**४.२ लक्ष्यः**

न्यायमा स्थानीय जनताको सुलभ पहुंच पुऱ्याउने ।

### ४.३ उद्देश्य:

छिटो छरितो कम खर्चिलो न्याय प्रणालीको विकास गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय स्तरमा विवादले मेलमिलाप बाट समाधान गरी सभ्य समाजको निर्माण गर्ने । | वडा स्तरमा मेलमिलाप केन्द्र गठन गर्ने, मेलमिलाप कर्तालाई तालिमको व्यवस्थापन गर्ने अनुगमन कार्यलाई तीव्रता दिइनेछ । |

## ८.७ प्रशासकीय सुशासन तथा संस्थागत क्षमता विकास

### १. पृष्ठभूमि

सामान्य प्रशासन स्थानीय सरकारको मेरुदण्ड हो । गाउँपालिका भित्रका सम्पूर्ण प्रशासनिक काम यहीबाट सम्पादन गरिन्छ । गाउँपालिकाको मुख्य प्रशासनीक भवनलाई नागरिक मैत्री बनाईएको साथै शाखा व्यवस्थापनलाई मुख्य ध्यान दिईएको छ । गाउँपालिकाको आफ्नै पहिचान झल्काउनको लागि चन्द्रकोट गाउँपालिकाको आफ्नै छुट्टै लोगो निर्माण गरी कार्यान्वयनमा ल्याईएको र गाउँपालिकाको हरेक क्षेत्रमा सवैको क्रियाशिलता सवल एवम् सक्षम चन्द्रकोट भ्रष्टाचारमा शुन्य सहनशीलता भन्ने मुख्य नाराका साथ सार्वजनिक सेवा प्रवाह निरन्तर अगाडी बढाईएको छ ।

प्रत्येक वडामा व्यक्तिगत घटना दर्तातथा अन्य कार्यका लागि कम्प्यूटरमा आधारित रहेर सेवा प्रवाहका प्रदान गरिएको र गाउँपालिकाभित्रका सवै वडाहरुमा रहेका नागरिक वडापत्रहरु राखी त्यसलाई कार्यान्वयनमा ल्याईएको साथै गाउँ कार्यपालिकामा डिजिटल नागरिक वडापत्र व्यवस्था गरिएको छ ।सूचनाको हकको प्रत्याभूति गर्न गराउनका सामाजिक संजाल तथा अन्य संचार माध्यमबाट आवश्यक सूचनाहरु प्रवाह गरिएको साथै गाउँपालिकाबाट पारित विभिन्न ऐन तथा कानुनहरुलाई गाउँ कार्यपालिकाको वेवसाईटमा अध्यावधिक गर्दै लगिएको छ ।

गाउँ कार्यपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई आफ्नो काम कर्तव्य तथा जिम्मेवारी प्रति थप क्रियाशिल वनाउन समय समयमा विभिन्न निकायले संचालन गर्ने तालिम कार्यक्रममा सहभागी हुन पठाईएको साथै कार्यालयभित्रबाट पनि औपचारिक तथा अनौपचारिक तालिमको व्यवस्था गरिएको छ ।गाउँपालिकाभित्रको जनशक्ती एकिन गर्नको लागि कर्मचारी संगठन संरचना सर्भेक्षण सभावाट पारित गरी सम्बन्धित निकायमा स्वीकृतिका लागि पठाउन तयार गरिएको तथा तत्कालिन अवस्थामा कार्यान्वयनमा आएको संगठन तालिका अनुसार आवश्यक पदको पदपूर्तीको लागि सम्बन्धित निकायमा माग गरिएको छ ।

गाउँपालिकाभित्र हुनसक्ने विभिन्न घटनाको नियन्त्रण तथा विभिन्न अवाञ्छित क्रियाकलाप रोक्नका लागि नगर प्रहरीको स्थापनाको लागि आवश्यक कार्यविधि पास गरिएको छ । नेपाल सरकारको आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा व्यवस्था गरे बमोजिम आन्तरिक पर्यटन प्रवर्धन गर्नका लागि कर्मचारी तथा जनप्रतिनिधिहरुको आन्तरिक भ्रमण गरिएको थियो । गाउँ कार्यपालिकाबाट प्रवाह हुने सेवालाई नागरिकहरुको सहज पहुँचका लागि समय-समयमा वडा कार्यालयहरुमा एकीकृत घुम्ती सेवा संचालन गरिएको छ ।

आम नागरिकले गाउँपालिका प्रतिको सेवाप्रवाहको विषयमा सुझाव, सल्लाह, प्रतिक्रिया, समर्थन तथा गुनासो प्रकट गर्ने माध्यमको रुपमा गाउँपालिकाको आधिकारीक सामाजिक संजाललाई थप व्यवस्थीत बनाउँदै एकिकृत सामाजिक

सूचना प्रवाहको माध्यमका रुपमा स्थापित गरिएको छ । आम नागरिकको सूचना पाउने हकलाई स्थापित गर्न सुचना अधिकारीको व्यवस्था साथै नागरिकहरुको गुनासोहरु गुनासो सुन्ने अधिकारी मार्फत् तत्कालै सम्बोधन गर्ने व्यवस्था मिलाईएको छ र सेवा प्रवाहलाई मुस्कान सहितको नीति अनुरुप कर्मचारी र जनप्रतिनिधिहरु जनताका सेवक हुन् भन्ने अनुभूती हुनेगरी सेवा प्रवाह संचालन गरिएको छ ।

**सूचना प्रविधिको प्रयोग र स्थानीय सेवा प्रवाह स्थिति तल उल्लेख गरिएको छ ।**

१. गाउँपालिकाको कार्य सम्पादनलाई छिटो-छरितो, पारदर्शी, गुणस्तरीय र प्रबिधिमैत्री बनाउन स्थानीय तहबाटै सुदृढीकरणको लागि विभिन्न कार्यहरु गरिएको।

२. सेवाग्राहीको लागि जारी गरिने नागरिक वडापत्रलाई अध्यावधिक गरी सबै तह र वर्गको पँहुचमा पुऱ्याउनको लागि सूचना बोर्ड, सामाजिक संजाल तथा वेवसाइट मार्फत जानकारी गराई नागरिकको सूचनामा सहज पुऱ्याएको साथै गाउँपालिकाको हरेक सूचना तथा समाचार, बार्षिक कार्यक्रम, वडा कार्यालयको बिवरण, मासिक, चौमासिक तथा बार्षिक प्रतिवेदन, आय-व्यय विवरण, सार्वजनिक सुनुवाई, ऐन कानुन तथा निर्देशिका, कर तथा शुल्कहरुको बिवरण वेबसाइटमा राख्ने व्यवस्था गरिएको।

३. गाउँपालिकाको बिकासको क्रममा नागरिक स्तरबाट आउने जनगुनासो, सेवाग्राही तथा कर्मचारीको गुनासो सुनुवाई तथा सकारात्मक सुझाबहरु संकलन तथा कार्यान्वय गर्नको लागि बिधुतीय प्रणाली सेवा तथा अन्य उपयुक्त माध्यमको व्यवस्था गरी गुनासो सुन्ने जिम्मेवार अधिकारीको काम कारबाहीलाई व्यवस्थापन गरिएको।

४. गाउँपालिकाबाट कार्यान्वयन हुने योजना, कार्यक्रमका वित्तीय जोखिम न्यूनीकरणको लागि निर्माण र खरिद प्रक्रियालाई बढी पारदर्शी र प्रतिस्प्रधात्मक बनाउन बार्षिक खरिद योजना गराई E–Bidding लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईएको।

५. गाउँपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र स्कुलहरुमा संचालनमा रहेका बिधुतीय हाजिरी प्रणाली लाई व्यवस्थित गरिएको।

६. आर्थिक प्रशासन शाखा तथा भण्डार शाखाको कार्यलाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी तथा प्रबिधिमैत्री बनाउन व्यवस्थापन सफ्टवेयर प्रणाली -SUTRA, EFT, PAMS) को प्रयोग गर्ने गरिएको।

७. यस गाउँपालिकाको महत्वपूर्ण स्थान शान्तिपुर तथा मजुवाको ब्यस्त बजार क्षेत्रमा निगरानी तथा सुरक्षा व्यवस्थापन गर्नको लागि सी.सी क्यामेरा जडान गरी उक्त कार्यका लागि आवश्यक ब्याकअपको व्यवस्थापन गरिएको।

८. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान को कार्य गरिएको।

९. गाउँपालिकाको समग्र विवरण संकलन गर्न डिजिटल भिलेज प्रोफाईल (Digital Village Profile) निर्माण कार्य सम्पन्न गरि गाउँपालिकाको तथ्याङ्कीय विवरणलाई वेवसाईट मार्फत सार्वजनिक गर्ने कार्य अन्तिम चरणमा रहेको।

**सेवा प्रवाह पूर्वाधार स्थिति**

- यस गाउँपालिका अन्तर्गत वडा नं ६ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ।
- प्रदेश सरकारसँगको साझेदारी मार्फत बहुउद्देश्यीय सभाहल निर्माण कार्य सम्पन्न गरिएको छ।

- चन्द्रकोट गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागी ठेक्का प्रक्रियाबाट अगी बढी सम्झौता गर्ने कार्य सम्पन्न भएको छ ।
- यस गाउँपालिका भित्र विभिन्न आमा समूह, क्लब, सहकारी, सार्बजनिक  गरि ५१ भवन निर्माण गरिएको छ ।

२. **प्रमुख समस्याः**

- स्थायी संस्थागत संरचनाको निर्माण र परिपाटीको अभाव
- प्रर्याप्त दक्ष विशिष्टीकृत ज्ञान सीप क्षमता योग्यता भएको जनशक्तिको कमी
- समय समयमा केन्द्रको निर्देशनमा एकरुपता नहुनु ।

**२.१ कार्यसम्पादनको संक्षिप्त विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ गठन भएको यस विधायन समिति मुख्य कार्य नेपालको संविधान (२०७२) को अनुसूची ८ र ९ मा उल्लेख अधिकार क्षेत्र भित्रका विषयहरुमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनाइने ऐन, नियम, कार्यविधि, मापदण्ड तथा आदेश लगायतका कानून निर्माणमा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने नै हो। यस समितिले आफ्नो कार्यकालमा २२ वटा ऐन, ४ नियमावली, ५१ कार्यविधि, निर्देशिका-१ र १ वटा मापदण्ड निर्माण गरेको छ ।

**२.२ विधायीकी समितिले कार्यसम्पादन गर्दा महसूस गरेका समस्याहरु**

नेपाल सङ्घीय शासन व्यवस्थामा रुपान्तरण भएसँगै स्थानीय सरकारको अभ्यास भएको समेत करिव पाँच वर्ष पुग्नै लागेको छ। स्थानीय सरकारलाई संविधानतः नै विधायीकी अधिकार समेत दिएको छ। चन्द्रकोट गाउँपालिका, गुल्मीमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ बमोजिम गठन भएको विधायीकी समितिले कानून निर्माण गर्दा भोग्नु परेका तथा महसूस गरेका समस्याहरुलाई निम्नानुसार उल्लेख गरिएको छ।

- कानुन निर्माण विषय प्राविधिक र सम्बन्धित विषयसँग दखल भएको विषयविज्ञको आवश्यक पर्ने विषय भएतापनि कानुन निर्माण गर्दा कुनै सम्बन्धित विषयविज्ञलाई Hire गर्ने नसकिएको भने अर्को तर्फ कानुन सम्बन्धी दरवन्दी र कर्मचारी कुनै पनि नरहेको।
- कानुन निर्माण Rule या Law को पहिलो शर्त हो। गाउँपालिकाले कानुन निर्माणमा कुनै पनि वित्तिय व्यवस्था गर्न नसकेको।
- निर्माण भएका कानुनको अभिलेखिकरण, सुरक्षा र कार्यान्वयन पक्षलाई सवल गराउन नसकिएको।
- कानुन निर्माण प्रक्रिया विषय आफैमा भविष्यदर्शी र गहन विषय हो। यसलाई सरल र वर्तमान परिपेक्षमा मात्र बुझिएको।
- कानुन निर्माण प्रक्रियामा सहभागिता र अपनत्वयको अभाव।

३. **चुनौती तथा अवसर**

**चुनौती**

तथ्यमा आधारित संस्थागत पक्रियाको थालनी आवधिक योजना तथा वार्षिक योजना र संघ तथा प्रदेश योजनासंग तादम्यता कायम गर्न प्रतिस्पर्धा वा लाभका योजना वा क्षेत्र पहिचान गर्न नतिजामुखी योजना तर्जुमा गर्न नागरिकको

बढ्दो आकांक्षा विकासप्रतिको आवश्यकतालाई व्यवस्थापन गर्न संस्थागत तथा सामुहिक क्षमताको विकास गर्न निजी क्षेत्रको लगानी आकर्षित गर्न विकासमा सबै जात-जाती, समुह, लिङ्ग, वर्गको समान समतामुलक पहुंचको व्यवस्थापन गर्न वढ्दो जनअपेक्षा अनुरुप चुस्त दुरुस्त रुपमा ICT board सेवा प्रवाह गर्ने काम चुनौतीपूर्ण छ ।

**अवसर**

योजना तर्जुमा अधिकार समेतको स्थानीय सरकार संचालन ऐनको व्यवस्था देश संघीयतामा आय पछिको पहिलो स्थानीय सरकार र सरकारमा राम्रो काम गर्ने हौसला अनि आत्मविश्वासमा बृद्धि घरधुरी संकलनबाट तथ्याङ्कको आधार तयार हुनु, योजनावद्ध विकासमा स्थानीय सरकारको चासो विश्व बजारमा उपलब्ध विभिन्न प्रविधि सूचना प्रविधिको विकास र विस्तार गर्ने अवसर हो ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

प्रविधिमा आधारीत दक्ष जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरिक सन्तुष्टिमा अभिबृद्धि ।

### ४.२ लक्ष्यः

गाउँको सेवा प्रवाहलाई ICT board छरितो र चुस्त बनाई नागरिक सन्तुष्टी बढाउने ।

### ४.३. उद्देश्यः

क. ICT based (service provide) सेवा प्रवाह गर्नु ।
ख. विषयगत शाखाहरुको प्रभावकारी व्यवस्थापन गर्नु ।
ग. सबै शाखाहरुको कार्य विभाजन गर्नु ।
घ. सबै कर्मचारीमा सीप दक्षता अभिवृद्धि गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| सबै विषयगत शाखाहरुलाई प्रविधि मैत्री बनाउने । | सबै शाखाहरुमा कम्प्युटर लगायतका यन्त्रहरु जडान गरिनेछ ।<br>गाउँपालिकाको कर्मचारीहरुलाई कम्प्युटर लगायतका सेवा प्रवाह सम्बन्धि तालीम दिलाइनेछ ।<br>आन्तरिक काम तथा सेवा प्रवाहका सबै क्षेत्रका कामलाई प्रविधि युक्त बनाइनेछ । |

### ५. अपेक्षित उपलब्धि र लक्ष्य सूचक

| क.सं. | सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | पालिका अन्तर्गत क्रियाशील शाखा, उपशाखा, इकाइ, सेवा केन्द्रहरु | संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| २. | पालिकामा कार्यरत जनशक्ति : अधिकृत तह र सोभन्दा मुनी | संख्या | ७३ | ७३ | ७३ | ७८ | ९० | ९० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | पालिकामा कार्यरत प्राविधिक जनशक्ति (स्थायी र अस्थायी) | संख्या | १० | १० | १० | १४ | १४ | १५ |
| ४. | कार्यसम्पादन करार गरिएका कूल कर्मचारी | संख्या | २ | ८ | ८ | ८ | ८ | ८ |
| ५. | कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | संख्या | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ६. | संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार पदपूर्ति गर्नुपर्ने कर्मचारी | संख्या | १६ | १० | १० | ६ | ० | ० |
| ७. | प्रति एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | घण्टा | ०.५ | ०.५ | ०.५ | ०.४ | ०.४ | ०.३५ |
| ८. | क्षमता विकास कार्यक्रमवाट लाभान्वित जनप्रतिनिधि र कर्मचारी | संख्या | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ |
| ९. | संस्थागत क्षमता स्वमूल्याङकनमा प्राप्ताङक | प्राप्ताङक् | ७३.५ | ७५ | ७८ | ८१ | ८५ | ९० |
| १०. | उत्कृष्ट कार्यसम्पादन गरेवापत पुरष्कृत कर्मचारी | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ११. | पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भवन | संख्या | ६ | ६ | ७ | ७ | ८ | ८ |
| १२. | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| १३. | क्रियाशील नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा वजेट तर्जुमा अनुगमन आदि) | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |
| १४. | क्रियाशील विषयगत समिति, उपसमिति हरुको संख्या | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| १५. | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ |
| १६. | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | १ | २ | ३ | ३ | ३ | ३ |
| १७. | हल्प डेष्कवाट लाभान्वित सेवाग्राही | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १८. | पालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछ्यौंट | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १९. | कूल दर्ता मध्ये न्यायिक समितिवाट फछ्यौंट भएका मुद्दाहरु | प्रतिशत | ७० | ८० | ८० | ९० | १०० | १०० |
| २०. | उपलब्ध अनलाइन सेवाका प्रकारहरु निवेदन, सिफारिस, पञ्जीकरण....) | संख्या | २ | ३ | ४ | ४ | ४ | ५ |
| २१. | अनलाइन सेवावाट लाभान्वित सेवाग्राही | प्रतिशत | ९२ | ९२ | ९५ | ९८ | ९८ | ९८ |

## ८.८ जन्म तथा घटना दर्ता

### १. पृष्ठभूमि

व्यक्तिगत घटना दर्ता सबै नागरीकको लागि महत्वपूर्ण हुन्छ । यसमा सरकार र जनता दुबै चनाखो हुनु पर्दछ । अनागरिकले नागरीकता लिएमा देशमा समस्या पर्दछ अतः यो गैरकानूनी काम हो । गाउँपालिका अन्तर्गतका वडा सचिवहरुलाई स्थानीय पञ्जीकाधिकारी तोकी वडा कार्यालयमा व्यक्तिगत घटना दर्ता गर्ने कार्य गरिन्छ । यस सम्बन्धी पालिकाले गरेको काम तल उल्लेख गरिएको छ ।

**पञ्जीकरण व्यवस्थापन तथा स्थानीय तथ्याङ्क संकलनतर्फ**

१. पुराना व्यक्तिगत घटनाका दर्ता किताव डिजिटाईज गरी तत्पश्चात् हुने व्यक्तिगत घटना दर्ता पूर्णरुपमा अनलाईन प्रणाली मार्फत गराउँदै लगिएको। हाल वडा नं. ४ र ८ बाट अनलाईन घटनादर्ता कार्यक्रम संचालन गरिएको।

२. सामाजिक सुरक्षा भत्ता पूर्ण रुपमा बैङ्क्ङि प्रणाली मार्फत गर्ने कार्यलाई व्यवस्थित गराईएको।

३. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सम्बन्धी आवश्यक सुचनाहरु प्रवाह गर्ने विभिन्न संचार माध्यमहरु (रेडियो, पत्रपत्रिका, टेलिभिजन आदि) प्रयोग गरी सार्बजनिक सूचना मार्फत नागरिकहरुलाई शुसुचित गरिएको।

४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गर्नका लागि समय समयमा सम्बन्धित निकायबाट परामर्श लिदै नागरिकलाई छोटो समयमा आवश्यक सेवा प्रदान गरिदै आएको।

५. जनशक्तिलाई विकास गराउनको लागि सम्बन्धित कार्यक्षेत्रमा आवद्ध कर्मचारीहरुलाई आवश्यकताका आधारमा तालिम तथा सेमिनारहरुमा सहभागी गराई उनिहरुको कार्यक्षमतालाई बृद्दि गरिएको।

**२. प्रमुख समस्याः**

क. वडा कार्यलयबाट Online मार्फत व्यक्तिगत घटना दर्ता भईरहेको समयमा Net & Serverमा समस्या देखिइनु ।
ख. वडा कार्यालयहरु अनलाईन प्रक्रियामा जाँदा सबै कार्य सचिवले एक्लैले गर्न नसक्नु ।
ग. सामाजिक सुरक्षाको क्रममा नेपाल सरकारबाटै अन्यौलका पत्र आउनु जस्ले एउटै कार्य बारम्बार गरी रहन पर्ने ।

**३. चुनौतीः**

क. Net & Server मा समस्या हुँदा घटना दर्तामा समस्या देखा पर्नु ।
ख. कार्यविधि एक किसिमको बनाएर लागु गर्ने तर केही समयमै कार्यविधि परिवर्तन गरिदिंदा अन्यौल बढ्नु

**अवसरः**

क. सबै घटना दर्ता अनलाइन हुंदा समयको बचत हुने ।
ख. सामाजिक सुरक्षा बैंकिङ्ग प्रणालीमा जाँदा दोहोरो सुविधाबाट मुक्त ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

तत्काल जन्म तथा घटना दर्ताको प्रचलन, नागरिक अधिकार नियमन ।

**४.२ लक्ष्यः**

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा अनलाईन प्रणालीमा सफल बनाउने ।

**४.३ उद्देश्यः**

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा अनलाईन प्रणालीबाट सञ्चालन गर्ने ।

**४.४ रणनीति तथा कार्यनीतिः**

| रणनीति | कार्यनीति |
|---|---|
| क. सबै किसिमको घटना दर्ता अनलाईन मार्फत पार्ने । | क. घटना दर्ता अनलाईनमा सफल पार्न वडा सचिवहरुलाई तालिम प्रदान गरिनेछ । |
| ख. सामाजिक सुरक्षा दोहोरो भत्ता प्रणालीको अन्त्य गर्ने । | ख. सामाजिक सुरक्षा दोहोरो भत्ता प्रणालीको अन्त्य गर्न बैंकसँग सहकार्य गरि भत्ता वितरण गरिनेछ । |
| ग. डिजिटाइजेशन कार्य समापन गर्ने | ग. डिजिटाइजेशन कार्य समापन गर्न सेवा प्रदायकसँग समन्वय गरिनेछ । |

## ८.९ वित्तीय सुशासन

### १. पृष्ठभूमि

नेपालमा स्थानीय सरकारको वित्तीय स्थिति दवावमा नै रहेको पाइन्छ । वित्तीय अभावमा रहेको सरकारलाई व्यवस्थापकीय सुधार गर्न कठिनाई हुन्छ । अर्कोतर्फ तल्लो तहको सरकारको आम्दानी बेलोचदार प्रकृतिको हुने भएकोले वित्तीय विज्ञहरुले घाटा बजेट नबनाउन सुझाएका छन् । यसले गर्दा स्थानीय सरकारलाई जनचाहना अनुसार योजना छनौट गरि लगानी गर्न ठूलो समस्या परेको पाइन्छ । यद्यपी तल्लो तहको सरकारलाई खर्चको अभाव हुनु भन्दा उनीहरुले जथाभावी खर्च गर्नु वा खर्च नगरि बस्नु बढी नराम्रो हो भन्ने मान्यता अनुसार अन्तर-सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को परिच्छेद ८ को  दफा २५ देखि ३२ सम्म वित्तीय अनुशासन सम्बन्धि कानुनी व्यवस्था गरिएको छ । वित्तीय अनुशासन स्थानीय सरकारको सम्पूर्ण काम, कर्तव्य र अधिकारको कार्यान्वयन गर्दा परिपालना गर्नु पर्ने कानुनी व्यवस्था हो । उक्त सन्दर्भमा यस पालिकाको स्वच्छ, दुरुस्त, अनुशासीत वित्तीय प्रशासन भएमा नागरिक स्वयं पनि जिम्मेवार भई दिगो आर्थिक विकासको महत्वपूर्ण आधार बन्न सक्दछ ।

### २. प्रमुख समस्याः

क. राजस्व परिचालन सम्बन्धी स्पष्ट संरचना नहुनु ।

ख. राजस्व शाखामा पर्याप्त जनशक्तिको व्यवस्था गर्न नसक्नु ।

ग. करदातामा कर तिर्ने बानीको विकास नहुनु ।

### ३. चुनौतीः

क. राजस्व सम्बन्धी संगठनात्मक संरचनाको निर्माण गर्नु ।

ख. जनशक्तिको व्यवस्था गर्नु ।

ग. करदाताको कर तिर्ने बानीको विकास गर्नु ।

### अवसरः

क. गाउँपालिकाले आफै कर कानुन बनाउन पाउने अधिकार ।

ख. जनचेतनाको विकास हुनु ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

वित्तिय अनुशासनमा बृद्धि, गाउँबासीको आर्थिक समृद्धि ।

#### ४.२ लक्ष्यः

दक्ष र प्रभावकारी रुपमा अधिकतम राजस्व परिचालन गरी गाउँबासीको आर्थिक समृद्धि गर्ने ।

#### ४.३ उद्देश्यः

आन्तरिक राजस्व परिचालनको अंश बढाउनु ।

खर्चमा मितव्ययीता अपनाउनु ।

कर प्रशासनलाई डिजिटाइजेशन गर्नु ।

४.४ रणनीति तथा कार्यनीतिः

| रणनीति | कार्यनीति |
|---|---|
| क. आन्तरिक राजस्वको अंश बढाउने । | क. कर तथा गैर कर राजस्वको दायरा बढाई आन्तरिक राजस्वको आकार बढाइनेछ । |
| ख. स्थायी साधनको विकास र विस्तारमा जोड दिने । | ख. स्थायी साधनको विकास र विस्तारमा जोड दिई करदाताको कर तिर्ने चाहनामा अभिबृद्धि गरिनेछ । |
| ग. राजस्व परिचालन पद्दतीलाई डिजिटाइजेशन गर्ने । | ग. सबै करदाताले अनलाइन विधिबाट कर तिर्न सक्ने व्यवस्था मिलाइनेछ । |
| घ. बेरुजु मुक्त पालिका बनाउने । | घ पालिकाका सबै आर्थिक कारोबारको फछ्र्यौट तत्काल गर्ने व्यवस्था मिलाइनेछ । |

### ५. अपेक्षित उपलब्धि र लक्ष्य सूचक

| क.सं. | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८० /८१ | २०८१ /८२ | २०८२/ ८३ | २०८३/ ८४ |
| १२. | पालिकाको कूल वार्षिक वजेट | रु.करोड | ४८.४१ | ५१ | ५३ | ५५ | ५८ | ६१ |
| १३. | प्रतिव्यक्ति बजेट खर्च | रु.हजार | २३.०५ | २५ | २७ | २९ | ३० | ३२ |
| १४. | कूल वजेटको वास्तविक खर्च | प्रतिशत | ८२.५२ | ८३ | ८३ | ८४ | ८६ | ८९ |
| १५. | कूल वजेटको पूँजीगत खर्च | प्रतिशत | ८१.६६ | ८५ | ८७ | ८७ | ड८९ | ९० |
| १६. | लैङ्गिक उत्तरदायी वजेट विनियोजन | प्रतिशत | १० | १० | १० | १० | १२ | १२ |
| १७. | सङकलित कर राजस्व र गैरकर राजस्वको (कर राजस्व : गैरकरराजस्व) | अनुपात | ६:५ | ६:५ | ५.५:४.५ | ५.५:४.५ | ५.५:४.५ | ५.५:४.५ |
| १८. | कूल वजेटमा वाह्य श्रोतको हिस्सा | प्रतिशत | ९८.१८ | ९८ | ९७ | ९७ | ९६ | ९५ |
| १९. | कूल वेरुजु मध्येको फछ्र्यौट रकम | प्रतिशत | | | | | | |
| २०. | आयोजना कार्यान्वयनमा उपभोक्ता समूहको योगदान हिस्सा (वार्षिक कूल खर्चमा) | प्रतिशत | ० | १० | १० | १० | १० | १० |
| २१. | सम्भावित करदाताहरु मध्येमा नियमित कर भुक्तानी गर्ने करदाता संख्या | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० |
| २२. | समानीकरण अनुदान (संघ) | रु. हजारमा | ११४,४०५ | १२२,३०५ | १३४,२०८ | १४९,०१० | १५८,९११ | १७२,२६४ |
| १२. | समानीकरण अनुदान प्रदेश | रु. हजारमा | ५,३६१ | ६,०७५ | ६,५३५ | ७,१६४ | ७,६८१ | ८,२७३ |
| १३. | राजश्व बाँडफाड र अन्य राजश्व (संघ, प्रदेश, स्थानिय) | रु. हजारमा | ८९,९१९ | ९७,०४४ | ११५,९७८ | १३१,२५४ | १४४,२८३ | १६१,३८८ |
| १४. | र्सत अनुदान (संघ, प्रदेश) | रु. हजारमा | ३५१,३८० | ३६४,१७९ | ४३४,७५२ | ४९०,५९१ | ५३२,२७७ | ५९५,४८३ |
| १५. | समपुरक अनुदान र बिशेष अनुदान (संघ, प्रदेश) | रु. हजारमा | ५७,६७६ | ७०,४२९ | ८७,३४० | १०१,४७९ | ११७,४६६ | १३२,२२१ |
| १६. | अन्यतकार्यक्रम अनुदान | रु. हजारमा | २३,४७४ | ३१,९२४ | ३५,६७१ | ४२,५५४ | ४७,३४७ | ५३,५३२ |

# परिच्छेद - नौं
# अन्तरसम्बन्धित विषय

## ९.१ पृष्ठभूमि

विकास योजनाहरु अन्तरसम्बन्धित हुन्छन् । गरिबीको स्थिति तथ्यांकबाट बोध गरिन्छ भने यसको निवारण आर्थिक तथा सामाजिक पक्ष संग जोडिएको हुन्छ । आर्थिक विकासका लागि रोजगारी, रोजगारीबाट स्वास्थ्य र शिक्षा प्रवर्धनमा सहयोग आदि । यसरी जेलिएको अन्तरसम्बन्ध जोड्न स्वायत्तताको भूमीका हुन्छ । यसबाट स्वायत्तता संगै साझा लक्ष्य संग जोडिएको अन्तरसरकारी सम्बन्ध दिगो र उर्वरशील हुन्छ । यसको मुख्य उद्देश्य सार्वजनिक विकास र सेवाप्रवाहलाई क्षमता र प्रभावकारीताको आधारमा दक्ष र प्रभावकारी बनाउनु रहेको हुन्छ ।

अर्न्तरसरकारी सम्बन्धले तहगत सरकारहरुबीच उत्पन्न हुनसक्ने विवाद र गलत प्रतिस्पर्धालाई हटाई अन्तरनिर्भरताबाट प्राप्त गर्न सकिने लाभका आधारमा साझा लक्ष्य प्राप्त गर्न सघाउ पुग्दछ । यसबाट तुलनात्मक लाभको सिद्धान्तका आधारमा उपलब्ध साधनहरुलाई संगसंगै उच्चतम परिचालन गरी आर्थिक तथा सामाजिक विकास गर्न सकिन्छ । साधनहरुको उच्चतम परिचालन गर्न अर्न्तरसरकारी सम्बन्धलाई प्रजातान्त्रिक, संवैधानिक, वित्तीय र आदर्श दृष्टिकोण (approach) बाट जोड्न सकिने अवधारणा रहेको पाइन्छ । प्रजातान्त्रीक दृष्टिकोणमा मन नपरेको अबस्थामा बाहिरीन सकिने अवसर हुन्छ । संवैधानिक प्रक्रियामा तहगत सरकारहरुको सम्बन्धलाई जोड्ने औजार संविधान तथा कानुनहरुमा उल्लेख गरिएको व्यवस्था हो । वित्तीय पक्रियामा वित्तीय दृष्टिबाट हेरिन्छ र कुन सरकार संग के कति वित्तीय उत्तरदायित्व र स्रोत छ सोही आधारमा हेरिन्छ । यस आवधिक योजना निर्माण प्रकृयामा विषयगत क्षेत्रको भौतिक, सामाजिक, सांस्कृतिक, संस्थागत, राजनीतिक मुल्यका अलावा प्राविधिक सिमा र भौगोलिक कारणबाट सरकारहरुबीच सम्बन्ध जोड्ने आधार खोजिएको छ ।

देशको समष्टिगत लक्ष्य समय सीमा भित्र हासिल गर्नका लागि तहगत सरकारले अन्तरसम्बन्धित क्षेत्र बीच समन्वयात्मक रुपमा स्रोतको आधारमा उद्देश्य, नीति, रणनीति, कार्यनीति निर्धारण गर्नु पर्दछ । यसरी समन्वय गर्न विकेन्द्रीकरणको स्वरुप अनुसार अधिकार तल्लो तहमा हस्तान्तरण गर्ने र सन्नीकटताको सिद्धान्त अनुसार तल्लो तहको सरकारको क्षमता अनुसार आफुले नसक्ने काम माथिल्लो तहमा पठाउन सकिन्छ । यस अनुसार कार्यान्वयनको अधिकार हस्तान्तरण गर्दा एकातर्फ दक्षतापूर्ण कार्यान्वय हुन्छ भने अर्कोतर्फ कार्यान्वयनमा संलग्न अधिकारीहरु सन्तुष्ट भई अपनत्वको आधारमा काम गर्दा कामको प्रतिफल प्रभावकारी हुन्छ । तसर्थ, अधिकार र जिम्मेवारी हस्तान्तरणको लागि यहि सिद्धान्त नै दुई वा दुई भन्दा बढी विषय क्षेत्रको कामलाई समन्वय गर्ने मुल सैद्धान्तिक आधार हो ।

नेपालको संविधानको धारा ५६ अनुसार गठन भएको संघ, प्रदेश र स्थानीय तहको सरकारको सम्बन्ध जोड्ने मुल आधार संविधानको धारा २३२ मा व्यवस्था गरिएको सहकारीता, सहअस्तित्व र समन्वय हो । संविधानमा यी तीनै तहको सरकारको काम साझा र स्वतन्त्र रुपमा सम्पन्न गर्ने गरी अनुसूची ५ देखि ९ सम्म अधिकारहरु निर्दिष्ट गरिएको छ । नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न संघ, प्रदेश र स्थानीय तह ( समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ जारी गरी लागु भएको छ । संविधानमा व्यवस्था भएको अधिकार क्षेत्रहरु भित्र रही नीति र योजना बनाउँदा एउटा तहको सरकारले अर्को तहको सरकारको अधिकार क्षेत्रलाई ध्यान दिनु पर्ने कुरा यस ऐनको परिच्छेद ३ मा उल्लेख गरिएको छ । ऐनको दफा २ (छ) मा लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माणलाई अर्न्तरसम्बन्धको एउटा आधार मानिएको छ । यसका अलावा एकल अधिकारको क्षेत्रमा कानुन बनाउँदा संविधान बमोजिम शर्त वा मापदण्ड पालना गर्नुपर्ने दफा ५ (२) र दफा ७ (ख)

मा संघले बनाएको नीति वा मापदण्ड बमोजिम हुने व्यवस्था उल्लेख गरिएको छ । दफा १५ मा संघ, प्रदेश र स्थानीय तहले सहकार्य र सूचना आदान-प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ ।
अर्न्तरसरकारी सम्बन्धको विषय एउटै तहको सरकारको विषयगत कार्यालयको क्षेत्रगत सम्बन्ध संग जोडिएको विषय हो । विषयगत कार्यालयहरु बीच कतिपय सवालमा क्षेत्रगत सम्बन्ध हुन्छ । जस्तै तथ्यांक प्रणाली, गरीवी निवारण, श्रम तथा रोजगारी, वातवरण, जलवायु परिवर्तन आदि विषय बीच उर्ध्वगामी र क्षितीजीय सम्बन्ध हुन आबश्यक छ । एकीकृत तथ्यांकको व्यवस्थापनले तहगत सरकारको लक्ष्य संगको तादम्यता मिलाउन सहयोग गरेको हुन्छ भने गरीवी निवारण, श्रम तथा रोजगारी, वातवरण, जलवायु परिवर्तन आदि विषय एक आपसमा परिपूरक हुन्छन् । उक्त सन्दर्भमा यी विषयहरुलाई तल उल्लेख गरिएको छ ।

## ९.२ तथ्यांक प्रणाली

### १. पृष्ठभूमि

नेपालको संविधानमा तथ्यांकीय अधिकार सम्बन्धि व्यवस्था गरिएको छ । स्थानीय सरकार अर्न्तरगतका कार्यालयहरुले आ–आफ्नो कार्यालयको तथ्यांक उत्पादन गरेको हुन्छ । ती कार्यालयहरुबाट उत्पादित तथ्यांक स्थानीय सरकारको नीति तथा कार्यक्रम, अनुगमन र मुल्यांकनका साथै दिर्घकालीन सोच, दिगो विकास लक्ष्य तथा अन्य संबैधानीक तथा कानुनी रुपमा काम, कर्तव्य र अधिकार अनुसार कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्नका लागि वस्तुगत आधार बन्न सक्नेछन् । यसका लागि स्थानीय सरकारले वस्तुगत विवरण -(पार्श्व चित्र) बनाउने परम्परा स्थापित भई सकेको अबस्था छ । कुनै पनि योजना जनताको आर्थिक तथा सामाजिक विकासको लागि तर्जुमा गरिन्छ । स्थानीय जनता त्यस ठाउँको विकासको साधन र साध्य दुबै हो । यस अर्थमा स्थानीय जनताको तथ्यांक योजना तर्जुमा गर्नका लागि महत्वपूर्ण हुन्छ । तसर्थ, जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद जस्ता मानिसका व्यक्तिगत घटनाहरुको दर्ता स्थानीय निकायले गर्ने गर्दछ । यस सम्बन्धी दर्ता प्रक्रियाबाट स्थानीय स्तरमा जनसंख्याको आकार, बनोट आदिको तथ्याङ्क तत्काल उपलव्ध हुने हुनाले स्थानीय निकायलाई योजना तर्जुमा तथा कार्यान्वयनमा सघाउ पुऱ्याउँदछ ।
